



# नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्धुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

आइतबार, असार २५, २०७४ | Sunday, July 9, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला थ्व: १५ | वर्ष २३, अंक १८० | पृष्ठ १२ | मूल्य रू. १०/–








## भन्सारमा रोकिए ट्रक

महोत्तरी, (नेस)

भारतमा लागू भएको नयाँ वस्तु एवम् सेवा कर प्रणाली (जीएसटी) का कारण यो जिल्लासँगै जोडिएको भारतको भिठ्ठामोड नाकामा शनिबार मालवाहक ट्रक रोकिएको पाइएको छ।

भारतीय भन्सारले शुक्रबारदेखि नै आलु, प्याज, मसलालगायत विभिन्न उपभोग्य सामग्री बोकेका २६ वटा ट्रक भिठ्ठामोड नाकामा रोकेको छ। भारतको बरौनीबाट नेपालका लागि ७६ हजार लिटर पेट्रोल र ३ लाख लिटर डिजल बोकेर आएका १८ वटा ट्यांकरसमेत भन्सारमा रोकिएका छन्।

भारतले जुन ३० तारिखदेखि लागू गरेको नयाँ कर प्रणालीका कारण गत शनिबारदेखि सीमा नाकामा नेपाल आयात गर्न लागिएको विभिन्न सामान थन्किएको छ।

# शवदाह गृह बन्द

## त्यसको बहानामा पशुपति क्षेत्र विकास कोषका ९ जना कर्मचारी कोलकातामा रमझम गर्दै

मधुसूदन रायमाझी, काठमाडौं

पशुपति क्षेत्र विकास कोषले दुई वर्षअघि सञ्चालनमा ल्याएको इलोक्ट्रोनिक शवदाह गृह बन्द भएको छ। मेसिनमा खराबी आएपछि दुवै शवदाह गृह बन्द भएका हुन्। शवदाह गृह बन्द भएको बहानामा पशुपति क्षेत्र विकास कोषले ९ जनाको टोलीलाई घुम्न भारतको कोलकाता पठाएको छ। पशुपति क्षेत्र विकास कोषले भारतको कोलकातास्थित इन्टोमेन कम्पनीसँग खरिद गरेको मेसिनको तीन वर्ष ग्यारेन्टी रहेको छ। कम्पनीले मर्मतसम्भार गर्नुपर्ने सम्झौता गरेपछि कोषका उपनिर्देशक राजेन्द्रधर उपाध्यायको टोलीमा दश सदस्य त्यसतर्फ प्रस्थान गरेका छन्।

प्राविधिकलाई नेपालमा बोलाएर मेसिनको मर्मत गर्नुपर्ने भए पनि कोषले कर्मचारीलाई खुसी पार्नका लागि मेसिन बिग्रिएको बहानामा भारत भ्रमणमा पठाएको एक कर्मचारीले बताए।

- मेसिन बिग्रिएको जानकारी लिनका लागि दर्ता चलानीका मान्छेसमेत पठाइयो।
- सदस्यसचिव गएकै होइनन् भन्छन् भने कार्यकारी निर्देशक गएकै हुन् भन्छन्।

उनले भने- 'सदस्य सचिवले पशुपति क्षेत्र विकास कोषबाट तलबभत्ता नलिने निर्णय गर्नुभएको थियो, तर अहिले मेसिन बिग्रिएको नाममा कोषलाई व्ययभार पर्ने गरी निर्णय गर्नुभयो।' कोषको रकम दुरूपयोग भएको भन्दै कोषभित्रकै कर्मचारीले असन्तुष्टि जनाएका छन्।

(क्रमशः पृष्ठ ९ मा)


NOTICE FOR ADMISSION

MBA
Master of Business Administration

MBA (Finance)
Master of Business Administration in Finance

Full time research based MBA study at Uniglobe College prepares leaders for business and society.

Deadline of form submission:
July 9, 2017 (Sunday), 3:00 PM

Entrance Exam:
July 10, 2017 (Monday)

Admission application forms are being distributed from the college admission desk or can be downloaded from the college website.

UNIGLOBE COLLEGE
Pokhara University Affiliate

New Baneshwor, Kathmandu, Nepal
Tel: 4115569 | 4115690 | 4115508
www.uniglobe.edu.np
mail@uniglobe.edu.np




महानगर



अरुलाई मत दिनु अपराध हो। राजनीतिक नैतिकताको कुरा गर्ने हो भने पाप हो ।

# ‘कोठाभित्र रोएर बसेर हुन्छ?’



**गगन थापा**
युवा नेता
नेपाली कांग्रेस

स्थानीय तहको दोस्रो चरणको निर्वाचन सम्पन्न भए पनि प्रदेश नम्बर २ मा स्थानीय निर्वाचन हुन बाँकी छ। आगामी माघ ७ गतेभित्र प्रदेश र केन्द्रको निर्वाचन सम्पन्न गराइसक्नुपर्ने संविधानमै उल्लेख गरिएको छ। तर राजपाले संविधान संशोधन नभएसम्म निर्वाचनमा भाग नलिने अडान राख्दै आएको छ। स्थानीय तहको निर्वाचनमा पहिलो पार्टी हुने दाबी गरेको कांग्रेसले अपेक्षा गरेअनुसारको परिणाम ल्याउन सकेन। यस बारेमा कांग्रेसको युवा पुस्ताको के छ त धारणा ? नेपाली कांग्रेसका युवा नेता गगन थापासँग यसपालि हामीले कुराकानी गरेका छौं। प्रस्तुत छ, नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी**ले उहाँसँग गरेको कुराकानीका मुख्य अंश :

**पहिलो स्थानीय तहको निर्वाचनमा जे भएपनि दोस्रो चरणको निर्वाचनमा राम्रो परिणाम ल्याउने कांग्रेसको दाबी त मिलेन नि होइन ?**

प्रदेश नम्बर १ र ५ मा हामी हाराहारीमा आउँछौं। प्रदेश नम्बर ७ मा राम्रोसँग लिड गर्छौं भन्ने थियो। दोस्रो चरणमा अघिल्लोपटकको पनि क्षतिपूर्ति पाउँछौं भन्ने विश्वास थियो। तर, हामीले सोचेकोजस्तो भएन। पार्टीले यसको औपचारिक समिक्षा गर्नुपर्छ। उम्मेदवारहरुको कुरा पनि सुन्नुपर्नेछ। देशभरको रिपोर्ट पनि आउला। पहिलो त राष्ट्रिय राजनीतिमा कांग्रेसले जे जति निर्णय गरेको छ। ठीक या गलतभन्दा पनि जनतालाई केही पनि कुरा बुझाउन नै सकिएको छैन। हामी को हौं ? हामी जे गरिरहेका छौं किन गरिरहेका छौं ? हामीले हाम्रो भाषा र शैलीमा आम मतदातालाई बताउनुपर्नेमा हाम्रो बारेमा सबै कुरा बताइ दिने जिम्मा अरु पार्टीलाई लगाएका छौं। हाम्रो सञ्चार सम्पर्क नै छैन। चुनावका लागि हाम्रो रणनीति नै थिएन। देशभर हामीले कुन एजेन्डामा चुनाव लडेको हो ? के कुरा अगाडि सार्ने कसरी प्रस्तुत हुने ? जो जहाँ लडिरहेको थियो एक्लै लडिरहेको थियो। पार्टीबाट उसले चुनाव चिन्ह पाएको थियो। तर, यस पटक पार्टी चुनावमा रक्षात्मक अवस्थामा थियो। संविधान बनाएर आएको पार्टी, स्थानीय तहको निर्वाचन गराएर आएको पार्टी, सरकारमा पनि गएको केही वर्षको अवधिमा राम्रो काम गरेको बेला थियो। जताततै हामीलाई गालीगलोज छ। अर्को कारण भनेको पार्टीभित्रको अन्तरपार्टी अन्तरसंघर्ष कमजोर हुँदै जादा पार्टीको सामान्य बैठक पनि नहुने अवस्था थियो। यो चुनाव जसरी पनि जित्नुपर्छ भन्ने चिन्तन, जोश र जाँगर सृजना नै गर्न सकिएन। कताकता हराएकोजस्तो अवस्था भयो। पार्टीका सदस्यहरुले पार्टीका उम्मेदवारहरुलाई मत नहालेको भनेको यो ठूलो राजनीतिक अपराध हो। पहिलापहिला पनि हुन्थ्यो। तर अहिलेको स्केलमा कहिल्यै भएको जस्तो लाग्दैन।

**त्यही भएर अन्तर्घात भएको भन्दै आफ्नै कार्यकर्तालाई कालोमोसो दलेका हुन ?**

-अन्तर्घात भन्ने शब्दको प्रयोग नै गलत छ। जो पार्टीको सदस्य क्रियाशील सदस्य हो। त्यो पार्टीको कतिपय कुराहरुमा स्वतन्त्र निर्णय गर्न पाउँदैन। पार्टीको क्रियाशील सदस्य भएपछि पार्टीको निर्णयसँग बाधिन्छ। क्रियाशील सदस्यता लिएकाहरुले जेसुकै कारण होस, उम्मेदवार मन परेन होला चयन ठिक भएन होला। त्यो पार्टीभित्र लड्न पाउछ। भन्न पाउँछ। तर, एकपटक उम्मेदवार छनोट भएर निर्वाचनमा गएपछि उसलाई मत नहाल्नु भनेको अन्तर्घात होइन। यो राजनीतिक भाषामा भन्ने हो भने अपराध हो। राजनीतिक नैतिकताको कुरा गर्ने हो भने पाप हो। अपराध भएपछि दण्ड पाउनुपर्छ। क्षमा हुन सक्दैन। हामीले जहिले पनि घातअन्तर्घातको रुपमा मात्र हेर्‍यौं। एउटा चुनाव आयो छानबिन कमिटी बनायो। कसैलाई पनि केही पनि नहुने। यो अवस्थाले गर्दा बिग्रिएको हो।

**नेतृत्वले काम नगर्दाको परिणाम हो ?**

स्थानीय तहको निर्वाचन आयो। अरु पार्टीको सरकारले निर्वाचन गर्ला कि नगर्ला अलमल थियो। तर पछिल्लो समय त हामी सरकारमा नै थियौं। निर्वाचन हुन्छ भन्ने थाहा थियो। विगतको निर्वाचनमा ७५ वटै जिल्लामा सम्मेलन गराउने, पार्टीका कार्यक्रम निरन्तर रुपमा गर्ने पूरा उत्साह र उर्जा भर्ने काम हुन्थ्यो। निर्वाचन भनेको लडाइँजस्तो हो। पूरा तिखो र धारिलो भएर तयारी गर्नुपर्ने हुन्छ। निर्वाचनमा उम्मेदवार छनोट भए पनि पार्टीले राष्ट्रव्यापी रुपमा एउटै नीति निर्माण गरेर पार्टीको एजेन्डा लिएर जान सकेन। स्थानीय तहको निर्वाचनमा न पार्टीको कार्यक्रम छ। न प्रतिनिधि गएको छ। केन्द्रीय समितिको बैठक पनि छैन। यसपटक पार्टीका नेताहरु बसेर टिकट बाँडनुभयो। उहाँहरु हो को ? न पार्टीले कुनै औपचारिक समिति बनाएको छ। चुनावको कुनै रणनीति नै थिएन। नेताहरुलाई चुनावको पाँच सात दिन अघि तोकिदिनु भो, सकियो। शहरमा कांग्रेसलाई थुप्रै प्रश्न थियो। महाअभियोग किन लगाएको र किन फिर्ता लिएको भन्ने। यो प्रश्नबाट भाग्ने होइन। हामीले उत्तर दिन सक्नुपर्दथ्यो। नागरिकहरुको अधिकार हो नि सोध्ने।

कतिपय ठाउँमा जबरजस्ती आरोप लगाइयो। संविधान संशोधन आवश्यक थियो। यसको आवश्यकता र औचित्य पुष्टि नै गर्न सकेनौं। जबरजस्ती विखण्डकारी प्रस्ताव हो, राष्ट्रको हितविपरीतको प्रस्ताव हो भनेर एमालेले भनेकोभन्यै गर्‍यो। हामी रक्षात्मक भएर बस्यौं। हामीले किन संविधान संशोधन गर्नु पर्‍यो भनेर भन्नका लागि वातावरण नै बनाउन सकेनौं।

**पार्टी नेतृत्वले कमजोरी गरेको थाहा रहेछ। युवा नेताहरुले सच्याउनुपर्ने होइन ?**

म पनि पार्टीको केन्द्रीय सदस्य छु। जिम्मेवारी कसको काँधमा कति आउछ समग्रमा हामी फेलिएर भएका हौं। शेरबहादुर देउवा, रामचन्द्र पौडेल उहाँहरुले गर्नुभएन भन्न खोजेको होइन। हामी चुक्यौं। हाम्रो पोजिसन कस्तो छ त भन्दा हाम्रो जेनेरेसनका साथीहरु पनि डिभाइडेड छौं। आ-आफूले पाएको जिम्मेवारी पूरा गरेका छौं। पार्टीले सरकारमा बसेर काम गर्ने जिम्मेवारी दियो। संविधानसभामा बसेर काम गर्ने जिम्मेवारी दियो ,त्यो पूरा गर्‍यौं।

पार्टीले कुन कार्यदिशा लिनुपर्छ भन्नेमा हामीसँग पनि २०/२५ वर्षको अनुभव छ। तलका जनतासँग उहाँहरुभन्दा हामीहरु नजिक छौं। तल के भइरहेको छ हामीलाई थाहा छ। उहाँहरु हाम्रो कुरा सुन्न नै तयार हुनुहुन्न। हामी उहाँहरुलाई हाम्रो कुरा सुनाउन सकिरहेका छैनौं। उहाँहरु र हामी फरक-फरक भाषा बोल्छौं। हाम्रो भाषा बुझ्दै बुझ्नुहुन्न। उहाँहरुलाई के लागेको छ भने हामीलाई मात्र सबै कुरा थाहा छ। अचम्म के छ भने शेरबहादुर देउवा, रामचन्द्र पौडेल, कृष्ण सिटौलालगायतका नेतालाई हाम्रो उमेरमा नै सबै कुरा थाहा थियो। अहिले ७० को हाराहारीमा पुग्नु भो। अहिले पनि हामीलाई भन्दा सबै कुरा उहाँहरुलाई थाहा छ। हामीलाई केही पनि थाहा छैन। हाम्रो काम भनेको उहाँहरुले गरेको निर्णयलाई पत्रिकामा पढेर त्यसको आधारमा धारणा बनाउने मात्र भएको छ।

**निर्वाचनको कुरा गर्दा, कांग्रेसको गुटउपगुट बढी हुँदा पनि निर्वाचनमा हारेको भन्ने पार्टीभित्र नै आरोपप्रत्यारोपको विषय बनेको छ नि ?**

पार्टीभित्र गुटबन्दी हुने भनेको जिवन्त पार्टीभित्र एकदमै स्वभाविक प्रक्रिया हो। तर गुटहरुको व्यवस्थापन कसरी हुन्छ ? पार्टीको मूल नीति र निर्णयहरुलाई गुटहरुले प्रभावित गर्छन् कि गर्दैनन् ? गुटले निर्णयलाई प्रभाव पार्छ ? पार्टीले स्थानीय तहको निर्वाचन जित्नका लागि व्यापक छलफल गरेर उम्मेदवार छनोट गर्ने मापदण्ड बनाएको भए राम्रो हुन्थ्यो। १२/१५ जना नेताहरु बस्नुभएको छ। बर्वाद बनाएको यसले हो। २० वर्षपछि निर्वाचनमा भोटर नयाँ आएका छन्। यो पटकको निर्वाचनमा नयाँ अनुहारलाई मौका दिनुपर्ने थियो तर सैद्धान्तिक कुराहरुमा कुनै छलफल नै भएन।

**महाधिवेशन भएको लामो समय बितिसक्दा समेत पदाधिकारीको टुंगो लाग्न सकेको छैन नि ?**

पार्टीको पदाधिकारी चयन हुने, पार्टीको नियमित रुपमा बैठक बस्ने र जिल्ला क्षेत्रको कार्यक्रम हुने हुन्थ्यो। संविधानसभाको निर्वाचन अघि म मुस्किलले दस दिन मात्र काठमाडौं बस्थे। निर्वाचनको एक दिनअघि मात्र लागेर हुँदैन। प्रदेश नम्बर २ को निर्वाचनका लागि अहिलेदेखि नै समिक्षा गरेर ७५ वटै जिल्लामा नै प्रतिनिधि पठाउनुपर्‍यो। रिपोर्ट ल्याउनुपर्‍यो। महासमितिको बैठक बोलाउनुपर्‍यो। नयाँ तरिकाले जानुपर्‍यो। योजना बनाएर अगाडि बढ्ने हो भने प्रदेश र केन्द्रको निर्वाचनमा हामीलाई कसैले पनि रोक्न सक्दैन। राजनीति हाम्रो सही छ। संविधान जारी गर्‍यौं। माओवादी र मधेसी दललाई मिलाउन खोज्यौं। हामीले म्यानेज गर्न खोजेका छौं।

**असोज २ गतेको निर्वाचन अघि नै संविधान संशोधन होला ?**

-प्रयास हुन्छ। जहासम्म लाग्छ राजपालाई पनि संख्याको बारेमा राम्रोसँग थाहा छ। त्यो अवस्थामा राजपा निर्वाचनमा जान्छ। जसरी पहाडमा निर्वाचनको क्रममा संविधान संशोधनको विषयमा कांग्रेसलाई खुइल्याउने काम एमालेले गर्‍यो। अब राजपाले फेरि हामीलाई संविधान संशोधन गर्छु भन्ने तर मधेसको अधिकारको बारेमा ठग्ने र ढाटने पार्टी हो। कांग्रेस र एमालेमा कुनै पनि फरक छैन भनेर प्रचार गर्छ। पहाडमा संविधान संशोधनको पक्षमा लागेको र मधेसमा संविधान संशोधन नगरेको भनेर हराइदिएपछि मात्र बल्ल हामी होसमा आउँछौं। हेर्दाहेर्दै हामीलाई ८/१० दिनमा मधेस विरोधी र अधिकार विरोधी बनाएर एमालेकै कित्तामा उभ्याउने काम हुन्छ।

**त्यसो भए निर्वाचन के हुन्छ ?**

असोज २ मा निर्वाचन गर्नुको अर्को कुनै विकल्प छैन। संविधान संशोधन गर्न संख्या त हुनुपर्छ। संख्या पुगेन भने के गर्ने त ? संविधान संशोधन विधेयक त संसदमा नै छ। संख्या पुगेन। जुन बेला पुग्छ त्यही बेला हुन्छ। चुनावको राजनीतिमा विश्वास गर्ने पार्टीले त्यो त मान्नुपर्छ नि। यो बीचमा पनि संविधान संशोधनको प्रयास हुन्छ। संविधान संशोधन विना नै राजपाले चुनाव हुन दिदैनौ भनेर भन्यो भने त्यो बेलामा सरकारले निर्वाचन गराउनुभन्दा अर्को विकल्प नै छैन। हामीसँग त माघ ७ को समयसीमा छ। असोज २ को निर्वाचन १ घण्टा पनि सार्न सकिँदैन। यो पनि ‘रिक्स’ लिएर निर्वाचन सारिएको हो।

**राजपाले सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी गरेको छ नि ?**

राजपाले अहिले जसरी एमालेसँग निकटता बढाएको छ। एमाले संविधान संशोधनमा सकारात्मक बनेर आए राम्रो हो। हामीले राजपा र एमालेलाई हेरेर धारणा बनाउने भूल हिजो गर्‍यौं। अब गर्नुहुँदैन। राजपालाई रिझाउन हामीले संविधान संशोधन गर्न लागेको होइन। संविधान संशोधन राजपा र भारतलाई रिझाउनका लागि हो ? मधेसका नागरिक नेपाली जनता हुन्। संविधानमा उनीहरुलाई अधिकार सम्पन्न बनाउनुपर्छ भन्नको लागि हो। कांग्रेसले प्रष्ट भन्नुपर्छ। संविधान संशोधन गर्दा संविधान कार्यान्वयन गर्न सहज बनाउछ। राष्ट्रय एकता बलियो बनाउनुपर्छ। हामीले गर्न लागेको संविधान संशोधन न भारतलाई मनाउन हो न राजपालाई मनाउन हो।

**भारतको इशारामा कांग्रेस चल्यो भन्ने आरोप लाग्दै आएको छ नि ?**

कम्युनिकेसन नै महत्वपूर्ण कुरा हो। आजको दिनमा संविधान बनायौ। संविधान जारी गर्ने बेलामा भारतीय अधिकारीले कुनै पनि हालतमा संविधान जारी गर्न हुँदैन भनेका थिए। हामीले स्पष्ट रुपमा मान्दैनौ संविधान जारी गर्छौं भन्यौ र गर्‍यौ पनि। संविधान जारी गर्दैगर्दा मधेसको असन्तुष्टि छ। असन्तुष्टिलाई सम्बोधन गरेर जानुपर्छ भन्नु हामीले जे भनेको त्यही गर्दै आएको हो ? मधेसको मुद्दा सम्बोधन गर्न संविधान संशोधन भनेका हौं। हामीलाई भारतले के भन्छ मतलब छैन। नेतृत्वले स्पष्ट भन्नु पर्‍यो। यो भन्दै गर्दा म गिरिजाप्रसाद कोइरालालाई सम्झन्छु। संविधानसभाको निर्वाचनपूर्व सबै शक्तिहरुलाई निर्वाचनमा ल्याउन भारतीय दूतावासले सिधै लैनचौरमा ल्याएको कुरा हामी हेर्दैथ्यौ। मलाई लाग्छ एउटा सम्झौता त लैनचौरमै भएको थियो। थुप्रै यस्तो गल्ती हिजो पनि भएका छन्। तर त्यो बेला गिरिजाप्रसादले जनतालाई स्पष्ट भन्नुहुन्थ्यो– ‘म भारतलाई रिझाउन र मधेसलाई रिझाउन यो गरिरहेको छैन। तर मधेसलाई प्रतिनिधित्व गर्ने दल घुँडा नै टेक्छन भारतसँग भने मैले के गरौं ? मेरो पार्टीले घुँडा टेक्दैन। मधेसबाट प्रतिनिधित्व गर्ने दल भारतले भन्दा मात्र मान्छ भने त्यो उसको विषय हो। अहिले पनि राजपाका नेताहरु दूतावासमा जानुभयो। राजपा निर्वाचनमा सहभागी हुनका लागि दल दर्ता गरोस। निर्वाचन नभाडोस। भारतीय दूतावासले मात्रभन्दा मान्नेहरुले गरेको गल्तीको भारी हामी किन बोक्ने ? कांग्रेस भारतीय राजदूतले भनेको मान्ने पार्टी हो ? हामी उसले भनेको किन मान्छौ ? कोही व्यक्ति मान्छ भने उसको कुरा हो। हामी नेपाल भारतको सम्बन्ध राम्रो राख्न चाहन्छौ। छुट्टै कुरा हो। भारतका लागि नेपाली राजदूत दिपकुमार उपाध्यले गोर्खाल्याण्डको कुरा भनेर मान्छन् त ? मधेसबाट प्रतिनिधित्व गर्ने दल बिहानबेलुका नै भेटनुहुन्छ।

**सरकार गठन भए पनि मन्त्रीमण्डलले पूर्णता पाउन सकेको छैन नि ?**

निर्वाचनपछि मात्र सरकार विस्तार गर्ने कांग्रेस र माओवादी केन्द्रबीच सहमति भएको हो। सायद अब केही दिनभित्र नै टुंगो लाग्ला। बीचको एक डेढ महिना खाली रह्यो। खाली रहदा सम्बन्धित मन्त्रालयको काम प्रभावित भयो। मैले सम्हालेको स्वास्थ्य मन्त्रालयका थुप्रै काम असार मसान्तभित्र नै सम्पन्न गर्नुपर्ने थियो। नयाँ भएको भए त्यो काम हुन्थ्यो।

**अब बन्ने स्वास्थ्य मन्त्रीले तपाईले थाल्नुभएको कामलाई निरन्तरता दिनुहोला ?**

यसअधिका मन्त्रीहरुले गर्नुभएको कामको जगमा नै अहिलेको काम अगाडि बढाउन सजिलो भएको हो। आलोचकहरुले पनि के कुरा स्वीकार गर्नुपर्छ भने नेपालमा स्वास्थ्य प्राथमिकतामा परेको छ। अब आउने मन्त्रीलाई अवसर र चुनौती दुवै छ। देशव्यापी रुपमा माहौल बनेको छ। म पनि सहयोग गर्छु।

**प्रदेश र केन्द्रको निर्वाचन तोकिएकै समयमा होलान् त ?**

अब पनि निर्वाचनको मिति लम्ब्याउने, तन्काउने र थप्ने गर्ने हो भने दुर्घटना हुन्छ। पहिलाकोजस्तो सबै कुराको अनुकूलता हुँदैन। गाह्रो छ तर फेस गर्नुपर्छ। अब प्रदेश र केन्द्रको निर्वाचन एकैपटक गर्नुपर्छ। प्राविधिक कुरा मिलाउनुपर्छ। दुईपटक निर्वाचन गर्न सम्भव छैन।

**नेपालमा स्वास्थ्य र शिक्षा निःशुल्क गर्न सम्भव छ कि छैन ?**

सम्भव छ। सात वर्षको परियोजना बनाएको छु। एक वर्षभित्र सकिन्छ। गर्न नसकिने भन्ने कुरा नै छैन। असाध्यै धेरै काम भएको रहेछ। छरिएर बसेको रहेछ। शिक्षामा पनि जग बनेको छ। इच्छाशक्ति चाहियो। म दावीका साथ भन्छु- ‘मैले प्रत्येक निर्णय गर्दा आफूले लिएको निर्णयले जनतालाई मद्दत पुग्छ कि पुग्दैन भनेर सोचेर काम गरें। पहिलो वर्षमा नै स्वास्थ्य सेवा लिन सकिने बनाउन सकिन्छ। म स्वास्थ्य मन्त्रालयबाट फर्किएर आउँदा अर्कै मान्छे बनेर आएको छु। नतिजा आउनका लागि काम गर्नुपर्छ।’

**स्थानीय तहमा जनप्रतिनिधि आएका छन्। के अब साच्चिकै समृद्धिको शुरुआत होला ?**

निर्वाचित जनप्रतिनिधि आउने कुरा राम्रो हो। स्रोत र साधनलाई विवेकपूर्ण ढंगले अगाडि बढाउने तथा उद्योगधन्दा सञ्चालन गर्नेतिर भन्दा पनि बाँडनेतिर ध्यान गएको देखिएको छ। आफ्नो क्षेत्राअधिकारभित्र नपर्ने कुरा बोलेका छन्। स्थानीय तहले राम्रो काम गर्नका लागि प्रदेशको निर्वाचन हुनुपर्छ। केन्द्र र स्थानीयले के गर्ने थाहा छ। प्रदेशले के गर्छ अधिकार के हो भन्ने प्रष्टता छैन।

**भूकम्प गएको लामो समयसम्म पनि पुनर्निर्माणको काम हुन सकेन नि ?**

पुनर्निर्माण प्राधिकरण जसरी अधिकार सम्पन्न बनाएर स्रोत र साधन दिएर काम गर्नुपर्दथ्यो। त्यो हुन सकेन। हामीले नियमित संरचनाबाट काम हुँदैन भनेर प्राधिकरण बनायौं। तर प्राधिकरणको हात खुट्टा बाधिदिने काम भयो । जिम्मा दिएको छ, तर नियमितभन्दा बाहिर निस्किन नपाउने गरी राखिएको छ। प्राधिकरणले काम नै गर्न पाएको छैन। सिइयो बनाइएको छ। नियमित रुपमा नै काम हुने हो भने किन बनाएको प्राधिकरण ? मन्त्रालयले टेर्दै टेदैनन्।

**नेपालमा राष्ट्रवाद र राष्ट्रघातको कुराले निकै चर्चा पाएको छ के भन्नुहुन्छ ?**

नेपालको विविधतालाई सम्बोधन गर्न नसकेको राजा महेन्द्रको राष्ट्रवादले नेपालको राष्ट्रिय एकता बलियो बनाउन सकेन। गणतन्त्र नेपालमा महेन्द्रकालीन राष्ट्रवादको रुपमा स्थापित हुनु योभन्दा ठूलो विडम्बनाको कुरा केही हुन सक्दैन। नेपाल विविधताको देश हो। हामीलाई अरुले के भन्यो भनेर होइन। नेपालको राष्ट्रवाद के हो ? के होइन भनेर हामी बोलौं। हाम्रा नेताहरुले बोलौ । हामी केही नभन्ने। अरु अरुले बोलेको कुरामा बोल्यो भनेर कोठाभित्र रोएर बसेर हुन्छ ?

- हाम्रो बारेमा सबै कुरा बताइदिने जिम्मा अरु पार्टीलाई दिएका छौं।
- प्रश्नबाट भाग्ने होइन। हामीले उत्तर दिन सक्नुपर्दथ्यो।
- तल के भइरहेको हामीलाई थाहा छ।
- अब प्रदेश र केन्द्रको निर्वाचन एकैपटक गर्नुपर्छ।
- स्वास्थ्य मन्त्रालयबाट फर्किएपछि म अर्कै भएको छु।
- भारतसँग मेरो पार्टीले घुँडा टेक्दैन।
- असोज २ को निर्वाचन १ मिनेट पनि सार्न सकिँदैन।
- ८/१० दिनमा हामीलाई एमालेकै कित्तामा पुऱ्याउने काम हुन्छ।



# नेदरल्यान्डमा फहरायो नेपालको झण्डा
## मौलिक नृत्यले सहभागी मोहित

नेदरल्यान्डको वार्फममा सम्पन्न *५२औं अन्तर्राष्ट्रिय लोक सांस्कृतिक मेला*मा नेपालका तर्फबाट एभरेस्ट नेपाल कल्चरल ग्रुपले आफ्नो देशको मौलिक पहिरन र नृत्य प्रस्तुत गरेको छ।

दौरा सुरुवाल र ढाका टोपीका साथै गुन्यु चोलीमा सजिएर सो ग्रुपका कलाकार टोलीले चन्द्र सूर्य अंकित नेपालको राष्ट्रिय झण्डा बोकेर स्टेजमा उक्लिँदा दसौं हजार दर्शकको तालिको गडगडाहटबाट सम्मान पाएको थियो।

१६ राष्ट्रको सहभागिता रहेको मेलामा नेपालको तर्फबाट एभरेस्ट नेपाल कल्चरल ग्रुपले भाग लिएको थियो। ग्रुपका प्रमुख रामचन्द्र कोइरालाको संयोजन तथा निर्देशकहरु शीतल आचार्य (सीता) र मिरज कोइरालाको अगुवाईमा गएको टोलीले नेपालको परम्परागत लोक संस्कृति झल्काउने प्रस्तुति प्रस्तुत गरी सबैको मन जितेको थियो। मेलमा ग्रुपका कलाकारहरुले झ्याउरे, तामाङ, झोडा, सतार, सेब्रु, धिमल सोरठीका साथै दर्जनौं नृत्यहरु प्रस्तुत गरी सहभागीलाई मोहित बनाएका थिए।



मेलामा सपना महर्जन, सिम्रन शाही, प्रमिल रिजाल, अनीता अधिकारी, एलिना राई, अनित थापा मगर, प्रियान्क मगर, शम्भु शाही, कृष्ण रेउले, रूपिन डंगोल, उदिराम खड्का, माइकल मगर, प्रकाश न्यौपाने, वसुदेव भट्टले नृत्य प्रस्तुत गरेका थिए। त्यसै गरी वाद्यवादन तथा गायनमा बाँसुरीवादक रामबहादुर भुजेल, वाद्यवादक धनेश्वर तिवारी, गायक दुर्गा रायमाझी, रामप्रसाद पाण्डे, वीरबहादुर मगर, कृष्णकाजी डंगोल, गायिका रीता बुढाथोकी भुजेल प्रस्तुत भएका थिए।

सोही अवसरमा ग्रुपका निर्देशकद्वय शीतल आचार्य (सीता) तथा मिराज कोइरालाले वार्फम नगरपालिका प्रमुख, कार्यक्रम आयोजक तथा सहभागीहरुसँग भेटी नेपालमा साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने र भविष्यमा यससम्बन्धी विशेष कार्यक्रम सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगमा गर्न सकिने जानकारी गराएका थिए।

# पत्रकार शाक्यद्वारा आत्महत्या

पत्रकार तथा फिल्म निर्माता एवं लेखक सविन शाक्यले आत्महत्या गरेका छन्। शाक्यले पारिवारिक तनावका कारण शुक्रबार राजधानीको गौरीघाटस्थित डेरामा झुण्डिएर आत्महत्या गरेको प्रहरी स्रोतले जनाएको छ।

शाक्य लामो समयसम्म पत्रकारितामा सक्रिय थिए भने पछिल्लो समयमा लेखन र फिल्म निर्माणमा संलग्न भएका थिए। २०२५ सालमा काठमाडौंमा जन्मिएका ४९ वर्षीय शाक्यले *ब्ल्याक डायरी* नामक फिल्मको लेखन कार्य गरेका थिए भने केही निर्मातासँग मिलेर



त्यसको निर्माण पनि गरेका थिए। चित्रकार रागिनी उपाध्यायको जीवनी लेखिरहेका उनले त्यसअघि केही पुस्तक पनि लेखेका थिए। उनको केही वर्षअघि दोस्रो विवाह भएको थियो। जेठी पत्नीका तर्फबाट एक छोरा र छोरी तथा कान्छी पत्नीबाट एक छोरीको पिता भएका उनी गौरीघाटमा आमा, कान्छी श्रीमती, छोरा र छोरीका साथ बस्दै आएका थिए।

शुक्रबार अपराह्न ४ बजेतिर आत्महत्या गरेका सविनको कोठाबाट प्रहरीले ३ पाना लामो सुसाइड नोट लेखेका थिए। त्यसमा उनले परिवारको खुसीका लागि केही गर्न नसकेको उल्लेख गरेको बताइएको छ। लामो समयसम्म ढोका नखोलेपछि उनको आमाले छोराले आत्महत्या गरेको पत्ता लगाएकी थिइन्। सविनको शवको शनिबार महाराजगञ्जस्थित शिक्षण अस्पतालमा पोस्टमार्टम गरी शनिबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ। उनको आत्महत्याप्रति कलाकर्मी र सञ्चारकर्मीहरुले गहिरो दुःख व्यक्त गरेका छन्। उनको आत्महत्याको खबर पाएपछि कलाकर्मी र सञ्चारकर्मीहरु अस्पतालदेखि आर्यभघाटसम्म पुगेका थिए।

# मृत्युको कल्पनामा गीत



पत्रकार तथा गीतकार बलराम प्यासीको रचना र रामकृष्ण ढकालको स्वरमा अलग धारको गीत *साच्ची म मर्दा को को रोलान्* तयार भएको छ। प्यासीले यसअघि बालगीत लेखेका थिए।

'यो गीत अलग धारमा मन छुने खालको छ। यो गीत गाउँदा म आफैं भावनामा डुबेको पत्तै भएन' -*अशिर्वाद, आशा, आरोह, आग्रह, आधार, आश्रय, आगमन, मेरो साथी*लगायत करिब एक दर्जन गीति अडियो एल्बम निकालिसकेका स्वरसम्राट नारायण गोपालको स्वरका प्रतिबिम्ब गायक ढकालले भने।

जन्मेपछि सबैले एकपटक मर्नै पर्ने वास्तविकतालाई आत्मसात् गर्दै पत्रकार प्यासीले आफू मर्दा घर-परिवार र समाजमा कस्तो प्रतिक्रिया देखिएला भन्ने परिकल्पना गरेर गीत रचेको बताए। नेपाल स्काउटका मध्यमाञ्चल क्षेत्रीय आयुक्त रहेका आफ्ना स्काउट मित्र मणी मल्लको मृत्यु भएको २०७३ चैत १९ गते राती आफूले त्यसको परिकल्पना गर्दै उक्त गीत लेखेको उनले बताए।

गीतमा संगीतकार गोपाल अधिकारीको संगीत रहेको छ।


# गाउँ-गाउँमा किन रुन्छ मन



लमजुङ, (नेस)। गुरुङको उद्गमस्थल लमजुङमा यतिबेला गुरुङ फिल्ममा गुरुङ संस्कृति समेटेर निर्माण गर्ने र प्रदर्शन गर्ने होड चलिरहेको छ। यसै क्रममा अर्को गुरुङ फिल्म *तले क्रोम चु स्वें* (किन रुन्छ यो मन) को प्रर्दशन गरिएको छ। दूधपोखरी ६, गौंडाका नवनिर्वाचित वडा अध्यक्ष सीताराम गुरुङको प्रमुख आतिथ्यतामा उक्त फिल्मको प्रदर्शन गरिएको हो।

फिल्म गाउँपालिकाको ओखरी, साल्मे, पिउघर र भीरकुना गाउँहरूमा प्रदर्शन भइसकेको छ। शनिबार मञ्ज्याङ गाउँमा दुई सो प्रदर्शन गरिएको छ। गुरुङ भाषा कला संस्कार र संस्कृतिमा आधारित फिल्ममा नायक विवेक गुरुङ, नायिका सुमिन तमुस्यो रहेका छन्। यस्तै खलनायक सुमित गौचन (स्यान्तेराम) तथा कमेडीतर्फ सुशन गुरुङ (पोखी) सहितका कलाकारहरुको अभिनय रहेको छ। जनक गुरुङको लेखन तथा निर्देशन रहेको फिल्ममा नृत्य गोविन्दा प्रभात, संगीत विकास चौधरी र सम्पादन मेकबहादुर थापा, छायांकन खेम थापा मगर र निर्माण विकास गुरुङको रहेको छ।

हासो र प्रेमकथा रहेको फिल्म गुरुङको संस्कृति र रीतिरिवाजमा आधारित भएकाले स्थानीयले पुनः प्रदर्शन गराउन आग्रह गरेका थिए।



**रिल रोमान्स** | आगामी शुक्रबार अल नेपाल रिलिज हुन लागेको फिल्म *म यस्तो गीत गाउँछु*मा पल शाह र पूजा शर्माको रोमान्स।



# विचार

हजारौं युद्ध जित्नुभन्दा महत्वपूर्ण कुरा हो आफैंलाई चिन्नु। यही नै तिम्रो विजय हो। यसलाई तिमीबाट खोस्न सकिँदैन। न परी, न त प्रेतले नै खोस्न सक्छन् ?

–गौतम बुद्ध

सफल भएरै छोड्ने हो भने तपाईं जे गर्नुहुन्छ त्यसको सय प्रतिशत नै जिम्मा आफैं लिने गर्नुस्। सफल हुन अरूमाथि दोष थोपर्न पाइँदैन। किनकि एक प्रतिशत मात्रै अरूमाथि दोष लगाउनुको परिणाम असफलता हो।

–अज्ञात

## सम्पादकीय

नेपाल समाचारपत्र

# जनस्वास्थ्यमा गम्भीर बनौं

वर्षायाम शुरू भएसँगै काठमाडौं उपत्यकामा झाडापखाला तथा आउँ (रगतमासी) का बिरामी बढेका छन् । दुई सातायता यस्ता बिरामीको संख्या बढ्न थालेको काठमाडौंको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालले जनाएको छ । हैजाका भन्दा सिबेला ब्याक्टेरियाका बिरामीको संख्या अझ बढी रहेको अस्पतालको तथ्यांक छ। टेकु, कुलेश्वर, कालिमाटी आसपासका करिब १५ सेवाग्राही दैनिक रूपमा अस्पतालको आकस्मिक कक्षमा भर्ना हुने गरेको सो अस्पतालका स्वास्थ्यकर्मी बताउँछन् ।

ललितपुरमा पनि सिबेलासँगै हैजाका ब्याक्टेरिया प्रभावितहरूको संख्या बढ्दै गएको बताइएको छ। झाडापखाला भएमा दिनभरि दिसा लाग्ने, दिसाबाट पातलो पानीजस्तो तरल पदार्थ बग्ने गर्दछ । विशेष गरी दिनमा ३ देखि ४ पटकभन्दा बढी पातलो दिसा लाग्यो भने त्यस्तो लक्षण पखाला वा रातो आउँ वा रातो मासी परेको भनेर बुझ्न सकिन्छ । यससँगै एकपटक दिसा बसी सकेपछि पनि फेरि दिसा लाग्लाजस्तो हुने, मुख सुख्खा देखिने, पानी प्यास धेरै लाग्ने, शरीर पूरै गलेर हिँड्न गाह्रो महशुस हुने लक्षण दोहोरिन्छन् ।

खास गरी वर्षाद्को पानीका कारण इकोलाई साल्मोनाई, सिवेलाजस्ता जीवाणु मिसिने भएकाले र पानी नउमाली सिधै पिउनाले त्यस्तो रोग संक्रमण बढ्ने चिकित्सकहरू बताउँछन् । त्यस्तै बासी र ढुसी लागेका खानेकुरा खाँदा आउँ, झाडापखालाजस्ता समस्याले सताउने जानकारहरू बताउँछन् । बसपार्क, अस्पताल र मानिसको धेरै चहल–पहल हुने सडक किनारा आसपासमा खुलेआम रूपमा बिक्रीवितरण गरिने पानीपुरी, चटपटे, काँक्रा, मेवा र अन्य मौसमी फलफूल खाँदा पनि त्यस्तो समस्या बल्झिन सक्ने विज्ञहरूको तर्क छ ।

हैजा र झाडा पखालाले सताएपछि स्वच्छ पानी पिउन, पानी उमालेर पिउन, जीवनजल र अन्य नून चिनी पानी प्रशस्त पिउन चिकित्सकहरू आग्रह गर्छन् । खुला स्थानमा बिक्रीवितरण गरिने खाद्य पदार्थ स्वास्थ्यका दृष्टिकोणले लाभदायक हुँदैनन् भन्ने कुरा धेरैलाई थाहा छ । शौचालयको प्रयोगपछि राम्रोसँग साबुन पानीले हात धुनुपर्छ भन्ने सन्देशसँग अधिकांश नेपाली अभ्यस्त छन् । तर त्यस्तै कुरालाई गम्भिरतापूर्वक नलिँदा समस्या जटिल बनेको विगतका उदाहरण धेरै छन् ।

मापदण्ड नपुर्‍याइ फलफूल र अन्य उपभोग्य वस्तु बिक्रीवितरण हुने स्थलको अनगुनमा सरकार गम्भीर भएको पाइँदैन । त्यसो त हैजा र गर्मी मौसममा फैलने रोग संक्रमण नियन्त्रणाका लागि सार्वजनिक सञ्चार माध्यममार्फत सचेतनामूलक सन्देश सम्प्रेषण पनि गर्ने गरिन्छ । तर लक्षितवर्गमा त्यस्ता सन्देशको प्रभावकारीता कस्तो छ, सर्वसाधारण त्यस्तो सन्देशबाट के–कति सजग छन् भनेर सम्बन्धित निकायले बेला मौकामा अनुगमन गर्नु जरुरी छ। यससँगै उपभोक्तालाई सुरक्षित र स्वच्छ पानी वितरण गर्ने दायित्व सरकारको हो, त्यसैले पानीका स्रोत, पानी भण्डारणस्थल, पाइपलाइन पनि जनस्वास्थ्य मैत्री बनाउन जरुरी छ ।

# निर्वाचनपछिको जनअपेक्षा



पविता मुडभरी पुडासैनी

मुलुक निर्माणको जग स्थानीय तहको क्षेत्राधिकार भएकाले अब देश समृद्धितर्फ अघि बढ्नेमा आमजनता विश्वस्त छन्। हरेक कामका लागि केन्द्र धाउने परिपाटी अन्त्य भई अब जनताले सर्वसुलभरुपमा आफ्नै गाउँ-ठाउँमा अधिकार तथा सेवा-सुविधाको उपयोग गर्न पाउने भएका छन्। केन्द्रले प्रतिस्थापन गरेको अधिकारलाई जनप्रतिनिधिले सही सम्पादन गरेमा जनप्रतिनिधिप्रति जनताको जनअपेक्षा टाढा छैन।

स्थानीय तहको निर्वाचनसँगै सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने नारा निकै चर्किएको छ तर आमजनता सिंहदरबारबाट आफूले पाउँदै आएका कुन-कुन अधिकार आइन्दा आफ्नै गाउँठाउँबाट पाउन सकिने हो भन्नेमा अनभिज्ञ देखिन्छन्। ३ चरणको स्थानीय तहको निर्वाचनमा राज्यको ढुकुटीबाट अर्बौं रकम खर्च हुने भएको छ। यति महंगो चुनावले निम्त्याउने महंगी र स्थानीय तहमा बढ्न सक्ने भ्रष्टाचार र स्वेच्छाचारिताप्रति जनता सशंकित छन्। एउटै चुनाव पटकपटक गर्दा धन र समय दुवैको उत्तिकै बर्बादी हुने कुरालाई भुसुक्कै बिर्सिएर दलहरुले राजनीतिक सहमति खोज्दाखोज्दै ३ चरणमा निर्वाचन हुन पुगेको दुखदायी अवस्थामा पनि जनता उत्साहित भई मतदानकार्यमा सहभागी भएका छन्। चुनाव प्रचारप्रसारका क्रममा मेट्रोसिटी, रेल, सडक, खानेपानी स्वास्थसेवाको विस्तार लगायत उम्मेदवारका अनगिन्ती लोभलाग्दा विकासे आश्वासनले जनतामा उत्साह र आशा थपेको छ। पाँच-छ घन्टा पैदल यात्रा हिँडेर नागरिक भोट खसाल्न पुगेका छन्। बृद्ध, बनिता, अपांगले समेत सकी-नसकी मतदान गरेर स्थानीय सरकार निर्माणमा सक्दो सघाउ गरेका छन्। राजनीतिक दलप्रति चरम अविश्वास र तिव्र आक्रोस हुँदाहुँदै स्थानीय सरकार निर्माण आफ्नो दायित्व र अधिकार सम्झेर आमजनताले उत्साहजनक सहभागिता जनाई जनप्रतिनिधि छानेका छन्। जनप्रतिनिधिले बोलेका विकास निर्माणका वचनलाई कार्यान्वयन गर्न राजनीतिक दलहरु अझ संवेदनशील हुनु आवश्यक छ।

दोस्रो चरणको स्थानीय तहको निर्वाचनबाट एक महानगरपालिका, सात उपमहानगर पालिका, ११ नगरपालिका र २१५ गाउँपालिकामा जनप्रतिनिधि चयन हुनेछन्। जस्मा तीन प्रदेशका तीन सय ३४ स्थानीय तहबाट १५ हजार ३८ जनप्रतिनिधि निर्वाचित हुनेछन्। स्थानीय निकायको विकास गर्ने भन्दै विगतमा सांसद र मन्त्रीले कुम्ल्याउने मोटो रकम अब विधिवत रुपमा जनप्रतिनिधि मार्फत जनताको हातमा पुग्नेछ। यसरी पुग्ने रकमबाट आफ्नो गाउँठाउँको विकास निर्माणसँगै ठाउँ अनुसार जनताका अलग अलग माग पुरा गर्न जनप्रतिनिधिहरु क्रियाशील हुनु आवश्यक छ। तराईमा लालपुर्जा तथा नागरिकता दिलाइदिने जनप्रतिनिधि चाहिएको छ। दाइजो, छाउपडीलगायतका प्रथा हटाउने जनप्रतिनिधि चाहिएको छ। भूकम्पपीडितलाई घर बनाइदिने जनप्रतिनिधि चाहिएको छ। विकास निर्माणसँगै धर्म संस्कारमा परिवर्तन तथा प्रथा र परम्पराका नाउँमा चलिआएका कुसंस्कार र कुरीति हटाउनुपर्ने माग जनताले गरेका छन्। जनप्रतिनिधिका साथै केन्द्रीय तहका नेतानेतृले समेत चुनावी अभियानमा गाउँ तथा नगरलाई नमुना बनाउने प्रतिवद्धता व्यक्त गरेबाट स्थानीय सरकारसँग जनताका अपेक्षा चुलिएको देखिन्छ। अर्कातिर दल विशेषका जनप्रतिनिधिबाट आफूले पाउने अधिकार तथा सेवा सुविधा लिँदा कतै दलीय प्रवृत्ति हावी भई सेवासुविधा प्राप्तिका क्रममा विभेद र झमेला बेहोनुपर्ने हो कि भन्ने संसय जनतामा उत्तिकै छ। जुन सुकै दलका जनप्रतिनिधिले स्थानीय बासिन्दाका सेवक र राष्ट्रिय समृद्धिका सम्बाहकका रुपमा आफूलाई उभ्याउनुपर्छ। जनप्रतिनिधिहरुले आफू सम्बद्ध राजनीतिक दलका विपरीत विचार र आस्था बोक्नेका सेवासुविधामा कुनै विभेद र बदमासी गर्नुहुँदैन। दलका नेता नेतृझैं पदको उन्मादमा सुविधा सम्मान र सम्पत्ति आर्जनमा लिप्त हुने प्रवृत्ति जनप्रतिनिधिमा देखिनुहुँदैन। पहिलेका निर्वाचनका तुलनामा आदिवासी, जनजाति, दलित, महिला आदि जनप्रतिनिधिका संख्या बढेकाले चुनावपछि गाउँ तथा नगरको मुहार फेरिने र स्थानीय सरकारबाट जनता लाभान्वित हुनेमा विश्वास बढेको छ। शिक्षा, स्वास्थ, वातावरण, सिँचाइ, सडक, भू-उपयोग, सञ्चार तथा फोहोर व्यवस्थापन, खेल व्यवस्थापन, मनोरञ्जन आदिका लागि चाहिने निर्माण तथा विकासका आयोजना तथा व्यवस्थापनको जिम्मेवारी अब स्थानीय तहको जनप्रतिनिधिको काँधमा आएको छ।

स्थानीय तहले प्रयोग गर्ने अधिकार, स्थानीय तह संचालनसम्बन्धी कानुन, कार्यविभाजनसम्बन्धी नियमावली र कार्य सम्पादन नियमावली, आर्थिक पक्षका सुक्ष्म जानकारी लगायत आवश्यक विषयमा विज्ञमार्फत जनप्रतिनिधिहरुलाई जिम्मेवारी बोध गराउन सरकारले स्थानीय तह संचालनसम्बन्धी प्रशिक्षण दिने भएको छ। सर्वप्रथम त स्थानीय सरकारले कार्य सम्पादन गर्ने भौतिक संरचना निर्माणकै लागि सरकारले अर्बौं रकम लगानी गर्नुपर्ने आवश्यकता छ। बजेट बाँडफाँड र योजना तर्जुमा गर्दा जनप्रतिनिधिहरु पुर्वाग्रही बन्नु हुँदैन। निर्वाचित जनप्रतिनिधिले कार्य सम्पादनको क्रममा नयाँ सोच, सीप र सक्रियता अँगिकार गर्नु आवश्यक छ। स्थानीय तहमा निर्वाचित केही जनप्रतिनिधिहरु हाल बृद्ध भत्ता थप्ने भन्दै आ-आफ्नो क्षेत्रको विकास निर्माणभन्दा जनतालाई केही रकम छरेर पपुलर बन्न खोजेको पनि देखियो। विदेशी रिन र अनुदानमा चल्ने अर्थतन्त्र भएको हाम्रो मुलुकमा लाखौंलाई रोजगारीका लागि खाडी मुलुकमा पठाएर दुई चार पैसा सामाजिक सुरक्षा भत्ताका नाउँमा बृद्ध र विधवालाई छरेर अरु रकम विशिष्टका सेवा सुविधाका नाउँमा नेता नेतृहरुले कुम्ल्याउने हर्कतका विरुद्ध जनताले खबरदारी गर्नुपर्छ। बृद्धावस्थाका लागि सबैभन्दा ठूलो कुरा भनेको सन्तानले दिने साथ सेवा र सम्मान हो जुन राज्यले दिने दुई हजार भत्ताभन्दा कैयौं गुणा बढी हुन्छ। विदेशमा मजदुरी गरिरहेका तिनका सन्तानलाई स्वदेशमै रोजगारीको सिर्जना गरी आफ्ना बाबुआमाको सेवा सम्मानमा दिनरात रमाउन पाउने वातावरण निर्माण गर्न अब जनप्रतिनिधिहरु जुट्नुपर्छ।

चालु आर्थिक वर्षमा सरकारले करिव २ खर्व रुपियाँ सोझै स्थानीय तहमा पठाएको छ। कुल बजेटको १७.६ प्रतिशत बजेट स्थानीय तहलाई छुट्याइएको छ। यसरी पठाइएको रकम आइन्दा काम नभएर फ्रिज हुने वा दलका प्रतिनिधि विच भागबण्डा हुने विगतका खराब चरित्र अब दोहोरिनुहुँदैन। बारम्बारको सरकार परिवर्तनले विकास निर्माणका काम मात्र नभई राष्ट्रियतासमेत कमजोर पारेकाले स्थायी सरकार अबको मुल राष्ट्रिय एजेन्डा बन्नुपर्छ। यसले नै स्थानीय सरकारलाई मजबुत बनाउँछ। छिमेकी भारतमा झण्डै दुई दशकमा ३ सरकार बन्दा नेपालमा साढे दुई दशकका बीचमा दुई दर्जन सरकार निर्माण भइसके। भारतीय प्रधानमन्त्री मोदीको कार्यकालभित्रै नेपालमा चार सरकार परिवर्तन भइसकेको र उनी एउटैले नेपालका चारजना नयाँ प्रधानमन्त्रीलाई बधाई दिन भ्याएको नेपाली राजनीतिक अस्थिरता र अराजगताको तितो सत्यले मुलुकको विकास निर्माण र समृद्धिलाई धेरै पछाडि धकेलेको छ। बजेट पेश गरेको सरकारले कार्यान्वयन गर्न नपाउँदै ढल्ने र अर्को सरकार फेर्ने र फेरि गिराउने घृणित राजनीतिक खेलको अब अन्त्य हुनुपर्छ। मुलुकको करिब दुई तिहाइ बजेट साधारण खर्च अर्थात तलब भत्ता, पेन्सन, भ्रमणलगायत प्रशासनिक कार्यमा खर्च हुने तर विकास निर्माणका लागि छुट्याइएको एक तिहाइ बजेटमध्ये आधा पनि खर्च हुन नसक्ने विडम्बनापूर्ण अवस्थाको अब अन्त्य हुनुपर्छ र विकास निर्माणका कार्य तिव्रतर रूपमा अगाडि बढाइनुपर्छ।

चुनावी प्रतिस्पर्धामा नयाँ दल, नयाँ सोच र युवा जोस भएका व्यक्तिको हावी उत्तिकै देखिए पनि जितको वर्चस्व पुराना ठुला पार्टीहरुकै पोल्टामा गएको छ। जे होस्, जनताले मुख्य राजनीतिक दलहरुलाई धेरथोर ठाउँ दिएकै छन्। सबै दल मिलेर काम गर भन्ने तिनको मतादेशको सम्मान हुनुपर्छ। मुलुक निर्माणको जग स्थानीय तहको क्षेत्राधिकार भएकाले अब देश समृद्धितर्फ अघि बढ्नेमा आमजनता विश्वस्त छन्। हरेक कामका लागि केन्द्र धाउने परिपाटी अन्त्य भई अब जनताले सर्वसुलभरुपमा आफ्नै गाउँ-ठाउँमा अधिकार तथा सेवा-सुविधाको उपयोग गर्न पाउने भएका छन्। केन्द्रले प्रतिस्थापन गरेको अधिकारलाई जनप्रतिनिधिले सही सम्पादन गरेमा जनप्रतिनिधिप्रति जनताको जनअपेक्षा टाढा छैन। स्थानीय तहले सम्पादन गर्ने कार्यहरुमा एकरुपता, निष्पक्षता र प्रभावकारिता तथा श्रोतसाधन तथा कर्मचारी व्यवस्थापनमा चुस्तता ल्याउनु जरुरी छ। जनप्रतिनिधिले मतदाता र सेवाग्राहीप्रति कुनै तुस, द्वेष बाँकी नराखी काम कर्तव्य पूरा गर्नुपर्छ। जुन पार्टीले जिते पनि मुलुकको जित भएको बताउने माओवादी अध्यक्ष प्रचण्डको अभिव्यक्तिको मनन् गर्दै स्थानीय तहका जनप्रतिनिधिहरुले आफूले पाएको क्षेत्राधिकारभित्र सबै नागरिकलाई समान रुपमा समेट्नुपर्छ। २० वर्षसम्म चुनाव हुन नसकी विकास निर्माणमा पछि परेको ग्रामीण क्षेत्रको विकासलाई तिव्र गतिमा अघि बढाउनुपर्छ। रोजगारीको अवसरको खोजीमा विदेशिएका युवालाई फर्काइ उजाडिएका गाउँबस्ती अब हराभरा बनाउने योजनामा जनप्रतिनिधिहरु जुट्नुपर्छ।

दोस्रो चरणको निर्वाचनबाट चुनिएका केही प्रतिनिधिले सिंहदरबार हाम्रा गाउँ तथा नगरमा आएको महशुस जनतालाई गराइछाडने प्रतिबद्धता व्यक्त गरेका छन्। आफ्नो क्षेत्रलाई नमुना गाउँपालिका वा नगरपालिका बनाउने उद्घोष प्रतिनिधिको मुखबाट निस्किरहेका छन्। केही प्रतिनिधिले आफ्नो क्षेत्रका सबै वडामा सडक सञ्जाल जोड्ने देखि हेलिप्याड निर्माण गर्नेसम्मका महत्वकांक्षी योजना सार्वजनिक गरेका छन्। जनप्रतिनिधिका आधा तलब काटेर भए पनि विकास निर्माण गरी गाउँको मुहार फेर्ने तिनका अभिव्यक्तिले राष्ट्रिय समृद्धिको जनअपेक्षा हवात्तै बढेको छ। निर्वाचन प्रचारका क्रममा जनतालाई बाँडिएका सपना र आश्वासनका पोका बोकेर आआफ्ना कार्यक्षेत्र प्रवेश गरेका जनप्रतिनिधिहरुले सीमित श्रोत-साधनको व्यवस्थित तारतम्य मिलाई जनताका राष्ट्रोन्नतिको असिम चाहना पूरा गर्नुपर्छ। विशेषतः नगर सुधार र गाउँबस्ती विकास नै जनप्रतिनिधिको मूल एजन्डा बन्नुपर्छ।

## पाठक पत्र

### दाङको पर्यटन विकासमा कला सिर्जनाको अभाव

लियोनार्दो दा भिन्चीले बनाएको मोनालिसाले वार्षिक आम्दानी कति गर्छ होला ? अझ भनौं पिरामिडले इजिप्टको कति प्रतिशत आम्दानी गर्छ होला ? यी त भए अन्तर्राष्ट्रिय कुरा, नेपालमै पनि चाँगुनारायण हेर्नेहरुकै कारणले होटल साथीहरुलाई लाभ हुन्छ होला। पोखरामा पर्यटकहरु खचाखच भरिन्छन् तर दाङमा हुँदैनन्, किन होला ? जवाफ सजिलो छ। पोखरामा जस्तो मान्छेका मन छुने दृश्यहरु दाङमा छैनन्। चाँगुनारायणमा जस्तो कलात्मक नमुना पनि दाङमा छैनन्। यस्ता प्रश्नहरु प्रसस्त उठाउन सकिन्छ र जवाफ पनि हामीसँग छ।

विश्वका अधिकांश ख्यातिप्राप्त पर्यटकीय स्थलहरु कलाकीर्तिकै कारणले प्रख्यात छन। विश्वका प्राचीन या मध्यकालीन जुनसुकै महान आश्चार्यहरु कलासँगै जोडीएका छन। नेपालका पनि १० सम्पदा सूचीमध्ये चितवन र सगरमाथाबाहेकका सम्पदा सूचीहरु कलाकै कारणले प्रख्यात छन्। कला संरक्षित रह्यो भने मात्रै त्यो स्थान चर्चित हुन्छ। नेपालको सन्दर्भमा पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको दीर्घजीवी आयस्रोत हो। दाङमा पर्यटन विकासको अवधारणा भित्र्याइएको धेरै भएको छैन छिटो समयमा थुप्रै प्रयास भएका छन्। जिल्लामा पर्यटन बोर्ड पनि गठन भएको छ। तर बोर्डले काम गर्नका लागि आवस्यक पूर्वाधार जुटाइएको छ की छैन भन्ने विषय महत्वपूर्ण हुन्छ। हावामा ढुंगा फ्याँकेर चरो मर्दैन, चरो मार्न निसाना चाहिन्छ। दाङमा पर्यटकीय विकास गर्नका लागि चाहिने पूर्वाधार के हो ? के-के पूर्वाधार तयार गर्नुपर्छ ? एउटा ठोस अवधारणा आउनुपर्छ। ऐतिहासिक ठाउँ हो भन्दैमा पर्यटकीय स्थल बन्न सक्दैन। सुकौराकोट जस्ता ऐतिहासिक ठाउँ आज रित्तो छ। ऐतिहासिक ठाउँको अलिकति संकेतसम्म त्यहाँ छैन। दाङमा त्यस्ता थुप्रै ठाउँ छन्, जहाँ ऐतिहासिकताको सानोभन्दा सानो बस्तुगत संकेतसमेत भेटाउन सकिंदैन। तत्कालीन कलासंस्कृति झल्काउने कुनै मन्दिर, मस्जीद, दरबार आदिको अवशेष पनि छैन। तर रत्ननाथमा थोरै भए पनि कलाकीर्ति र प्राचीनता झल्कने केही नमूना छन् र त्यो ठाउँमा मान्छेहरु पुग्ने गर्छन्।

दाङलाई पर्यटकीय स्थलमा विकास गर्न केही गर्नु जरुरत र लगानी लगाउनु आवस्यक छ। सर्वप्रथम हामीबीच रहेका बचेखुचेका ऐतिहासिक साँस्कृतिक, धार्मिक, प्राकृतिक, सम्पदाहरुको संरक्षण गर्नुपर्छ। दोस्रोमा यस्ता सम्पदाहरुको प्रचारप्रसार गर्नुपर्नेछ। दोस्रो तरिका भनेको तिनीहरुको विकास र नयाँ चिजहरुको निमार्ण प्रक्रिया हो। पहिलो चरणअन्तर्गत जहाँसम्म ऐतिहासिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक, चिजहरुको पहिचान गर्ने काम धेरै मात्रामा पूरा भइसकेको छ।

दोस्रो चरणमा गरिने कार्य प्रचारप्रसार हो। प्रचारप्रसार गर्नका लागि पनि हामी माझ बस्तु खडा हुनुपर्छ। संरचना खडा हुनुपर्छ। दाङका पर्यटकीय स्थलको संरचना गुणस्तरीय छैन। बनेका मठ मन्दिर, मस्जिद तथा गुम्बाहरुमा कुनै कलात्मकता पाइँदैन। कलाविहीन संरचनाले कर्यटनमा कुनै प्रभाव पार्दैन। तिनीहरु आकर्षक केन्द्र बन्न सक्दैनन्। त्यसैले तेस्रो चरणको निमार्ण कार्यमा कला अनिवार्य छ। त्यसमा पनि कुन कलाले प्राथमीकता पाउँछ, त्यसलाई मध्यनजर गर्नु जरुरी छ।

दाङले प्राकृतिक सौन्दर्यतामा अन्यत्रका प्रचलित ठाउँहरुसँग प्रतिष्पर्धा गर्न सक्दैन भन्ने मेरो ठम्याइ हो। यो २१ औं शताब्दीको दुनियाँ भएकोले प्रतिष्पर्धा धेरै हुने गर्दछ। दाङ सुन्दर छ भन्ने युक्तिले मात्र दाङमा पर्यटकहरु आउँदैनन्। बरु दाङमा यस्ता यस्ता संरचनाहरु छन् भन्ने स्थिति रह्यो भने दाङ साँच्चिकै आकर्षक केन्द्र बन्न सक्छ। कला र सम्पदा यी २ चिजहरु एक आपसका परिपूरक हुन्। माथि उल्लेख भएझैं सम्पदा कलासँग जोडिएको हुन्छ। अनौठा र चामत्कारिक बस्तुको निमार्ण कला हो। कला सिर्जीत बस्तु हो। प्रकृतिले दिएको चिजबाट मात्रै मान्छे असन्तुष्ट रह्यो भने कला सिर्जना हुन्छ। प्रकृतिले ढुंगो मात्र दिन्छ। कलाकारले ढुँगालाई मुर्ती बनाइदिन्छ। प्रकृतिले कोरा काठ दिन्छ। कलाकारले त्यसलाई टुँडाल बनाइदिन्छ। मान्छे मर्छ तर मूर्ती मर्दैन। यसरी कलाकारले सिर्जना गरेका कलामा छुट्टै आकर्षण हुन्छ। सदियौं पुराना मूर्तीहरु आजसम्म जीवितै छन। सदियौंपहिले निमार्ण गरेका कलाकृतिहरु आज आम्दानीका स्रोत बनेका छन्। हाम्रो जस्तो प्राकृतिक सम्पदाले भरिपूर्ण ठाउँलाई अझ सुन्दर बनाउनुछ भने कला सिर्जना आवस्यक छ। दाङमा पनि कलाको विकास गरी कलामय बनाउन सके पर्यटकीय क्षेत्रमा चाँडै विकास हुने सम्भावना छ।

*- खगेश्वर भण्डारी, दाङ*

### बामघटक मिल्नै पर्छ

दाङमा जिल्ला समन्वय समिति गठन र स्थानीय तहका कार्यपालिका गठनमा नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच तालमेल गर्ने सहमति भएको छ। जसअनुसार जिल्ला समन्वय समितिको प्रमुख एमालेले पाउनेछ भने उपप्रमुख माओवादीले पाउने सहमति भएको छ। यो अहिलेको युगको टड्कारो आवश्यकता थियो। ढिलै भए पनि काम भएको छ। अब यसको सिको गर्न सबैले जरुरी छ। दाङ जस्तै अन्य जिल्लामा पनि बामविचारधाराका शक्ति एकबद्ध भएर नमुना विकास गर्न सक्नुपर्छ।

*- सुमन्त खनाल, लमही दाङ*

### लक्ष्मी केयर्सको खबर अन्यका लागि आदर्श

लक्ष्मी बैंकका कर्मचारीहरुद्वारा स्थापित गरिएको लक्ष्मी केयर्स, 'निःस्वार्थ पहल' गैर नाफामूलक संस्थाले महिलाहरुद्वारा भोग्दै आएका समसामयिक चुनौती, महिला हिंसा र आर्थिकरूपमा विपन्न महिलाहरुलाई सहयोग पुऱ्याउँदै आएको खबर अन्यका लागि पनि आदर्श हुन सक्नुपर्छ र सिको गर्न सक्नुपर्छ।

साथी नामक गैरसरकारी संस्थालाई लक्ष्मी केयर्सले ५ लाख रुपियाँ प्रदान गरेको खबरले मलाई अत्यन्त खुसी लाग्यो। लक्ष्मीजस्ता अन्य संस्थाले पनि सहयोग गरेमा समस्यामा परेकालाई सहयोग हुन्छ। यस विषयमा हामी सबैले सहयोग गर्नुपर्छ। विभिन्न क्षेत्रका समस्या एक-एक गरेर हल गर्न सकिन्छ। 'एक थुकी सुकी, सय थुकी नदी' भनेझैं सबैले यस हिसाबले सहयोग गर्दै गएमा पीडितहरुलाई राहत हुन्छ।

*- सीमा खनाल, डोटी*

## सामाजिक सञ्जाल



मेयरसापहरु, तपाईंका शहरमा पैदल र साइकल मार्ग, खुला मैदान, बालबगैंचा, पाटीपौवा, पुस्तकालय शुरू गर्ने हैन ? मतगणनापछि त दिनगणना हुन्छ है !

**narayan wagle**
**@narayanwagle**



राजसंस्था भएको भए यो देशको राष्ट्रियता शायद यति कमजोर हुँदैनथ्यो ! प्रसंग राजाको शुभ जन्मोत्सव !

**Komal Oli**
**@OliKomal**



१८९६ मा गेहेन्द्र शमशेरले बनाएको मेसिन गन ३० लाखमा लिलाममा राखिएको छ। जुन नेपाली सेनाले १ लाखमा बेचेको रे। यो गन नेपाल फर्काउन पहल गरौं।

**Bhuwan Thapa**
**@nepalibabuu**

जिल्ला प्रशासन कार्यालय चितवनमा बसेको सर्वपक्षीय भेलाले असार २५ गतेदेखि लागू हुने गरी रातको समयमा नारायणघाट-मुग्लिङ सडकमा यातायात बन्द गर्ने निर्णय गरिएको छ।



## संक्षेप

### राजदूतलाई सम्मान

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्र आबद्ध नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाले बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासलाई शनिबार बधाई तथा सम्मान गरेको छ।

दलित समुदायको उत्थान र विकासका लागि अतुलनीय योगदान पुर्‍याउँदै दलित समुदायबाट पहिलो (पुरूष) राजदूत भएको भन्दै मोर्चाले बधाई तथा सम्मान गरेको हो।

मोर्चाले आयोजना गरेको बधाई तथा सम्मान कार्यक्रममा राजदूत सुन्दासले आफ्नो कार्यकालमा नेपाल र नेपालीको पक्षमा उदाहरणीय काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

राजदूत सुन्दासलाई माओवादी केन्द्रका कार्यालय सदस्य तिलक परियार, पूर्वमन्त्री दलजित श्रीपाइली, सांसदद्वय सीता नेपाली र दुलारी हरिजनलगायत दलित नेताले बधाई दिनुभएको थियो।

### लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

चन्द्रागिरी नगरपालिका-२ नागढुंगामा बुटबलबाट काठमाडौं आउँदै गरेको लु२ख ६६५ नम्बरको यात्रुवाहक बसमा जाँच गर्ने क्रममा काठमाडौं सामाखुसी बस्ने ३४ वर्षीय दिलीप खड्कालाई साथमा लुकाई-छिपाई ल्याएको लागूऔषध नोर्फिन १ सय २९ एम्पुल, फेनारगन १ सय २९ पिस, डाइजेपाम १ सय २९ पिस र नाइट्रोजोम २० ट्याब्लेटसहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।

### धनमाल चोरी

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२६ रानीबारीस्थित अठान्त श्रेष्ठको घरमा कोही नभएको अवस्थामा झ्यालको चुक्कुल फुटाई नगद ३० हजार, ल्यापटप १ थान र साइकल २ थानसमेत गरी करिब १ लाख ४० हजार रुपियाँ बराबरको धनमाल शुक्रबार राति चोरी भएको छ।

चोरको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ।



राजधानीको थापाथलीमा शनिबार वाग्मती सफाई अभियानका क्रममा। तस्वीर : नेपाल समाचारपत्र

# आजदेखि बसको रात्रि सेवा बन्द

## १८ घण्टामा पुगिने स्थानमा ३० घण्टा लाग्न थाल्यो

नेपाल समाचारपत्र

काठमाडौं

मुग्लिङ-नारायणघाट सडक खण्ड मर्मतका क्रममा रहेकाले यात्रुहरूले निकै समस्या झेल्नुपरेको छ। आवत-जावतमा कठिनाई हुँदा यात्रुहरू निश्चित समयभित्र गन्तव्यमा पुग्नसकेका छैनन् भने गन्तव्यमा पुग्न अघिपछिको तुलनामा समय छुट्याएर केही समयअघि हिँड्नुपर्ने हुन्छ। ३५ किलोमिटर रहेको सो सडक खण्ड मर्मत गर्दा यात्रुलाई मुग्लिङ-पोखरा हुँदै गन्तव्य स्थानमा पुर्‍याउने गरिएको छ।

आज आइतबारदेखि पहिरोको जोखिम र यात्रुको सुरक्षाको दृष्टिकोणले रातको समयमा यातायात बन्द गर्न लागिएको छ। जिल्ला प्रशासन कार्यालय चितवनमा बसेको सर्वपक्षीय भेलाले असार २५ गतेदेखि लागू हुने गरी रातको समयमा नारायणघाट-मुग्लिङ सडकमा यातायात बन्द गर्ने निर्णय गरिएको हो। सडक निर्माणको कामलाई सहज गराउन यसअघि दिनको समयमा बिहान १० बजेदेखि ४ बजेसम्म सो सडक खण्ड बन्द हुँदै आएको थियो। संसद्को विकास समितिले गृह प्रशासनलाई पत्र काटेर रातको समयमा यातायात रोक्ने निर्देशन दिएको थियो। विश्व बैंकको सहयोगमा २ अर्ब ९० करोड रुपियाँ लागतमा नारायणघाट-मुग्लिङ सडक खण्ड बन्न लागेको हो।

दिउँसोको समयमा समेत मुग्लिङ-नारायणघाट सडक खण्डमा यात्रा गर्दा ४ देखि ६ घण्टा समय खर्चिनुपरेको यात्रु कृष्ण केसीले नेपाल समाचारपत्रसँगको कुराकानीका क्रममा बताउनुभयो। लामो दुरीबाट यात्रा गराउँदा खर्च बढी निस्कने भन्दै यातायात व्यवसायीहरूले भाडादर बढाउन सरकारलाई ध्यानाकर्षण गरेका छन्। उनीहरूले लामो दुरी भएर गन्तव्य स्थानमा पुर्‍याउँदा खर्च बढी आउने भएकाले नयाँ भाडादर कायम गर्न सरकारसँग माग गरेका छन्।

साविकको भन्दा १० देखि १४ घण्टा ढिलो गन्तव्यमा पुग्ने गरेको यात्रुको गुनासो छ। बेलुकी ४ बजे काठमाडाबाट नेपालगन्जका लागि छुटेको यात्रुवाहक सवारी अर्को दिन बेलुकी ४ बजेसम्म पुग्ने गरेको छ। अन्य अवधिमा बेलुकी ४ बजे छुटेको यात्रुवाहक सवारी अर्को दिन बिहान ८ बजेसम्म पुगिक्ने गर्दथ्यो। यस्तै बेलुकी ७ बजे बुटवलका लागि छुटेको यात्रुवाहक सवारी अर्को दिन अपराह्न १२ बजेसम्म पुग्ने गरेको छ। अन्य अवधिमा बेलुकी ७ बजे छुटेको बस अर्को दिन बिहान ५ बजेसम्म पुगिसक्ने गर्दथ्यो।

सडकको दुरी लामो हुँदा भाडादर परिवर्तन गर्न माग गरिएको नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष डोलनाथ खनालले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'सो सडक खण्ड बन्द हुँदा रातिको समयमा यात्रुलाई घुमाएर लैजानुपर्छ। १८ घण्टाभित्र गन्तव्यमा पुगिसक्नुपर्ने यात्रु ३० घण्टा लागेर मात्रै पुगेको अवस्था छ। भाडा बढी लिन मिल्दैन। परिवर्तित भाडादर व्यवस्था गर्न आग्रह गरेका छौं। हेरौं के हुन्छ।' यात्रुहरूले भने सवारी साधनले बढी भाडा लिने गरेको गुनासो गरेका छन्। नर्मल, डिलक्स र सुपर डिलक्स गाडिको भाडा दरमा फरक पर्ने भएकाले पनि यात्रुहरूलाई केही महँगो लागेको हुन सक्ने महासंघका अध्यक्ष खनालले बताउनुभयो।

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले तोकिएको भन्दा बढी भाडा दर लिने सवारीसाधनलाई कारबाही हुने चेतावनी दिएको छ। मुग्लिङ-नारायणघाट सडकखण्ड समयमा निर्माणकार्य सम्पन्न नहुँदा हजारौं यात्रु मारमा परेका छन्।

## युवा बौद्ध समूहमा मानन्धर

काठमाडौं, (नेस)

युवा बौद्ध समूह काठमाडौंको १३औं महाधिवेशनले तेजनारायण मानन्धरको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

कार्यसमितिको प्रथम उपाध्यक्षमा मदन तुलाधर, द्वितीय उपाध्यक्षमा निर्मला कंसाकार, सचिवमा रजनी ताम्राकार, कोषाध्यक्षमा राजु शाक्य र सहसचिवमा नानीशोभा मानन्धर रहनुभएको छ।

त्यसै गरी, सदस्यहरूमा त्रिरत्न तुलाधर (निवर्तमान अध्यक्ष), राजा शाक्य, अनिल स्थापित, युरिकाजी कंसाकार, सुदर्शना दर्शनधारी, सुरेन्द्रकाजी शाक्य र कल्पना तुलाधर छानिनुभएको छ।

हरेक ३ वर्षमा गर्दै आएको महाधिवेशन अबदेखि हरेक २ वर्षमा गर्ने समूहको निर्णयलाई पनि महाधिवेशनले अनुमोदन गरेको छ।

महाधिवेशनका प्रमुख अतिथि भिक्षु प्रज्ञामूर्तिले धार्मिक संस्थाले क्षणिक लाभलाई हेरेर भन्दा दिगो र परिणाममुखी काम गर्नुपर्ने सुझाव दिनुभयो।

समूहका निवर्तमान अध्यक्ष त्रिरत्न तुलाधरले दुई कार्यकाल अध्यक्ष रहँदा बुद्ध धर्मको प्रवर्द्धन गर्ने अभियानमा हरतरहबाट समूहलाई सहयोग गर्ने सबै महानुभावहरूप्रति आभार व्यक्त भयो।

## राप्रपासँग सत्ता गठबन्धनको छलफल



नेपाल समाचारपत्र

काठमाडौं

सत्तारुढ घटकले संविधान सशोधनमा सहमति जुटाउनका लागि अन्य राजनीतिक पार्टीसँग परामर्श थालेका छन्। शनिबार प्रधानमन्त्री शेरबहादुर देउवा र एकीकृत माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले राप्रपाका नेताहरूसँग छलफल गर्नुभएको छ। प्रम निवास बालुवाटारमा भएको सो छलफलका क्रममा राप्रपाका तर्फबाट अध्यक्ष कमल थापा र नेता पशुपतिशमशेर राणाको सहभागिता रहेको थियो। भेटपछि सञ्चारकर्मीहरूसँगको कुराकानीमा राप्रपाका अध्यक्ष थापाले पार्टीका आन्तरिक बैठकमा छलफल गरेर मात्रै संविधान संशोधनको बारेमा निर्णय लिइने बताउनुभयो।

## नेत्रज्योति संघमा पुनः मिश्र

काठमाडौं, (नेस)

नेपाल नेत्रज्योति संघमा शनिबार भएको केन्द्रीय कार्यसमितिको निर्वाचनमा पुनः प्राडा तीर्थप्रसाद मिश्रको अध्यक्षतामा ८ जना सदस्यहरू, दुई जना महिला सदस्य, पूर्वाञ्चलबाट, पश्चिमाञ्चलबाट, मध्यमाञ्चलबाट, मध्यपश्चिमाञ्चलबाट र सुदूरपश्चिमाञ्चलबाट एक-एक जना सदस्य निर्विरोध निर्वाचित भएका छन्।

निर्वाचित ८ सदस्यहरूमा प्राडा दिलबहादुर क्षत्री, प्राडा घनश्याम भट्टराई, विष्णुदत्त जोशी, गोपीचन्द्र बरनवाल, युद्धध्वज सापकोटा, भरतबहादुर चन्द, चिजकुमार मास्के र डा. चेतराज पन्त रहेका छन्। त्यसै गरी दुई जना महिला सदस्यहरूमा मञ्जु कँडेल र सुशिला आमात्य रहेका छन्। त्यस्तै पूर्वाञ्चलबाट रवीन्द्रलाल चौधरी, पश्चिमाञ्चलबाट सागरप्रताप राणा, मध्यमाञ्चलबाट श्यामकुमार पोखरेल, मध्यपश्चिमाञ्चलबाट कृष्णकुमार गिरी र सुदूरपश्चिमाञ्चलबाट एक-एक जना सदस्य निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत युवराज भण्डारीले जानकारी गराउनुभयो।

क्षेत्रगत निर्वाचनपछि मात्र निर्वाचित सदस्यहरूबाट नै कार्यसमितिलाई पूर्णता दिने कार्यक्रम रहेको भण्डारीले बताउनुभयो।

## मुद्रा र नोटको प्रदर्शनी शुरू

काठमाडौं, (नेस)

नेपाल फिलोटेलिक सोसाइटीले आफ्नो स्वर्ण महोत्सवको अवसरमा काठमाडौंमा शुक्रबारदेखि ३ दिने हुलाक वस्तुमा नेपाली मुद्रा तथा नेपाली नोटहरूको संयुक्त प्रदर्शनी शुरू गरेको छ।

बैंक नोटको बारेमा जानकारी दिने उद्देश्यले शुरू भएको प्रदर्शनीको उद्घाटन नेपाल राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपालले गर्नुभयो। प्रदर्शनीको उद्घाटन गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर नेपालले पैसाको सही सदुपयोग गर्नुपर्ने बताउनुभयो। प्रदर्शनीमा विदेशी नोटहरू, नेपालका १ सय ४८ थरीका नोटहरू राखिएको छ।

बैंक नोटहरूको व्यवस्थापन र उपयोगका बारेमा प्रदर्शनीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा लिइएको नेपाल फिलोटेलिक सोसाइटीका अध्यक्ष शंकर श्रेष्ठले जानकारी दिनुभयो।

**काठ लिलाम विक्री सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशीत मिती: २०७४ असार २५

श्री भोक्टेनी सामुदायीक बन उपभोक्ता समुह साविक साल्धारा ९ हाल खानीखोला ९ काभ्रेपालाञ्चोकको सामुदायीक बनको स्वीकृत बन कार्ययोजना अनुसार आ.व. २०७१/०७२ मा संकलन गरिएको साज जातको थान ४६ को ६१७.९३ क्यू.फि. काठ समुह बाहिर विक्री वितरणको लागी आजको मितीबाट लागु हुने गरी २१ दिने सुचना प्रकाशित गरिएको छ।

**काठ लिलाम विक्री सम्बन्धी सूचना**


प्रथम पटक प्रकाशीत मिती: २०७४ असार २५

श्री बाघभैरब सामुदायीक बन उपभोक्ता समुह साविक मिल्चे ६ हाल खानीखोला ७ काभ्रेपालाञ्चोकको सामुदायीक बनको स्वीकृत बन कार्ययोजना अनुसार आ.व. २०७१/०७२ मा संकलन गरिएको साज जातको थान ९४ को ९४२.३८ क्यू.फि. काठ समुह बाहिर विक्री वितरणको लागी आजको मितीबाट लागु हुने गरी २१ दिने सुचना प्रकाशित गरिएको छ।

**सिनेमा कर्नर**

TODAY'S MOVIES
Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Guest in London
तारेभिर
धनपति
लाल्टिन
ताकतवर
मन्दीरा
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोग बल्झिने सम्भावना, थालेको काम अधुरो, व्यर्थमा धन खर्च।
**वृष** : जीवनसाथीसँगको सम्बन्ध प्रगाढ हुँदा लाभ, समस्या समाधान।
**मिथुन** : धन प्राप्ति, प्रतिस्पर्धीमाथि विजय, पढाइमा सफलता।
**कर्कट** : कार्य सफल, लगानीको प्रतिफल प्राप्ति, इष्टमित्रबाट सहयोग।
**सिंह** : अपच, झाडापखालाको सम्भावना, दिनचर्या अस्तव्यस्त, तनाव।
**कन्या** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सम्मानित हुने सम्भावना।
**तुला** : धन-सम्पत्ति प्राप्ति, बौद्धिक क्षमता वृद्धि, सुख-सन्तोषको अनुभूति।
**वृश्चिक** : खाद्यान्न-मिष्ठान्न भोजन, उपहारादि वस्तु पाइने सम्भावना।
**धनु** : खर्च, धनहानि, चोटपटकको सम्भावना, काममा बाधा-व्यवधान।
**मकर** : कसैबाट केही पाइने सम्भावना, इष्टमित्रबाट सहयोग, सन्तोष।
**कुम्भ** : आनन्दको महसुस, गरेका कामबाट आत्मसन्तुष्टि एवं लाभ।
**मीन** : राज्यका तर्फबाट फाइदा, मान-प्रतिष्ठा वृद्धि, बोलीको कदर।

# नेपाल

अविरल वर्षाका कारण हिमालपारिको जिल्ला मुस्ताङलाई जोड्ने राष्ट्रिय राजमार्ग बेनी-जोमसोम सडक अवरुद्ध हुँदा यात्रुलाई सास्ती भएको छ। बेनी-जोमसोम सडकखण्डअन्तर्गत उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६, भीरकाटेमा कालीगण्डकी नदीले सडक कटान गरेपछि यातायात सेवा अवरुद्ध बनेको हो।

## अन्तरघात गर्ने कांग्रेसलाई कारबाही

गोरखा, (नेस)

गत वैशाख ३१ गते सम्पन्न पहिलो चरणको स्थानीय तहको निर्वाचनमा पार्टीभित्र अन्तरघात गर्ने कार्यकर्तालाई गोरखा कांग्रेसले कारबाही गरेको छ। चुनावमा पार्टीका उम्मेदवारलाई हराउन लागिपर्ने, बागी उम्मेदवार उठ्नेलगायतका गतिविधिमा संलग्न रहेकाहरूलाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको नेपाली कांग्रेसका जिल्ला सचिव नन्दप्रसाद न्यौपानेले जानकारी दिए।

चुनाव सकिएपछिको पटकपटकको समीक्षा बैठकपछि विभिन्न कार्यकर्तालाई कारबाही गरिएको हो। कारबाहीका लागि सचिव न्यौपाने संयोजक रहने गरी कमिटी गठन भएको थियो। समितिमा विश्वदेव श्रेष्ठ र रामप्रसाद भण्डारी रहेको थिए।

कारबाहीमा धावाका पार्टी सभापति इमानसिङ तामाङ, तान्द्राङका टीकाप्रसाद अम्गाईं, वेदप्रसाद लामिछाने, शहीद लखन गाउँपालिका-९ नाम्जुङका श्यामजी काप्रीलाई सुलिकोट गाउँपालिका ५ ताकुमाझलाकुरीबोट वडाध्यक्षमा बागी उठेका ठाकुर भट्टलाई पाँच वर्षसम्म साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको नेपाली कांग्रेस गोरखाले जनाएको छ। कारबाही परेका सबै नेपाली कांग्रेस गोरखाका क्रियाशील सदस्यहरू हुन्। 'पार्टीको राजनीतिक संगठन मजबुत बनाउन कारबाहीको प्रक्रिया अगाडि बढाइएको हो। यस्ता खालका कार्यकर्ताहरूले संगठनको हितमा काम नगर्ने भएपछि कारबाही गरिएको हो।

अहिलेसम्म कसैले कारबाही नगरे पनि हामीले कारबाहीको प्रक्रिया शुरू गरेका हौं' -सचिव न्यौपाने भन्छन्। चुनावमा असहयोग गर्नेहरूलाई कारबाहीको माग गर्दै विभिन्न कार्यकर्ताहरूले पार्टीमा पटकपटक छलफल उठाएपछि कारबाहीको प्रक्रिया अघि बढेको थियो। स्थानीय तह निर्वाचनमा गोरखामा कांग्रेसले एघारमध्ये नौ स्थानीय तहमा जित हात पारेको हो।

# सडक अवरुद्ध हुँदा सास्ती



नेपाल समाचारपत्र

म्याग्दी

अविरल वर्षाका कारण हिमालपारिको जिल्ला मुस्ताङलाई जोड्ने राष्ट्रिय राजमार्ग बेनी-जोमसोम सडक अवरुद्ध हुँदा यात्रुलाई सास्ती भएको छ। बेनी-जोमसोम सडकखण्डअन्तर्गत उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६, भीरकाटेमा कालीगण्डकी नदीले सडक कटान गरेपछि यातायात सेवा अवरुद्ध बनेको हो।

कालीगण्डकी नदीमा बहाव उच्च भएपछि तीन वर्ष पहिले सडक विभागले निर्माण गरेको पक्की पर्खाल नदीले भत्काएको छ। नदी कटानले करिब २० मिटर सडक बगाएपछि बेनी-जोमसोम सडकमा सीधा सवारी यातायात अवरुद्ध भएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष क्याप्टेन डमबहादुर पुनले बताउनुभयो। सडक अवरुद्ध भएपछि उत्तरी म्याग्दीको साथै हिमाली जिल्ला मुस्ताङ जाने पर्यटक, तीर्थयात्री, सर्वसाधारण, यात्रुलगायत समस्यामा परेको उहाँको भनाइ छ।

सिधा यातायातको सम्बन्धबिच्छेद भएपछि यात्रुले सवारीसाधन परिवर्तन गरी यात्रा गर्नुपर्ने झन्झट बेहोरेका छन्। बिहीबार परेको वर्षाले कालीगण्डकी नदीले सडक कटान गरी बगाएको थियो। वर्षाले गर्दा कालीगण्डकीमा उर्लिएको बहावले सडकमा क्षति पुर्‍याएपछि अवरुद्ध बनेको सडक मर्मत गरी खुलाउने प्रयास भइरहेको अध्यक्ष पुनले बताउनुभयो।

अहिले कालीगण्डकी नदीले कटान गरेको ठाउँमा डोजरको सहायताबाट ढुंगा राखेर नदीको बहाव रोकी अस्थायी रूपमा एकतर्फी भए पनि सडक खुलाउने पहल भइरहेको म्याग्दीका प्रहरी नायब उपरीक्षक वसुन्धरा खड्काले बताउनुभयो। उहाँका अनुसार शनिबार साँझसम्म एकतर्फ रूपमा सडक खुलाउने कामलाई तीव्रता दिइएको छ।

सडक भत्किएपछि बेनी, पोखरा र काठमाडौंबाट मुस्ताङका लागि छुटेका सवारीसाधनहरू भीरकाटे र मुस्ताङको जोमसोमबाट छुटेका बस, जिप तथा मालबाहक ट्रक पोखरेबगरमा रोकिएका छन्। बेनी-जोमसोम सडकमा बस, जिप, ट्याक्सी तथा मालवाहक ट्रक गरी दैनिक २ सय बढी सवारीसाधनहरू गुड्ने गर्दछन्।

# निर्वाचित जनप्रतिनिधिका प्रतिबद्धता

कविराज नेपाल, पाल्पा

स्थानीय निर्वाचनपछि पाल्पाका जनप्रतिनिधिहरूले पदवहालीसँगै आ-आफ्नो स्थानीय तहमा विकासका प्राथमिकतालाई सूचीबद्ध गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्न थालेका छन्।

पाल्पाका नवनिर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूले खानेपानी, सडक, विद्युत्, स्वास्थ्य र शिक्षाजस्ता साझा मुद्दालाई पहिलो प्राथमिकतामा राखी काम गर्ने बताएका छन्। जनताबाट निर्वाचित भएपछि जनप्रतिनिधिले जनताले राहत महसुस हुने गरी आफूहरूले काम गर्ने बताएका हुन्। आ-आफ्नो क्षेत्रमा अलगअलग किसिमका चुनावी मुद्दा लिएर चुनाव जितेपछि उनीहरूले यस्तो बताएका हुन्।

तानसेन नगरपालिकाका मेयर अशोककुमार शाहीले नगरमा खानेपानी, ढल, फोहोर व्यवस्थापनदेखि नगरका सबै टोलबस्तीमा १२ महिनै सहज यातायात पुर्‍याउने गरी कामको शुरुआत गर्ने प्रतिबद्धता गरेका छन्। शपथग्रहणलगत्तै नगरप्रमुख शाहीको अध्यक्षतामा बसेको पहिलो बैठकले नगरपालिकाले गर्ने हरेक काम, आम्दानी र खर्च २४ घण्टाभित्र सार्वजनिक गर्ने निर्णय गरेको छ।

'२०५४ सालमा कचल गाविसको अध्यक्ष थिएँ, अहिले सो गाविससहित बनेको तिनाउ गाउँपालिको अध्यक्षमा निर्वाचित भएको छु', जनताको पहिलो समस्या भनेको खानेपानी हो, दोस्रो टोलटोल, बस्तीबस्तीमा यातायात पुर्‍याउने रहेको छ। सोहीअनुसार योजना बनाएर काम गर्नेछु' -तिनाउ गाउँपालिकाका अध्यक्ष ओमबहादुर घर्तीमगर भन्छन्।

रिब्दीकोट गाउँपालिकाका अध्यक्ष नारायणबहादुर जिसीले- '५ वर्षे र १५ वर्षे योजना बनाएर काम शुरू गर्ने बताउँदै जसमा जनताको पहिलो आवश्यकता एक घर एक धारा, विद्युत् र वडा वडामा सञ्चालन भएका प्रमुख सडकहरूको स्तरोन्नति रहेकाले ती कामलाई पहिलो प्राथमिकता दिने बताउँछन्।

'निर्वाचन प्रचारप्रसारका क्रममा जनताको माग थियो, हामीलाई पानी दिनुस्, बाटो दिनुस्, गाउँघरमै डाक्टर दिनुस्, सोहीअनुसारको कामलाई पहिलो प्राथमिकता दिनेछु' -माथागढी गाउँपालिकाका अध्यक्ष सन्तोष थापा भन्छन्।

शपथग्रहण र पदभार ग्रहणपछि बसेको बगनासकाली गाउँपालिकाको पहिलो बैठकले वृद्धवृद्धाहरूलाई कार्यालयमा नआई, घरघरमै सामाजिक सुरक्षा भत्ता पुर्‍याउने निर्णय गरेको छ। बैठकमा अध्यक्ष कृष्णप्रसाद बस्यालले आफ्नो सम्पूर्ण तलबको अक्षयकोष खडा गरी गरिब, विपन्न र दैवीप्रकोपको उद्धारमा खर्च गर्ने घोषणा गरेका छन्।

पाल्पामा तानसेन नगरपालिका, रामपुर नगरपालिकासहित ८ गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्षसहित ४ सय २५ जना जनप्रतिधिले शपथग्रहण गरी जनताको काम गर्न थालेका छन्।


पाल्पाली जनताले ठूला-ठूला मागभन्दा पनि घरघरमा खानेपानीको सुविधा, टोलटोलमा यातायातको सहजता, २४ घण्टा बिजुली बत्तीको व्यवस्था, वडा वडामा डाक्टरसहितको अस्पताल, राम्रो पढाइ हुने विद्यालयको माग गर्दै आएका छन्।

रामपुर नगरपालिकाका नवनिर्वाचित मेयर रमणबहादुर थापाले रामपुर नगरपालिकालाई खरको छानोरहित नगर बनाउने बताएका छन्। सोमबार पद तथा गोपनीयताको शपथ ग्रहणसँगै थापाले जनताको चाहनाअनुसार नगरभित्रका बस्तीहरूका खरको छानो हटाउने बताए।

नगरका बस्तीहरूमा पुग्दा खरका छानो चुहिएर बोरा तथा टिनका टुक्राले टालेर गुजारा चलाउन बाध्य भएको भन्दै जनतालाई सुरक्षित आवासको व्यवस्था गर्ने उद्देश्यका साथ खरका छानो भएका घरहरूको तथ्यांक संकलन गर्ने बताए। उनले जनताको इच्छाअनुसार आफ्नो व्यवस्थाले छानो निर्माण गर्छु भन्ने परिवारलाई आफ्नै तरिकाले निर्माण गर्न दिने तर नगरभित्रका निम्न वर्गका परिवारलाई जस्ता वितरण गरेर नगरलाई खरको छानोरहित बनाउने उद्घोष गरेका छन्।

दुई नगरपालिका र आठवटा गाउँपालिका रहेको पाल्पा जिल्लामा नेपाली कांग्रेस र एमालेले एक/एक नगरपालिका, चार गाउँपालिका अध्यक्ष र एक गाउँपालिका उपाध्यक्ष एमाले तथा तीन गाउँपालिका अध्यक्ष नेपाली कांग्रेसले जितेको छ भने चारवटा वडा अध्यक्षमा माओवादी केन्द्रले विजय हासिल गरेको छ।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

# सामाजिक परिचालक महिला नेतृत्वमा

नेपाल समाचारपत्र

बैतडी

असार १४ गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनले बैतडीका १० ओटा स्थानीय तहका उपप्रमुखमा १० जना महिलालाई निर्वाचित गरेको छ। यस्तै ८४ वडामा महिला सदस्य र दलित महिला सदस्य गरेर १ सय ६८ जना महिला निर्वाचित भएका छन्।

गाउँपालिका तथा नगरपालिकामा निर्वाचित भएका उपप्रमुख १० जना महिला कुनै न कुनै रूपमा सामाजिक क्षेत्रमा सक्रिय रहेका पाइएका छन्। उपप्रमुखमा निर्वाचित धेरै जसो महिला विभिन्न सरकारी तथा गैरसरकारी निकायमा सामाजिक परिचालकको भूमिकामा निर्वाह गरिरहेका थिए।

सामाजिक परिचालनको क्षेत्रबाटै राजनीतिक ज्ञान प्राप्त भएकाले आफू राजनीतिमा होमिएको मेलौली नगरपालिकाका उपमेयर राधा ओझाले बताउनुभयो। बैतडीका १० उपप्रमुख मध्ये दुईजनाबाहेक सक्रिय राजनीतिभन्दा यसअघि सामाजिक क्षेत्रमै क्रियाशील महिलाहरू नेतृत्वमा चयन भएका छन्।

जिल्लाको पुरानो नगरपालिका दशरथचन्द नगरपालिकाको उपमेयरमा निर्वाचित मीना चन्द शिक्षक पेशाबाट राजीनामा गरेर चुनावमा लड्नुभएको थियो। पञ्चेश्वर गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित विना भट्ट गरिबी निवारण कोषको सामाजिक परिचालनक रहनुभएको थियो भने शिवनाथ गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित कुस्मा चन्द जिल्ला विकास समितिअन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सामाजिक परिचालक हुनुहुन्थ्यो।

यसै गरी मेलौली नगरपालिकाकी उपमेयर राधा ओझाले पनि जिल्ला विकास समितिअन्तर्गत नै सामाजिक परिचालकका रूपमा काम गर्नुभएको थियो भने पाटन नगरपालिकाकी उपमेयर सरस्वती कोली हलियामुक्ति आन्दोलनसँगै एउटा गैरसरकारी संस्थामा सामाजिक परिचालकका रूपमा कार्यरत हुनुहुन्थ्यो।

दोगडाकेदार गाउँपालिकाकी उपाध्यक्ष पार्वती ऐरी कार्की, सुर्नया गाउँपालिकाकी उपाध्यक्ष लीला विष्ट र सिगास गाउँपालिकाकी उपाध्यक्ष द्रोपती चन्द पनि यसअघि गैरसरकारी संस्थामा सामाजिक परिचालकको रूपमा कार्यरत रहेका थिए। सामाजिक परिचालनको क्षेत्रबाट महिला सशक्तीकरणका धेरै कुरा सिकिएको र आफूले सिकेका कुराहरूलाई कार्यान्वयन गराउन राजनीतिमा लागेको सुर्नया गाउँपालिकाकी उपाध्यक्ष लीला विष्टले बताउनुभयो। सामाजिक परिचालनका क्षेत्रबाट प्राप्त सीपलाई कार्यान्वयनमा गर्न राजनीतिक नेतृत्वमा जानु निकै सुखद भएको जिल्ला समन्वय समितिका कार्यक्रम अधिकृत अम्बादत्त अवस्थीले बताउनुभयो।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असार
आइतबार
२५

सरकारले केही वर्ष पहिलेदेखि नै संयुक्त जग्गाधनी लालपुर्जाको मान्यता दिए पनि रुकुमा भने पहिलोपटक श्रीमान्को नाममा भएको जग्गा श्रीमान् र श्रीमतीको नाममा संयुक्त पुर्जा हुने गरी रजिस्ट्रेसन गरिएको हो।



# दुई मिनेट

## सुनका गहनासहित भारतीय पक्राउ

बाँके, (नेस)

सुन गरगहनासहित प्रहरीले एक भारतीयलाई नेपालगन्जबाट नियन्त्रणमा लिएको छ। विभिन्न किसिमका गहना बिक्री गर्नका लागि नेपालगन्ज आइपुगेका भारत पञ्जाबका कुलविन्द्र सिंहलाई प्रहरीले १ सय ५३.६९० ग्राम गहनासहित नियन्त्रणमा लिएको हो। फुली, टपलगायतका गहनाको मूल्य ६ लाख ९९ हजार ६ सय ६८ रुपियाँ रहेको बुझिएको छ। गहनाहरू सुन मिश्रित थिए। प्रहरीले ल्याबमा टेस्ट गर्दा सबैजसो गहनामा ३० प्रतिशत सुन देखिएको छ।

## अभिमुखीकरण तालिम शुरू

भद्रपुर, (नेस)

सेवाग्राहीलाई कम्प्युटर सफ्टवेयरमार्फत् चुस्तदुरुस्त सेवा प्रदान गर्ने उद्देश्यका साथ झापाको भद्रपुरमा चारदिने नागरिकता तथा सूचना प्रविधिसम्बन्धी अभिमुखीकरण तालिम शनिबारदेखि शुरू भएको छ। प्रदेश नम्बर १ का एउटा क्षेत्रीय प्रशासन कार्यालयसहित १४ वटा जिल्ला प्रशासान कार्यालय र १६ वटा इलाका प्रशासन कार्यालयका कर्मचारीलाई गृह मन्त्रलायले तालिम दिन शुरू गरेको हो।

## दुर्घटनामा १२ घाइते

गोरखा, (नेस)

गोरखा नगरपालिका-१२ को नौकिलोमा मालवाहक ट्रकले माइक्रोबसलाई ठक्कर दिँदा १२ जना यात्रु घाइते भएका छन्। गोरखा सदरमुकामदेखि गोरखा तनहुँको आँबुखैरेनीतर्फ गइरहेको ग१ज ५८६० नम्बरको माइक्रो र तनहुँको आँबुखैरेनीबाट गोरखातर्फ आइरहेको ना६ख ७०४३ नम्बरको ट्रक एक-आपसमा ठोक्किँदा माइक्रोबसमा सवार १२ जना यात्रु घाइते भएको जिल्ला प्रहरी कार्यालय गोरखाका डीएसपी वीरेन्द्र थापाले जानकारी दिए।

घाइतेहरूको तनहुँ आँबुखैरेनीस्थित छिम्केश्वरी हस्पिटलमा उपचार भइरहेको प्रहरीले जनाएको छ। गम्भीर घाइते सुस्मिता दवाडीलाई भने थप उपचारका लागि पोखरा रिफर गरिएको छ। उनको टाउकोमा चोट लागेकाले थप उपचारका लागि रिफर गरिएको प्रहरीले जनाएको छ। घटनाको थप विवरण आउन बाँकी छ।

## एमालेको सफलता

भद्रपुर, (नेस)

भरखरै सम्पन्न दोस्रो स्थानीय तहको निर्वाचनमा नेकपा एमाले भद्रपुरले ७३ प्रतिशत सफलता हासिल गरेको जनाएको छ। निर्वाचित भएको दुई दिनपछि शनिबार बिहान भद्रपुर नगरपालिकाको संयुक्त वडा कार्यालय चन्द्रगढीमा निर्वाचन परिचालन समितिले आयोजना गरेको कार्यक्रममा यस्तो जानकारी गराएको हो। निर्वाचनको क्रममा भद्रपुर नगरपालिकाको निर्वाचन र मतगणना शान्तिपूर्ण ढंगले सम्पन्न भई भद्रपुर नगरको १० वडामा ५२ जना जनप्रतिनिधिमध्ये मेयर र उपमेयर गरी ३८ जना निर्वाचित भएको जनाएको छ। निर्वाचित सदस्यलाई गणना गर्दा झन्डै ७३ प्रतिशत सफलता हात परेको जनाएको छ।

## करेन्ट लागेर मृत्यु

बाँक, (नेस)

बाँके हवल्दारपुरका रामकुमार गोडियाको करेन्ट लागेर मृत्यु भएको छ। कोहलपुर नगरपालिका-१४, हवल्दारपुरका गोडियालाई बिहान मोटरमा प्लग जोड्ने क्रममा करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएका गोडियाको उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो। २५ वर्षे गोडिया बिहान उठेपछि मोटरको तार जोड्न गएका थिए। नांगो तार प्लगमा जोड्ने क्रममा करेन्ट लागेको थियो।

## नापी कार्यालयमा जान नपर्ने

लमजुङ, (नेस)


सेवाग्राही ट्रेस नक्सा लिनका लागि अब नापी कार्यालयमा जान नपर्ने भएको छ। बैंकका प्रतिनिधिमार्फत् काम गर्ने व्यवस्था मिलाइए पनि सेवाग्राहीले सो सुविधा पाएका हुन्। ट्रेस नक्सामा बैंकका प्रतिनिधि र नापी कार्यालयका प्रतिनिधिले हस्ताक्षर गर्ने भएकाले सेवाग्राहीलाई कुनै दुःख नहोस् भनेर सिधै बैंकका प्रतिनिधिमार्फत् काम गर्ने व्यवस्था मिलाइएको नापी अधिकृत डिल्लीबहादुर वलीले बताउनुभयो।

उहाँका अनुसार ट्रेस नक्साका लागि सेवाग्राहीले प्रतिकित्ता १ सय रुपियाँ तिर्नुपर्ने हुन्छ। ट्रेस नक्सा सेवाग्राहीले जुन बैंकसँग कारोबार गर्न खोजेको हो सोही बैंकमार्फत् नै उपलब्ध हुने नापीका प्रमुख डिल्लीबहादुर वलीले बताउनुभयो। उहाँका अनुसार मालपोत कार्यालयले ट्रेस नक्सा, ब्लुप्रिन्ट नक्सा, कित्ताकाट, फिल्ड रेखांकनलगायतको काम गर्दै आएको छ।

# फोहोर फाल्न समस्या

कुमार श्रेष्ठ, बाँके

नेपालगन्ज उपमहानगरपालिकाका सरसफाइ शाखाका प्रमुख अशोक केसी शनिबार बिहान हस्याङ-फस्याङ गर्दै कार्यालयको प्रवेशद्वार अगाडि भेटिए। पसिनाले निथ्रुक्क भिजेका केसी बिहानैदेखि फोहोर फाल्ने ठाउँ खोज्दै हिँडेका थिए।




'तपाईंले चिनेको या कतै खाल्डो जग्गा देख्नुभएको छ?' केसी भन्दै थिए, कहीं त्यस्तो जग्गा भेटिएन फोहोर कहाँ फाल्ने होला ? नेपालगञ्जको बुलबुलिया पछाडीको खाल्डो जमिन पुरिएपछि जग्गा धनीले त्यहाँ फोहोर फाल्न रोक लगाएकाले नगरपालिकाका कर्मचारी केसी यसरी छटपटिएका हुन्। जग्गाधनीले फोहोर फाल्न रोक लगाउँदा लगाउँदै शुक्रबार बिहान नगरपालिकाका कर्मचारीले त्यही फोहोर फालेका थिए। नगरपालिकाको टोली फर्किएपछि निजी क्षेत्रका फोहोर संकलक ट्याक्टरसहित त्यहाँ पुग्दा कुटाइ खाए। ट्याक्टर चालक बड्कु सिंह, सहयोगीहरू महेश वाल्मीकि र गुड्डु वाल्मीकिलाई जग्गा धनीले कुटेर पठाए। त्यसपछि फोहोर फाल्न नपाएपछि एक ट्याक्टर फोहोरसहित रातभरि नगरपालिका कार्यालयमा राखिएको थियो।

नेपालगन्ज नगरपालिकाले वर्षौंदेखि बुलबुलियास्थित व्यक्तिको खाल्डो जग्गामा फोहोर फालेको थियो। खाल्डो पुरिएपछि जग्गाधनीले त्यहाँ फोहोर फाल्न रोक लगाए। त्यसपछि नगरपालिकाले त्यही नजिकको अर्को खाल्डो जग्गामा फोहोर फाल्न थाल्यो। त्यो पनि पुरिएपछि फोहोर फाल्न रोक लगाइयो। केही दिनदेखि त्यही आसपासमा लुकिछिपी फोहोर फालिएको थियो। शुक्रबार अपराह्नदेखि त्यो भण्डाफोर भएको छ।

नेपालगन्ज नगरपालिकाको आफ्नै डम्पिङसाइड नहुँदा समस्या झेलिरहेको छ। साविकको हिरमिनियामा डम्पिङसाइड बनाउने भनिए पनि काम द्रुतगतिमा अघि बढ्न सकेको छैन। अहिलेसम्म नेपालगन्ज नगरपालिकाको साविकका १७ वटा वडाबाट मात्रै फोहोर संकलन हुन्छ। सरसफाइ शाखाका प्रमुख केसीका अनुसार, ३२ टनजति दैनिक फोहोर संकलन हुन्छ। त्यसमा नगरपालिका र निजी क्षेत्र गरी २५ टनजति उही दिन व्यवस्थापन हुन्छ। बाँकी फोहोर सडकमै छरिन्छन्।

नेपालगन्ज नगरपालिकासँग चार र तीनवटा निजी क्षेत्रका ट्याक्टरले फोहोर संकलन गर्छन्। उही दिनको फोहोर त्यसै दिन व्यवस्थापन हुन नसक्दा नेपालगञ्जले 'फोहोरी शहर' को उपमा पाएको छ।

शनिबार नै दिउँसो 'आज फोहोर कहाँ फालियो त ? भनेर फोनमा सोध्दा केसीले मुस्किलले बुलबुलियामै अर्को खाल्डो जग्गामा मिलाएको बताउनुभयो। केही दिनका लागि स्थानीय पप्पु कुरैसीको जग्गामा फोहोर फाल्ने व्यवस्थापन मिलाएको केसीले जानकारी दिनुभयो। 'बिहानैदेखि दौडादौडीमा थिए, मुस्किलले कुरैसीले फोहोर फाल्न दिए', केसीले भन्नुभयो- 'केही दिनका लागि ढुक्क भयो।' नगरपालिका कर्मचारीले फोहोर फाल्नका लागि कुरैसीसँग मौखिक सहमति गरेका छन्।

चुनावका बेला नेपालगन्जलाई 'सफा' शहर बनाउने सबै पार्टीको एजेन्डा थियो। नवनिर्वाचित मेयर डा. धवलशमशेर राणाले कार्यालय प्रवेश गर्दादेखि नै फोहोर व्यवस्थापनमा चासो देखाए पनि समस्या तत्काल समाधान हुने छाँट देखिएको छैन। 'फोहोर फाल्ने आफ्नो ठाउँ छैन, अर्काको जग्गामा कहिले रोक लगाउने हो थाहै हुँदैन' -कर्मचारीहरू भन्छन्।

# रुकुममा पहिलोपटक संयुक्त लालपुर्जा प्रदान

धनवीर दाहाल, रुकुम

रुकुममा पहिलोपटक संयुक्त लालपुर्जा प्रदान गरिएको छ। आठबीसकोट नगरपालिकाका एक जोडीले पहिलोपटक संयुक्त जग्गाधनी लालपुर्जा बनाएका हुन्। घर जग्गामा दुवैको समान अधिकार स्थापित गर्नका लागि आठबीसकोट नगरपालिका-११ का लालवीर कामी र विमला कामीले जिल्ला मालपोत कार्यालयमार्फत् संयुक्त जग्गाधनी पुर्जा प्राप्त गरेका हुन्।



सरकारले केही वर्ष पहिलेदेखि नै संयुक्त जग्गाधनी लालपुर्जाको मान्यता दिए पनि रुकुमा भने पहिलोपटक श्रीमान्को नाममा भएको जग्गा श्रीमान् र श्रीमतीको नाममा संयुक्त पुर्जा हुने गरी रजिस्ट्रेसन गरिएको हो। यहाँ पछिल्लो समय महिलाको नाममा जग्गा रजिस्ट्रेसन गर्नेको संख्यामा वृद्धि भए पनि अहिलेसम्म कसैले पनि संयुक्त जग्गा धनी पुर्जा बनाएका थिएनन्। तर लालवीर र विमलाले पहिलोपटक संयुक्त पुर्जा बनाएको जिल्ला मालपोत कार्यालयका सूचना अधिकारी डिल्ली खड्काले बताउनुभयो।

सम्पत्तिमा पनि बराबर स्वामित्व बनाउनका लागि आफ्नो नाममा रहेको एक हजार क्षेत्रफल जग्गालाई दुवैको नाममा गराएको लालवीरले बताउनुभयो। युनाइटेड मिसन टु नेपाल रुकुम कलस्टर र नेपाल जनजागरण मञ्चको सहजीकरणमा सञ्चालित खाद्य सुरक्षित उत्थानशील समुदाय निर्माण परियोजनाअन्तर्गत समुदायमा गठन भएका महिला सशक्तीकरण केन्द्रमा भएको छलफलबाट आफ्नो नाममा पनि सम्पत्ति हुनुपर्ने आफूले थाहा पाएको विमलाले बताउनुभयो। आफ्नो नाममा पनि जग्गा हुँदा आफूले साँच्चीकै नयाँ जीवन पाएजस्तो अनुभूति भएको उहाँको भनाइ छ।

## साउदलाई काम नगराउन अन्तरिम आदेश

अछाम, (नेस)

नेकपा एमालेका तर्फबाट उम्मेदवार भई निर्वाचित भएका अछामको चौरपाटी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष हर्कबहादुर साउदलाई अध्यक्षको हैसियतले कुनै पनि काम नगर्न/नगराउन उच्च अदालत दिपायल राजपुरले अन्तरिम आदेश जारी गरेको छ। नेपाली कांग्रेसका तर्फबाट उमेदवार रहेका चौरपाटी गाउँपालिका-२ बस्ने भीमबहादुर साउदले आफ्नो गाउँपालिकाको पुनः मतगणना गरी पाऊँ भनी उच्च अदालत दिपायलमा निवेदन दर्ता गरेपछि शुक्रबार उच्च अदालत दिपायल राजपुरले निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा ४१ (२) ४२, ४३, ४४ तथा उच्च अदालत नियमावली २०७३ को नियम ४१ (१) (क) बमोजिम उक्त अन्तरिम आदेश जारी गरेको हो।

'प्रस्तुत अन्तरिम आदेशलाई निरन्तरता दिनुपर्ने नपर्ने सम्बन्धमा दुवै पक्ष राखी छलफल गर्न उपयुक्त हुने देखिँदा मिति २०७४ श्रावण ८ गते आइतबार दिनको ११ बजे अन्तरिम आदेशको छलफलका लागि उपस्थित हुन आउनु भनी विपक्षीहरूलाई सूचना दिई निवेदकलाई सोहीबमोजिम तारेख तोकी नियमानुसार पेस गर्नु' -भनी उच्च अदालतद्वारा जारी गरिएको अन्तरिम आदेशमा भनिएको छ।


## नेपाल कमर्श क्याम्पस
मिनभवन, वानेश्वर

### सूचि दर्ता सम्बन्धी सूचना

प्रकाशित मिति :२०७४/०३/२५

आ.व. २०७४/०७५ का लागि यस क्याम्पसको अभिलेखमा रहने गरी देहाय अनुसारको विविध प्रकारका कार्य गर्नका लागि ईच्छुक इजाजत प्राप्त अनुभवी कालो सूचिमा नपरेको फर्म, कम्पनी तथा सप्लायर्सहरुले त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० संशोधितको परिच्छेद ११ को ४९ थ अनुसार कारोवार गर्न पाउने इजाजत पत्रको प्रमाण पत्र, मुल्य अभिवद्धि कर दर्ताको प्रमाण पत्रहरु र आ.व. ०७२/०७३ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको १५ दिन भित्र आवेदन शुल्क वापत रु ३००।- (तीन सय) (फिर्ता नहुने) वानेश्वर स्थित प्राइम कमर्सियल बैकको खाता नं. ००६००७३५CA मा जम्मा गरेको सक्कल भौचर वा यस क्याम्पसको लेखा शाखामा रसिद काटी विषयगत समुह स्पष्ट उल्लेख गरी कार्यालय समय भित्र सूचि दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। एक भन्दा वढि समुहमा सूचि दर्ता गर्न चाहनेले छुट्टाछुटै आवेदन गर्नुपर्ने छ। म्याद नाघि प्राप्त हुन आएको र रित नपुगेको दरखास्तलाई मान्यता दिइने छैन।

**सूचि दर्ताको समूह :**

१. स्टेशनरीका सामानहरु
२. धारा तथा वाथरुमका सामानहरु
३. फर्निचर तथा फर्निसिङ्गका सामानहरु
४. इलेक्ट्रोनिक्स, टेलिफोनका सामानहरु
५. विद्युत सम्बन्धी सामानहरु
६. कम्प्युटर, प्रिन्टर, यु.पि.एस., मल्टिमिडिया, फोटोकपी, टोनर,नक्बरीङ्ग मेसिन, एवं त्यससँग सम्बन्धी पार्ट पूर्जाहरु
७. रङ्ग रोगन कार्यहरु/रङ्ग रोगनका सामानहरु
८. इन्टरनेट नेटवर्किङ्ग र सफ्टवेयर सम्बन्धी कार्यहरु
९. सवारी साधन मर्मत कार्य तथा सवारी साधनका पाटपुर्जाका समानहरु
१०. निर्माण व्यवसायीद्वारा गरिने मर्मत तथा सम्भार सम्वन्धी कार्य
११. इन्जिनियरिङ्ग परामर्श सेवा
१२. विज्ञापन/सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी
१३. पुस्तक, जर्नल, पत्रपत्रिका खरिद सम्बन्धी सेवा
१४. टेण्ड भञ्च, सजावट, र क्याटरिङ्ग (लन्च, डिनर, जलपानका लागि त्यससँग सम्वन्धीत)
१५. टुर एण्ड ट्राभल
१६. खेलकुद सम्वन्धीत सामाग्रीहरु
१७. कार्यालयसँग सम्वन्धीत विविध सेवाहरु


# नदीमा भेटिएको शवको पहिचान

पर्वत, (नेस)

दुई साताअघि बेवारिसे रूपमा कालीगण्डकी नदी किनारमा भेटिएको शव बेपत्ता शिक्षक नारायण पौडेलको भएको प्रहरीले पुष्टि गरेको छ। डीएनए परीक्षणमा शव बेपत्ता शिक्षककै भएको पुष्टि भएको प्रहरी नायब उपरीक्षक शेखर खनालले जानकारी दिनुभयो। शवसँग पौडेलको बाबु, आमाको रगत पठाएका थियौं, डीएनए परीक्षणमा मिलेको रिपोर्ट प्राप्त भएको उहाँले बताउनुभयो।

पर्वतका कुश्मा नगरपालिका-९ कटुवाचौपारीस्थित आइबल एकेडेमीका शिक्षक पौडेल जेठ २५ देखि बेपत्ता थिए। दुई सातापछि बागलुङको जैमिनी नगरपालिकाअन्तर्गत कालीगण्डकी नदी किनारमा शव भेटिएको थियो। उक्त शव पौडेलकै भए/नभएको विषयमा पुष्टि गर्न प्रहरीले डीएनए परीक्षणका लागि राजधानी पठाएको थियो।


## हार्दिक श्रद्धाञ्जली तथा समवेदना



जन्म : २००४/११/०३ | **स्व. प्रतापी प्रसाद अर्याल** | स्वर्गारोहण : २०७४/०३ /१३

हाम्रा सहकर्मी मित्र तथा ब्लुबर्ड एजुकेसन नेटवर्क ललितपुरका शुभचिन्तक, प्रकाश अर्यालका पिता **प्रतापी प्रसाद अर्याल**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं। उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा उहाँले मानवसमाजलाई दिनुभएको योगदान हाम्रालागि सदैव अविष्मरणीय र प्रेरणादायी रहने कुराको स्मरण गर्दै स्वर्गवासीआत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद् घडीमा धैर्यधारण गर्ने शक्तिमिलोस् भनी भगवान्सँग प्रार्थनागर्दै शोकाकुल परिवारजन, आफन्त तथा इष्टमित्रप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**ब्लुबर्ड एजुकेसन नेटवर्क**

**ब्लुबर्ड कलेज**

**ब्लुबर्ड माध्यमिक विद्यालय,**
**कुमारीपाटी, ललितपुर**

**प्रज्ञा अङ्ग्रेजी माध्यमिक विद्यालय,**
**नरेफाँट, कोटेश्वर, काठमाडौं**

## हार्दिक श्रद्धाञ्जली



जन्मः २०२५/४/९ | स्वर्गारोहणः २०७४/३/१३

**स्व. कमल सुनुवार**

नेपाली कांग्रेसको क्षेत्रिय सचिव ओखलढुङ्गा जिल्ला खिजी डेम्बा गा.बि.स का अति मिलनसार श्रद्धेय बुवा/दाजु **कमल सुनुवारको** आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गदछौं।

**श्रीमती: मेनकुमारी सुनुवार**

**छोरा**: सुजन सुनुवार
**छोरी**: कुन्ता, सुचना, प्रितिकला, सबिना
**दाजुभाउजुः** सोम बहादुर, जुनु सुनुवार
**भतिजा/भतिजीहरुः** सन्तोष, सन्दीप, अजित, राधा सुनुवार
**मित्रजनहरुः** विनोद चालीसे, लक्ष्मी चालीसे, जय बहादुर तामाङ, तिर्थ बहादुर तामाङ

## काठ लिलाम विक्री सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशीत मिती: २०७४ असार २५**

**श्री बाघभैरब सामुदायीक बन उपभोक्ता समुह साविक मिल्चे ६ हाल खानीखोला ७ काभ्रेपालाञ्चोकको सामुदायीक बनको स्वीकृत बन कार्ययोजना अनुसार आ.व. २०७१/०७२ मा संकलन गरिएको साज जातको थान ९४ को ९४२.३८ क्यू.फि. काठ समुह बाहिर विक्री वितरणको लागी आजको मितीबाट लागु हुने गरी २१ दिने सूचना प्रकाशित गरिएको छ।**

## काठ लिलाम विक्री सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशीत मिती: २०७४ असार २५**

**श्री भोक्टेनी सामुदायीक बन उपभोक्ता समुह साविक साल्धारा ९ हाल खानीखोला ९ काभ्रेपालाञ्चोकको सामुदायीक बनको स्वीकृत वन कार्ययोजना अनुसार आ.व. २०७१/०७२ मा संकलन गरिएको साज जातको थान ४६ को ६१७.९३ क्यू.फि. काठ समुह बाहिर विक्री वितरणको लागी आजको मितीबाट लागु हुने गरी २१ दिने सूचना प्रकाशित गरिएको छ।**

# विश्व

**तनाव**

जर्मनीको हयाम्वर्गमा भइरहेको जी-२० शिखर सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपतिद्वारा आयोजित ब्रिक्स राष्ट्रहरूको भेटघाट कार्यक्रममा राष्टपति सी जिन पिङसँग हात मिलाउँदै भारतका प्रधानमन्त्री नरेन्द्र मोदी। ती दुई छिमेकीबीच हाल सीमा विवादका कारण तनावको स्थिति रहेको छ।



**खुसीयाली**

उत्तर कोरियाको राजधानी प्योङयाङमा देशले अन्तरमहाद्विपीय क्षेप्यास्त्रको सफल परीक्षण गरेकोमा खुसीयाली मनाउँदै उत्तर कोरियाली नागरिक।



## विश्व २ मिनेट

### चीन

## चिनियाँ नागरिकलाई सचेत

बेइजिङ, (एजेन्सी)

भारत र चीनबीच विगत एक महिनादेखि जारी सीमा विवादलाई ध्यानमा राखी चीनले आफ्नो नागरिकका लागि सचेत रहन परामर्श जारी गरेको छ। दिल्लीस्थित चीनको दूतावासले आफ्ना नागरिकलाई दिएको उक्त परामर्शमा यो चेतावनी नभई भारतमा रहेका चिनियाँ नागरिकलाई सचेत रहन सलाह मात्र दिएको जनाएको छ। चीनले भारतमा रहेका आफ्ना नागरिकको सुरक्षा स्थिति बुझ्न र आवश्यक कदम उठाउन पनि भनेको छ। चीन र भारत बीच सिक्किमको डोङलाङ क्षेत्रलाई लिएर तनावको स्थिति छ। चीनले आफ्नो दाबी गर्दै आइरेहको डोङलाङलाई भुटानले पनि आफ्नो दाबी गरेको छ।

### भारत

## म डराउँदिन : लालु

पटना, (एजेन्सी)

भारतको राष्ट्रिय जनता दलका प्रमुख तथा विहारका पूर्वमुख्यमन्त्री लालुप्रसाद यादवले उनको घरमा भइरहेको सीबीआईको छापा र एफआईआर दर्ता बदलाको भावनाले गरेको आरोप लगाएको छ। उनले प्रधानमन्त्री मोदीलाई पदबाट हटाएरै आराम लिने प्रतिज्ञा गरे। आफूले कुनै गलत काम नगरेको र आफूविरुद्ध भाजपा र आरएसएसले षड्यन्त्र गरिरहेको बताए। सीबीआईले सन् २००६ मा लालुप्रसाद रेलमन्त्री हुँदा रेलवेको राँची र पुरीस्थित दुई वटा होटलको टेन्डर एउटा निजी कम्पनीलाई दिएको र त्यसबाट लालुको परिवारले दुई एकड जमिन हासिल गरेको आरोपमा मुद्दा दर्ता गरेको छ।

### रूस

## सिरियाली विपक्षीको योजना

मस्को , (एजेन्सी)

सिरियाली राष्ट्रपति बसर अल असदको सत्ताविरुद्ध सैन्य कारबाही तीव्र पारेपछि सिरियाली लडाकू रसायनिक हतियार आक्रमणको योजना बनाइरहेको रुसले दाबी गरेको छ। सिरियाली सरकारी बलविरुद्ध अमेरिकी आक्रमणलाई सहयोग पुर्‍याउन 'सिरियाली आतकवादी समूहहरू' ले विशाक्त, रसायनिक पदार्थ प्रयोग गरी उत्तेजना फैलाउने योजना बनाइरहेको पछिल्लो सूचनाले देखाएको रुसी विदेश मन्त्रालय प्रवक्ता मेरिया जाखारोवाले जानकारी दिएकी छिन्। उक्त आक्रमण विपक्षी क्षेत्र पूर्वी घौटा जस्तो बाक्लो जनसंख्या भएको क्षेत्रमा हुन सक्ने धेरै सम्भावना भएको उनले बताइन्।

### भारत

## दुई मारिए

श्रीनगर, (एजेन्सी)

जम्मु कास्मिरको पुछ इलाकामा पाकिस्ताको तर्फबाट शनिबार बिहान भएको गोलाबारीमा एकै परिवारका दुई जनाको मृत्यु भएको छ। उक्त घटनामा अन्य थुप्रै घाइते भएका छन्। त्यसै गरी बान्दिपोरा जिलाको हाजिनमा शुक्रबार राति सेनाको गस्तीलाई एम्बुसमा पारी भएको हमलामा तीन भारतीय सैनिक घाइते भएको जनाइएको छ। शनिबार हिज्बुल मुजाहिद्दिनका कमान्डर बुरहान वानीको वार्षिकी भएकाले राज्यमा अलर्ट जारी गरिएको थियो। बुरहानको जन्मथलो त्रालमा कर्फ्यु लगाइएको छ। गत वर्ष जुलाई ८ मा एक भिडन्तमा उनी मारिएका थिए।

# भारतलाई अत्याधुनिक हतियार दिएमा सन्तुलन बिग्रने

इस्लामावाद, (एजेन्सी)

भारतलाई नवीन प्रविधियुक्त अत्याधुनिक हतियार आपूर्तिले दक्षिण एसिया क्षेत्रमा रणनितिक सन्तुलन बिग्रने र त्यसबाट झन् खराबस्थिति निम्त्याउन सक्ने पाकिस्तानले बताएको छ।

हालै मात्र अमेरिकाले भारतलाई प्रिडेटर गार्जियन ड्रोन दिन निर्णय गरेको हो। यसलाई लिएर पाकिस्तानले चिन्ता व्यक्त गरेको हो। यो ड्रोन अत्यन्त खतरनाक र अत्याधुनिक मानिन्छ। अमेरिकाले तालिबान विरुद्ध धेरैजसो हमलामा यहि ड्रोनको प्रयोग गरिरहेको छ।

पाकिस्तानको विदेश मन्त्रालयको साप्ताहिक पत्रकार सम्मेलनमा प्रवक्ता नफिस जकारियाले अन्तराष्टिय मन्चमा पाकिस्तानले आफ्नो चिन्ता ब्यक्त गर्न जारी राख्ने बताए।

गत महिना भारतिय प्रधानमन्त्री नरेन्द्र मोदी अमेरिका भ्रमणको बेला अमेरिका र भारतबीच प्रिडेटर गार्जियन ड्रोनको सम्झौतामा हस्ताक्षर भएको थियो। पाकिस्तानले त्यतिबेला पनि सम्झौताको विरोध गरेको थियो।

भारतले उक्त ड्रोन हासिल गरेपछि भारतमा सक्रिय पाकिस्तानमा रहेका कट्टरपन्थीविरुद्ध प्रयोग गर्न सक्नेछ। अमेरिकाले पनि अफगान भूमिबाट पाकिस्तानमा रहेको थुप्रै तालिवान ठेगानालाई ध्वस्त पारेको थियो।

अमेरिकाले पीकिस्तानमाथि हक्कानी नेटवर्कविरुद्ध कारबाही गर्न दबाब दिँदै आइरहेको छ। यो नेटवर्क पाकिस्तानमा रहको र प्राय: अफगानिस्तानमा आतंककारी हमला गर्दै आइरहेको आरोप छ।

जकारियले पाकिस्तानमा हक्कानी नेटवर्क नरहेको र यस विषयमा पाकिस्तानलाई बदनाम गरिरहेको बताए। हक्कानी नेटवर्कका धेरैजसो कमान्डर्स अफगानिस्तानमा नै मारिएको त्यसको प्रमाण भएको उनले बताए। उनीहरूले कुनै पनि हमला त्यहींबाट सञ्चालन गर्दै आइरहेको उनले बताए।

### जी-२० शिखर सम्मेलन

# आतंकवादको कडा निन्दा, यसको विरुद्ध मिलेर काम गर्न सहमत

## सिरिया संघर्ष विराममा सहमति

हयाम्वर्ग, (एजेन्सी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन बीचको पहिलो भेटवार्तामा सिरियालाई लिएर दुई देशबीच संघर्ष विरामको सहमति भएको छ।

दक्षिण पश्चिम सिरियामा संघर्ष विराम आइतबारदेखि लागु हुनेछ। यस सम्झौतानमा जोर्डन पनि संलग्न रहेको छ।

जर्मनीको हयाम्वर्ग शहरमा भइरहेको जी-२० शिखर सम्मेलनको पहिलो दिन राष्ट्राध्यक्षबीच द्विपक्षीय भेटघात भयो। राष्ट्रपति बनेपछि ट्रम्प र पुटिनबीचको यो पहिलो भेटघात थियो। अमेरिकी राष्ट्रपति चुनावमा रुसी हस्तक्षेप भएको विवादमा ट्रम्प घरेलु राजनीतिमा निसाना बनिरहेको छ। दुई नेताबीचको बेठकमा रुसी ह्याकिङको विषयमा पनि चर्चा भयो।

रुसी विदेशमन्त्री सर्गेइ लाभरोवले ह्याकिङ मामिलामा पुटिनले रुसको संलग्नता नभएको बताएको र त्यसलाई ट्रम्पले स्वीकारेको जानकारी दिए। दुई नेताबीच सिरिया, कट्टरपन्थ तथा साइबर सुरक्षा जस्ता मुद्दामा निर्धारित समयभन्दा लामो समय बैठक चलेको थियो।

अमेरिकी विदेशमन्त्रीले दुई नेताबीचको वार्ताको शुरूबाट अमेरिकी राष्ट्रपति चुनावमा रुसी हस्तक्षेपको विवादबाट शुरू भएको बताए। राष्ट्रपति पुटिनले यसमा संलग्न रहेको समाचारको खण्डन गरे, जस्तो उनले पहिल्यै गरिसकेका थिए।

जी-२० शिखर सम्मेलनको पहिलो दिन जर्मनी चान्सलर एन्जेला मर्केलले सम्मेलनको अन्तिम घोषणा अगाडि अझै थुप्रै मुद्दामा सहमति बन्न बाँकी रहेको बताएकी थिइन्।

उनले सम्मेलनका क्रममा हयाम्वर्गमा भएको हिंसात्मक प्रदर्शनको पनि निन्दा गरिन्।

यस शिखर सम्मेलनलाई लिएर बिहीबारदेखि नै ह्याम्वर्गमा पुँजीवादको विरोधमा प्रदर्शन भइरहेका छन्। सम्मेलनको पूर्वसन्ध्यामा र पहिलो दिन प्रदर्शनकारी र प्रहरीबीच झडपहरू भए।

दुई दिवशीय शिखर सम्मेलनको अन्तिमदिन जल वायु परिवर्तन र व्यापारको मुद्दामा चर्चा हुने जनाइएको छ।

शुक्रबार पहिलो दिनको शिखर बैठकमा आतंकवादको मुद्दामा छलफल भयो। बैठकको अन्त्यमा जारी गरिएको संयुक्त विज्ञप्तिमा सबै नेताहरूले सर्वसम्मतबाट आतंकवादको कडा निन्दा गरेको छ र यसको विरुद्ध एकजुट भएर लड्न जोड दिएको छ। विश्वको कुनै पनि ठाउँबाट आतंककारीको आश्रयस्थल अन्त्य हुनुपर्नेमा सबैले जोड दिएका छन्।

आतंकवादको अन्त्य उनीहरूका लागि सुरक्षित आश्रय र मद्दतकाका लागि पाउने पैसा नपाएपछि मात्र सम्भव हुने नेताहरूले बताएका छन्। बैठकमा आतंकवादसाग जोडिएका जानकारी साझा गर्ने २१ वटा बुँदामा मिलेर काम गर्नुपर्नेमा जोड दिएको छ।

**वार्ता थप एक घण्टा लम्बियो**

जर्मनीमा भइरहेको विश्वका प्रमुख अथतन्त्रहरूको समूह जी-२० को शिखर सम्मेलनका क्रममा पहिलोपटक भेटेका दुई शिर्ष नेता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच करिब १ घण्टा बढी समय वार्ता भयो। अन्ततः उनीहरूको भेटवार्ता रोक्नका लागि ट्रम्पकी पत्नी मेलानियालाई पठाउनुपरेको जनाइएको छ।

अमेरिकी विदेशमन्त्री रेक्स टिलर्सनले दुई नेताबीचको केमिस्ट्री अत्यन्त राम्रो भएकाले कुराकानी रोक्न नै चाहेनन्। उनीहरूको वार्ताका लागि तय गरिएको समय पनि बितिसकेको थियो।

कुनै काम नभएकाले बैठकका लागि उनीहरूलाई थप एक घण्टा समय दिइयो। सबै गरेर उनीहरूले दुई घण्टा वार्ता गरेको टिलर्सनले पत्रकारहरूलाई जानकारी दिएको एनबीसीले जनाएको छ।

पत्रकार सम्मेलनपछि सीएनएनका प्रमुख राष्ट्रिय सुरक्षा संवाददाता जिम स्क्युटोले ट्रम्प र पुटिन वार्तालापको भिडियो सँगै ट्विट गरे। उनले क्याप्सनमा लेखे- 'यिनीहरू (ट्रम्प र पुटिन) त्यही हुन् जसले तपाईंको अपमान गरिरहेका छन्।'

**होटलमै बस्न बाध्य**

हयाम्वर्गमा जी-२० को शिखर बैठकको विरोध प्रदर्शनलाई ध्यानमा राखी मेलानिया शुक्रबार दिनभरि होटलमै बस्न बाध्य भइन्। मेलानिया र सहभागी विश्व नेताका पत्नीहरूलाई शहरको विभिन्न कार्यक्रममा सहभागी हुनु थियो, तर प्रदर्शनका कारण यो सम्भव भएन।

ट्रम्पका प्रवक्ता स्टेफनी ग्रिसमले भने- 'हयाम्वर्ग प्रहरीले हामीलाई होटलबाट बाहिर आउन अनुमति नै दिएन।'



नेपाल सरकार
सिचाई मन्त्रालय
जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं. १९,
विजुवार, प्यूठान

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०७४।०३।२५

यस जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं. १९, विजुवार प्यूठानबाट मिति २०७४।०३।०७ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्युनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि बोलपत्र मूल्याङ्कन समितिबाट छनोट भएकोले, मिति २०७४।०३।०५ गतेको जल उत्पन्न प्रकोप व्यवस्थापन विभागको निर्णायानुसार सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ३ (तीन) दिनको आशयको सूचना प्रकाशित गरिएको छ । यदि कुनै बोलपत्रदाताहरुको दावी विरोध भएमा ३ (तीन) दिन भित्र यस कार्यालयमा निवेदन दिन सकिनेछ ।

**तपशिल**

| क्र.सं. | ठे.नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | WIDMD19/JRTW / 10 /073-074 | Construction of Vertical Revetment at Khung-4, Thulabesi and Narikot-9, Ramphedi, Pyuthan | श्री भोला निर्माण सेवा, लालमटिया - ३ दाङ | ५९,६७,९२५।२२ |
| २ | WIDMD19/JRTW / 11 /073-074 | Construction of Embankment at Tusara-1, Baluwaphat and Revetment at Okharkot-6, Lamasera | श्री भोला निर्माण सेवा, लालमटिया - ३ दाङ | १,३०,१०,११४।२० |
| ३ | WIDMD19/JRTW / 12 /073-074 | Construction of Revetment at Okharkot-1 Dada and Machhiphat and Tusara-4 Machhiphat, Pyuthan | श्री नारायनम्-देवस्थल जे.भि., नेपालगन्ज बाँके | १,२६,६८,६६७५४ |
| ४ | WIDMD19/JRTW / 13 /073-074 | Construction of Vertical Revetment at Dabarphat(Gejbang), Pyuthan-14 and Dabrephat-Tekanephat(Gurigaun), Pyuthan-16 of Jhimruk River , Pyuthan | जोशी निर्माण सेवा प्रा.लि. विजुलीबजार, काठमाण्डौं | १,५०,१२,३६७६४ |
| ५ | WIDMD19/JRTW / 14 /073-074 | Construction of Vertical Revetment at Bagdula(Upstream of Gorkhekulo, Pyuthan-14), Maranthana(Near suspension bridge,Pyuthan-16), Pyuthan | श्री नारायनम्-देवस्थल जे.भि., नेपालगन्ज बाँके | १,३८,६९,६०३।८० |
| ६ | WIDMD19/JRTW / 15 /073-074 | Construction of Vertical Revetment at Tikuri(D/s of Rcc Bridge to Tikuri Buspark, Pyuthan-9) and Saribang(Pyuthan- 17), Pyuthan | श्री भोला निर्माण सेवा, लालमटिया - ३ दाङ | १,३९,८४,२०७९३ |
| ७ | WIDMD19/JRTW / 16 /073-074 | Construction of Vertical Revetment at Bijuwar(Pyuthan-4) and Athasathiphat (Pyuthan-19), Pyuthan | श्री पि.एस.निर्माण सेवा, नौवस्ता- ८ बाँके | १,७०,३०,६२६।०७ |
| ८ | WIDMD19/JRTW / 17 /073-074 | Construction of Embankment at Gejbang (Pyuthan-14), Pyuthan | श्री बंगलामुखि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौं | १,११,७७,५३९।६४ |
| ९ | WIDMD19/JRTW / 18 /073-074 | Construction of Embankment at Sattariphat (Pyuthan-8), Pyuthan | श्री बंगलामुखि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौं | १,३६,४५,८३०।१२ |
| १० | WIDMD19/JRTW / 19 /073-074 | Construction of Embankment at Dakhakwadi (Pyuthan-12), Pyuthan | श्री बंगलामुखि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौं | १,१८,०६,२७३।३४ |
| ११ | WIDMD19/JRTW / 20 /073-074 | Construction of Embankment at Raspurkot-2, Nabbephat and Pakala-2, Chunahaphat, Pyuthan | श्री बंगलामुखि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौं | १,३६,१७,३२६।०३ |
| १२ | WIDMD19/JRTW / 21 /073-074 | Construction of Vertical Revetment at Dhubang-2, Samundrabot, Dhubang-4,Kairan, Dhubang-6, Harnaghat and Raspurkot-1,Sarangbesi, Pyuthan | श्री बंगलामुखि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौं | १,३४,६२,१५०।४८ |
| १३ | WIDMD19/JRTW / 22 /073-074 | Construction of Vertical Revetment atRaspurkot-4, Surulephat, Pakala-1, Jhibang, Pyuthan | श्री बंगलामुखि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौं | १,३४,११,२६९।०६ |
| १४ | WIDMD19/JRTW / 23 /073-074 | Construction of Vertical Revetment at Baraula-8, Baraulaphat and Bijuli-5, UdikaPyuthan | श्री शर्मा निर्माण सेवा, रसपुरकोट, प्यूठान | ६४,०१,८६६।४१ |
| १५ | WIDMD19/JRTW / 24 /073-074 | Construction of Vertical Revetment at Dangbang VDC-2,3,4 Pyuthan | श्री बंगलामुखि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौं | ७४,७४,९६०।७८ |

कार्यालय प्रमुख

**जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक**
**बढुवा सिफारिश सम्बन्धी सूचना**
**सूचना प्रकाशित मिति: २०७४।०३।२५**

स्थानीय स्वायत्त शासन नियमावली (चोथो संशोधन समेत) २०५६ को नियम २२५ ख बमोजिम कार्यसम्पादन तथा अनुभवको मुल्याङ्कनद्धारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्थाको प्रयोजनका लागि मिति २०७४।०२।३० गते प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र रितपुर्वक प्राप्त हुन आएका दरखास्तका आधार मा मिति २०७४।०३।२३ गतेको पुदपुर्ति समितिको बैठकको सिफारिश अनुसार देहाय बमोजिम बढुवा गरिएको हुदा नियमावलीको नियम २२६ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स | कर्मचारीको नाम थर | साविक पद | बढुवा गरिएको पद | कैफियत |
|---|---|---|---|---|
| १. | राजेन्द्रप्रसाद बजगाई | सह लेखापाल, सहायकस्तर चौथो | लेखापाल, सहायकस्तर पाचौं | |

**कोमलप्रसाद धमला**
**स्थानिय विकास अधिकारी**

राज्यले ७० वर्षभन्दा माथिका नागरिकलाई सम्मानस्वरूप राहत उपलब्ध गराएको छ। तर, चन्द्रपुर नगरपालिकाबाट बैंकमा दाखिला भइसकेको रकमसमेत बैंकले वितरण नगरेर उनीहरूको अपमान गरिरहेको छ।

असारे विकास

# कोही टाउको हल्लाउँछन्, कोही नाक खुम्च्याउँछन्

कुमार श्रेष्ठ, बाँके

यतिबेला जिल्लामा धमाधम विकासका काम भइरहेका छन्। ठेकेदार र उपभोक्ता समितिलाई भ्याई-नभ्याई छ। असारे विकासले गति लिएको छ। सांसद र जिल्लाका नेताहरूको टोली झुण्ड-झुण्डमा बाँडिएर अनुगमन गर्न निस्किएका छन्। टोलीले कतै सन्तोषजनक मान्दै टाउको हल्लाउँछन् त कतै नाक खुम्च्याएर फर्किएका छन्। बाँके क्षेत्र नं. ३ का विभिन्न योजनाहरूको अनुगमन गर्न निस्केका सांसदहरू वादशाह कुर्मी, मैकुलाल वाल्मीकि सर्वतआरा खानम, एमालेका नगर प्रमुख दत्त आचार्यको टोली उत्साहितभन्दा निराश नै भएर फर्किएका छन्।

यो क्षेत्रको भन्दा ठूलो बजेट परेको आदर्शनगरदेखि भृकुटीनगर (प्रभात स्कुल) जोड्ने सडकको अवस्था दयनीय देखिएको छ। ६ सय मिटर पिच गराउन ४० लाख छुट्याइएको छ। राजन निर्माण सेवाले ठेक्का पाएको यो सडक समयमा सम्पन्न नहुने पक्कापक्की छ। पिच गराउने सडकमा अहिले गिट्टीसम्म थुपारिएको छ। ठाउँ-ठाउँमा थुपारिएको गिट्टीले हिँडडुल गर्न समस्या भएको छ। 'ठेकेदारले काम नगर्दा हाम्रो बेहाल भएको छ, हिँडडुल गर्नसमेत समस्या भएको छ। कोही बिरामी भइहालेमा एम्बुलेन्स आउन सक्ने अवस्था छैन' -स्थानीय पदमबहादुर खड्काले भन्नुभयो।

राजन निर्माण सेवाका राघव शाहले ठेक्का पाए पनि उनले पेटी ठेकेदारलाई उक्त सडक बनाउन जिम्मा दिएका छन्। स्थानीय पेटी ठेकेदार लक्ष्मणप्रसाद देवले ३/४ दिनमा गिट्टी बिछ्याउने काम सक्ने र एक हप्तापछि पिच गराउने बताउनुभयो।



ठेकेदारको यो कुरालाई सांसद तथा स्थानीय विकास अधिकारी हरि प्याकुरेलले अस्वीकार गरेका छन्। स्थानीय विकास अधिकारी प्याकुरेलले २८ गते दिउँसोसम्म पिच गराउने वातावरण नमिलाए क्षतिपूर्तिसहितको कानुनी प्रक्रियामा अघि बढ्ने चेतावनी दिनुभयो। 'बजेट फ्रिज गराउने ठेकेदारसँग क्षतिपूर्तिसहित पैसा असुल्ने कार्य म बाँकेबाट थालनी गर्छु', एलडीओ प्याकुरेलले भन्नुभयो- 'समयमा काम सकिएन भने एक पैसा पनि दिन्नँ।'

शनिबार नै उक्त सडकका ठेकेदारलाई बोलाएर सांसदहरूले समयमा काम सक्न निर्देशन दिएका छन्। सांसदहरू र ठेकेदारका बीचमा बैठक नै बसेर २८ गतेसम्म काम सक्ने र नसके कारबाही प्रक्रिया अघि बढाउने निर्णयमा हस्ताक्षर भएको छ।

यो मात्रै होइन, सांसद र नेताहरूको टोली पुगेको साईगाउँ-शिवपुरी, पीपलचौतारादेखि तेजनगर, छत्तरपुरदेखि मुगुवा नालासम्मको सडकको काम गराई पनि सन्तोषजनक छैन। ग्राभेल गर्न १० लाख बजेट पाएका ठेकेदारले झारा टारेका छन्। 'ग्राभेल गर्ने भनिएका अधिकांश ठाउँमा अलिअलि मोरङ, गिट्टी छरिएको छ, जुन भ्रष्टाचारको नमुना नै हो', सांसद मैकुलाल वाल्मीकिले भन्नुभयो- 'पीपलचौतारादेखि तेजनगर जोड्ने सडकमा त मुश्किलले डेढ लाखको काम भएको हुनुपर्छ।'

शनिबार नै सांसद आशा विक, एमालेका जिल्ला अध्यक्ष अशोक कोइराला, माओवादी केन्द्रका नेता आईपी खरेलको टोली क्षेत्र नं. ४ को अनुगमन गरेको छ। जिल्ला समन्वय समितिले सांसद र नेताहरूलाई लगेर धमाधम अनुगमन गरिरहेको छ। सांसद र नेताहरू चुनावमा व्यस्त भएकाले यसपालि अनुगमन अलि ढिला भएको जिल्ला समन्वय समितिका कर्मचारीहरू बताउँछन्।

जिल्लामा क्षेत्र नं. ४ का योजनाहरू धेरै राम्रा छन्। त्यसपछि क्षेत्र नं. १ मा काम भएको छ। क्षेत्र नं. ३ र २ को धेरै बजेट फ्रिज हुने अवस्थामा पुगेको डीई कमल अधिकारीले बताउनुभयो। प्राविधिकहरूले निरन्तर 'फलो' गर्दा ठूल्ठूला योजनाका बजेट फ्रिज हुने अवस्थामा पुगेको नेताहरू बताउँछन्।

यसपालि अलि छिटो वर्षा भएकाले असारे विकास गर्नेलाई अप्ठेरो परेको छ। बर्खाअघि नै आर्थिक वर्ष सकिने अवस्था आएमा मात्रै अहिले चलनचल्तीमा रहेको असारे विकासको अन्त्य हुने सम्बद्धहरू बताउँछन्। डीई अधिकारीले आर्थिक वर्ष २ महिनाअघि सकिने क्यालेन्डर मिलाएमा विकासले ठूलो फड्को मार्ने बताउनुभयो।

बाँकेमा कति बजेट फ्रिज हुने भयो भन्ने त अहिले यकिन भइसकेको छैन। तर, क्षेत्र नं. २ र ३ मा लाखौं रुपियाँ फ्रिज हुने जिल्ला समन्वय समितिले जनाएको छ। क्षेत्र नं. ३ को ४० लाखको उक्त योजनाको बजेटलाई फ्रिज हुन नदिन स्थानीयले जोड गरेका छन्। सांसद र नेताहरूको अनुगमन जादा झुम्मिएका स्थानीयले बजेट फ्रिज नहुने वातावरण मिलाउन आग्रह गरेका थिए। सांसदहरूले पनि सकेसम्म बजेट फ्रिज हुन दिन नहुने धारणा बनाएका छन्। तर, त्यो सडकमा अहिलेसम्म तीन पटक परेको बजेट फ्रिज भएको छ। सांसद वादशाह कुर्मीले ७ र १० लाख दुई पटक फ्रिज भइसकेको बाटोमा फेरी ४० लाख फ्रिज हुने अवस्थामा पुगेको बताउनुभयो। स्थानीयले आफ्नै लगानीमा धमाधम दिवाल भत्काएका थिए। ठेकेदार देवले दिवाल भत्काउन, बिजुलीका तार र पोलले काम गर्न केही समस्या पारेको बताउनुभयो।

असारे विकास धमाधम चलिरहँदा कतिपय गाउँमा भने हिँड्न नसक्ने गरी बाटो भत्काइएको छ। हल्का छरिएको मोरङ बगाइसकेको छ। चलिरहेको बाटोमा स्तरोन्नतिको नाममा ग्राभेल भन्दै माटो र मोरङ हाल्दा बाटो झन् बिग्रिएका छन्। अनुगमन टोलीसमक्ष छत्तरपुरका स्थानीयले ठेकेदारले झन् बाटो बिगारिदिएको बताएका थिए।

सबै ठाउँमा ठेकेदारले बदमासी गरेका छैनन्। खजुराखुर्द, एयरपोर्ट र नगरका कतिपय सडक लोभलाग्दा बनेका छन्। टुक्रे योजना र एक्कासी आउने योजनाले कर्मचारीहरूलाई गिज्याउने गरेका छन्।

# ४ स्थानको मात्रै परिणाम बाँकी

झापाको अर्जुनधारा नगरपालिका, मोरङको विराटनगर महानगरपालिका, सुनसरीको धरान उप-महानगरपालिका र कञ्चनपुरको पुनर्वास नगरपालिकामा गणना धमाधम।

नेपाल समाचारपत्र

काठमाडौं

दोस्रो चरणमा असार १४ गते भएको निर्वाचनको हालसम्म ३ सय ३० स्थानीय तहको मतपरिणाम घोषणा भएको छ।

शनिबारसम्म मतगणना हुन बाँकी स्थानमा झापाको अर्जुनधारा नगरपालिका, मोरङको विराटनगर महानगरपालिका, सुनसरीको धरान उप-महानगरपालिका र कञ्चनपुरको पुनर्वास नगरपालिका रहेका छन्।

निर्वाचन आयोगकाअनुसार, शनिबारसम्म ३१ जिल्लाका सबै स्थानीय तहको मतगणना कार्य पूरा भएको छ। १, ५ र ७ नम्बर प्रदेशका ३५ जिल्लाका ३ सय ३४ स्थानीय तहका लागि दोस्रो चरणमा निर्वाचन भएको थियो। पछिल्लो मतगणनाअनुसार, नेकपा एमाले १ सय ४८, नेपाली कांग्रेस १ सय २१, नेकपा माओवादी केन्द्र ३८, संघीय समाजवादी फोरम ८, नेपाल लोकतान्त्रिक फोरम नेपाल ६, राप्रपा ४ र राष्ट्रिय जनमोर्चाका २ जना उम्मेदवार प्रमुख वा अध्यक्ष पदमा विजयी भएका छन्। त्यस्तै तीन जना स्वतन्त्र उम्मेदवार पनि प्रमुख वा अध्यक्ष पदमा विजयी भएको आयोगले जनाएको छ।

दोस्रो चरणको निर्वाचनको घोषित स्थानीय तहको परिणाममध्ये प्रमुख वा अध्यक्षमा पदमा नेकपा एमालेले सबैभन्दा धेरै अर्थात् ४४ दशमलब ८ प्रतिशत पदमा विजयी हासिल गरेको छ भने नेपाली कांग्रेसले ३६ दशमलब ७ र माओवादी केन्द्रले ११ दशमलब ५ प्रतिशत पद जितेका छन्।

दोस्रोचरणको स्थानीय तहको ३ सय ३४ स्थानीय तहबाट १५ हजार ३८ जनप्रतिनिधिको चयन हुनेछन्। यस निर्वाचनमा ४७ लाख ४० हजार ५ सय २२ मत खसेको थियो।

# खोलाले बगाउँदा मृत्यु

दोलखा, (नेस)

दोलखास्थित मिल्ती खोलाले बगाउँदा शुक्रबार राति मेलुङ गाउँपालिका-७ मेलुङकी एक बालिकाको मृत्यु भएको छ।

आमासँग खेतमा गएको बेला मेलुङ गाउँपालिका-७ मेलुङकी ६ वर्षीय अनुषा कार्कीलाई मिल्ती खोलाले बगाएको थियो।

आफन्तले खोजी गर्ने क्रममा उनलाई जीवितै भेटेका भएपनि स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गराउन लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक प्रेमसागर केसीले जानकारी दिनुभयो।

आमा खेतमा काम गरिरहेको अवस्थामा खेल्न गएकी अनुषालाई खोलाले बगाएको प्रहरीले जनाएको छ।

# दाखिला भइसकेको वृद्धभत्ता वितरण गरिएन

रौतहट, (नेस)

राज्यले ७० वर्षभन्दा माथिका नागरिकलाई सम्मानस्वरूप राहत उपलब्ध गराएको छ। तर, चन्द्रपुर नगरपालिकाबाट बैंकमा दाखिला भइसकेको रकमसमेत बैंकले वितरण नगरेर उनीहरूको अपमान गरिरहेको छ।

चन्द्रपुर नगरपालिकाको कार्यालय भन्छ- 'हामीले सामाजिक सुरक्षा भताबापतको रकम एभरेस्ट बैंकमा दाखिला गरिसकेका छौं तर बैंक भन्छ रकम अभावका कारण वितरण गर्ने स्थिति छैन।'

सेवा पुऱ्याउने हेतुले खोलिएको बैंकले जेष्ठ नागरिकलाई अपमान मात्र गरेको हैन रकम झिक्न जाँदासमेत घण्टौं लाइनमा उभ्याएर पीडा दिने गरेको दु:खेसोसमेत रहेको छ। चन्द्रपुर नगरपालिकाबाट दिँदै आएको सामाजिक सुरक्षा भता बैंक कर्मचारीको कारण वृद्धवृद्धा एवं असहायले समयमै पाउन नसक्दा निराश भएका छन्।

सम्मानस्वरूप राज्यले उपलब्ध गराउने सामाजिक सुरक्षा भता चन्द्रपुर नगरपालिकाका करिब २ हजार ५ सय जना जेष्ठ नागरिक र असहायले निर्धारित समयमा पाउन सकेको छैन। चन्द्रपुर नगरपालिकाले गत जेष्ठ १९ गते चौमासिक निकासाबापत प्रतिव्यक्ति ८ हजारका दरले करिब १ करोड ६४ लाख चन्द्रनिगाहपुरमा रहेको एभरेस्ट बैंकमा जम्मा गरिसकेको भए पनि बैंकले आफूसँग सो रकम बाँड्न फुर्सद नभएको भन्दै वृद्धवृद्धा र असहाय नागरिकलाई फर्काइदिने गरेको छ।

राज्यले सम्मान गरेका नागरिक एभरेस्ट बैंकका कर्मचारीको रुखो व्यवहारका कारण अपमानित भएको महसुस गरेका छन्।

सामाजिक सुरक्षा भत्ताको रकम रोकेर बैंकले अन्यत्रै लगानी गरेर नाफा कमाएको आरोप रहेको छ।

## संक्षेप

### ठक्करबाट दुईको मृत्यु

काठमाडौं, (नेस)

राप्ती नगरपालिका-५ भण्डाराचोकस्थित पूर्व-पश्चिम राजमार्गमा काठमाडौंबाट वीरगन्जतर्फ जाँदै गरेको नाख्ख ९०११ नम्बरको यात्रुवाहक बसले शनिबार ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ। उक्त स्थानमा बाटो काट्ने क्रममा अचानक ठक्कर दिँदा गम्भीर घाइते भएका सोही नगरपालिका-११ बस्ने ४० वर्षीया फूलमाया लोप्चन र उनकै मासु पसलमा काम गर्ने सोही नगरपालिका-७ बस्ने ५० वर्षीय माइलो तामाङको जिल्ला अस्पताल भरतपुरमा उपचारको क्रममा मृत्यु भएको हो। बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### हाइभोल्टले २ को मृत्यु

सिन्धुपाल्चोक, (नेस)

हाइभोल्ट विद्युत् प्रवाह हुँदा २ जनाको ज्यान गएको छ। बिहान ३ बजेको समयमा हाइभोल्ट करेन्ट प्रवाह भई बाह्रबीसे नगरपालिका-७ स्थित घुम्थाङकी ४५ वर्षीया पासाङबुटी शेर्पा र ५० वर्षीया पासाङ शेर्पाको घरभित्रै सुतिरहेको अवस्थामा मृत्यु भएको हो। घटनामा परी अन्य ३३ जना घाइते भएको प्रहरीले जानकारी दिएको छ। इलाका प्रहरी कार्यालय, बाह्रबीसेका इन्चार्ज प्रहरी निरीक्षक पञ्चकुमार बाखुका अनुसार घटनामा परी स्थानीय सुकु तामाङ गम्भीर घाइते भएका छन्। उनको धुलिखेल अस्पतालमा उपचार भइरहेको छ भने सामान्य घाइते नेवाङ तामाङ र दावा तामाङको बाह्रबीसे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ।

बिहान ३ बजेतिरको समयमा हाइभोल्ट विद्युत् प्रवाह भएर दुर्घटना भएको इलाका प्रहरी कार्यालय बाह्रबीसेका प्रहरी निरीक्षक बाखुले बताए।

# यस्तो कुरामा कसले गर्ने आन्दोलन ?



कृष्णउदास खनाल, वीरगन्ज

मधेस केन्द्रित र अन्य राजनीतिक दलहरूले ठूल्ठूला कुरा गर्छन् र आन्दोलनका लागि अनेक कुरा उठाइरहेका छन्। तर, तराईमा सडकको अवस्था यस्तो भएको कुरा भने कसैले पनि उठाउने गरेका छैनन्। आर्थिकरूपमा सवल जस्तो देखिने पर्साको सदरमुकाम वीरगन्जसहित जिल्लाको ग्रामीण भेगका सडकको अवस्था वर्षेनि नाजुक बन्दै गइरहेको छ। तर, यसबारेमा राजनीतिक नेतृत्व मौनता साँधेर बसेको छ।

सदरमुकाम वीरगन्जसहित ग्रामीण भेगको सडकको अवस्था निकै नाजुक बन्दासमेत सरोकारवाला निकायहरूले चासो नदिएको भन्दै जिल्लाबासीले आक्रोश पोखेका छन्। पर्साको सदरमुकाम वीरगन्जसँग जोडिने सबै ग्रामीण भेगको सडकको अवस्था निकै दयनीय रहेको र सडक मर्मतको नाममा लाखौं रुपियाँ खर्च हुने गरेको भए पनि सडकको अवस्था भने उस्तै रहेको पत्रकारसमेत रहेका जिल्लाको भेडिहारीका स्थानीय शम्भुकुमार सुमनले बताए।

आफ्नो गाउमा जाँदा निकै सकसका साथ जानुपर्ने बाध्यता रहेको उनले सामाजिक सञ्जालमार्फत्समेत दु:ख पोखेका छन्। उनको भनाइमा जिल्लाका अन्य स्थानीयहरूले पनि साथ दिएका छन्। उनीहरूले सडक मर्मतको जिम्मा लिएको राज्यका निकायप्रति तीव्र आक्रोशसमेत पोखेका छन्। वर्षात्को समयमा निकै हिलो र हिउँदको समयमा धूलोका कारण आफूहरू सदरमुकामबाट घर जानका लागि इराक नै गएको जस्तो महसुस हुने गरेको पत्रकार सुमनले बताए।

जिल्ला समन्वय समिति पर्सालाई यस विषयमा पटक-पटक ध्यानाकर्षण गराएको भए पनि कुनै सुनुवाई नभएको उनी बताउँछन्। यद्यपि जिल्ला समन्वय समिति पर्साका सामाजिक शाखाका धर्मराज थापाले भने जिविसले हरेक वर्ष सडक ग्राभेल गर्ने कार्य गरिरहेको तर सबै कार्य आफूहरूको नभई सडक विभागको भएको जिकिर गरेका छन्। जिल्ला समन्वय समितिको हातमा रहेका सबै सडकमा भने आफूहरूले स्तरोन्नति हरेक वर्ष गर्ने गरेको जिकिर गरेका छन्। वीरगन्ज बजारसँग जोडिएका सबै सडक सामान्य ग्राभेलसमेत नहुँदा वर्षात्को समयमा सबैभन्दा बढी स्थानीयहरू मारमा पर्ने गरेका छन्। खास गरी वीरगन्जबाट पर्साको सबै ९ वटै गाउँपालिकामा सहजरूपमा सवारीसाधन सञ्चालनमा आउने भए पनि बर्खाको समयमा हिलो र हिउँदको समयमा धूलोका कारण स्थानीयहरू भने आजित भएका छन्।

## शवदाह...

'प्राविधिक जाने विषय स्वाभाविक भए पनि विषयसँग असम्बन्धित व्यक्तिहरूलाई पनि पठाइनु कोषको दुरूपयोग हो' -ती कर्मचारीले भने।

कोलकाता जानेहरूमा वासु केसी, नरबहादुर पुरी, गंगा घिमिरे, रीता जोशी, तेजबहादुर थापा, कुमार थापामगर, भेषराज घिमिरे, कुलप्रसाद उपाध्यक्ष र हरिप्रसाद पौडेल रहेका छन्। सम्झौताअनुसार मेसिन बिग्रिएको अवस्थामा सम्झौता भएको कम्पनीले नै बनाउने प्रावधान भए पनि कोषले कर्मचारीलाई घुम्न पठाएको छ। कोषका एक कर्मचारीका अनुसार टोलीमा राजेन्द्रराज उपाध्यक्ष प्राविधिक, रीता जोशी प्राविधिक सहयोगीबाहेक सबै कार्यकारी निर्देशक उप्रेतीका नजिकका व्यक्तिहरू हुन्।

भ्रमण टोलीमा जाने सदस्यहरूले डलरमा भत्ता पाउने भएका कारण पनि आफू निकटका व्यक्तिहरूलाई पठाएको बताउँदै स्रोतले भन्यो- 'पशुपति क्षेत्र विकास कोषमा यति भद्रगोल र अनियमितता छ कि भनि साध्य नै छैन।'

पशुपति क्षेत्र विकास कोषले शवदाह गृह सञ्चालनमा आएपछि के-के सामान चाहिन्छ, कहिले-कहिले मर्मत गर्ने सबै जानकारी भएर पनि शवदाह गृह नै बन्द गरेर भारत जानु गलत भएको भन्दै कोषभित्रै पनि विवाद शुरू भएको छ। 'कोलकातास्थित कम्पनीले अझै पनि मर्मत गर्ने समयसीमा छ, कोलकाताबाट नै प्राविधिक बोलाएर कोषले मेसिन मर्मत गर्नुको सट्टा जम्बो टोली नै भारत पठाउनु गलत हो' -कोषका एक कर्मचारीले भने। कोषले वार्षिकरूपमा मेसिन मर्मत र सामान खरिद गर्नका लागि बजेट छुट्ट्याएर सामान खरिद गरेको हुन्छ, तर पनि अहिले अनावश्यक कर्मचारी घुम्न पठाउने काम गरेको भन्दै सदस्य सचिव गोविन्द टण्डनको चर्को आलोचना भएको छ। दाउराबाट समय धेरै लाग्ने र झन्झटिलो हुने भएकाले कोषले मेसिनसहित झण्डै १३ करोड रुपियाँमा इलेक्टोनिक मेसिन सञ्चालनमा ल्याएको थियो। समय थोरै लाग्ने र शव जलाउन खर्च पनि कम हुने भएकाले पछिल्लो चरणमा मृतकका आफन्तहरूले इलेक्ट्रोनिक शवदाह गृहमा शव जलाउँदै आएका थिए। कोषले एउटा शव जलाउनका लागि ४ हजार ५ सय रुपियाँ लिँदै आएको छ। मेसिनमा तल्लो भागमा पानी आएर ब्लोर जलेका कारण मेसिन बन्द भएको बताइएको छ। गत वर्ष पनि ब्लोरमा खराबी आएको थियो।

पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव गोविन्द टण्डनले मेसिनको बारेमा बुझ्न कोषबाट कर्मचारी भारतको कोलकाता नगएको बताउनुभयो। उहाँले नेपाल समचारपत्रसँग भन्नुभयो- 'शवदाह गृह मर्मत गर्नुपर्ने भएकाले बन्द भएको छ, मर्मत सम्पन्न गरेर छिट्टै सञ्चालनमा आउँछ।'

तर, पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक रमेश उप्रेतीले भने ९ सदस्यीय टोली मेसिनको बारेमा बुझ्न भारतको कोलाकाता गएको जानकारी दिनुभयो। सदस्य-सचिवले गएका होइनन् भने पनि कार्यकारी निर्देशकले भने गएको स्वीकार्नुभएको छ।

५ दिनअघिबाट शवदाह गृह पूर्णरूपमा बन्द भएकाले कोषका कार्यकारी निर्देशक उप्रेतीले बुझ्नका लागि कोषको टोली भारत गएको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'दुई जना इन्जनियर, एक जना प्राविधिक र एक जना दर्ता चलानीसहित उपनिर्देशकको नेतृत्वमा टोली कोलकाता गएको हो। सबै कुरा बुझेर असार २९ गते स्वदेश फर्किन्छ।' कोषले प्राविधिक र इन्जिनियर पठाउनुलाई स्वभाविक मानिए पनि दर्ता चलानी गर्ने व्यक्तिलाई समेत कोलकाता पठाएको छ।



# अर्थ

> साना-साना विद्युत् आयोजनालाई निर्माण अनुमति दिँदा पछि यसले ठूला जलाशययुक्त आयोजना असर गर्नसक्ने यसरी नदीको बेसिनमा आधारित भएर आयोजना निर्माण गर्न सके नेपालले मात्र नभई सबै दक्षिण एसियाली मुलुकले यसबाट लाभ लिनसक्नेछन्।

### कुलमान घिसिङको महत्वाकांक्षी योजना

# विद्युत् क्षमता बढाउनेदेखि जल पर्यटन र माछा व्यापार

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले नेपालको जलविद्युत्मा ८३ हजार मेगावाटभन्दा बढी उत्पादन क्षमता भएको बताउनुभएको छ। शनिबार काठमाडौंमा रामेछाप-काठमाडौं पत्रकार समाजले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा नेपालका कर्णाली, गण्डक र कोसी नदीमा ठूला जलाशयको निर्माणबाट १ लाख मेगावाटभन्दा बढी विद्युत् उत्पादन गर्न सकिने बताउनुभएको हो।

'हामीले यी तीन क्षेत्रमा ठूला जलविद्युत् आयोजना बनाउन सक्यौं र वर्षातमा जम्मा गरेर सुख्खायाममा प्रयोग गर्ने गरी स्टोरेज प्रणालीमा लैजान सक्यौं भने विद्युत् उत्पादन क्षमता डेढ लाख मेगावाटसम्म पुऱ्याउन सकिन्छ।' घिसिङले भन्नुभयो। सोही कार्यक्रममा घिसिङले सिंहदरबार र शितल निवासमा प्रसारणलाइनमा अवरोध हुँदा पनि विद्युत् आपूर्तिमा अवरोध नहोस् भन्ने उद्धेश्यले ब्याट्री स्टोरेज राख्न लागिएको बताउनुभयो। ५ करोड रुपियाँ प्रतिमेगावाट लागत अनुमान गरिएको पाइलट प्रोजेक्टका लागि एसियाली विकास बैंकले आर्थिक सहायता गर्ने घिसिङले बताउनुभयो। घिसिङले भन्नुभयो-'प्रतिमेगावाट ५ करोडदेखि ६ करोड रुपियाँ लागत हामीले अनुमान गरेका छौं। १५ मेगावाटसम्मको स्टोरेज राख्दा त्यसको लागत ७० देखि ८० करोड रुपियाँसम्म पर्न जान्छ। जुन विद्युत् हामीले सहज आपूर्ति भईरहेको बेलामा पिक आवरमा प्रयोग गर्न समेत मिल्नेछ। 'हाल विद्युत् भण्डारणका लागि मोबाइल स्टोरेज प्रणालीमार्फत् सानो सानो ब्याट्रीमा पनि मेगावाट क्षमताको विद्युत भण्डारण गर्न सकिने प्रविधि भित्र्याईसकेको भन्दै घिसिङले दीर्घकालीन रूपमा यस्ता स्टोरेज ब्याट्रीबाट विद्युतीय सवारी साधन चलाउने तथा खाना पकाउने ग्यास प्रस्थापन गरी इन्धन क्षेत्रमा परनिर्भरता कम गर्न सकिने बताउनुभयो।



जापानी सहयोग नियोग (जाईका) ले सन् १९८५ मा गरेको जलविद्युत्को सम्भाव्यता सम्बन्धी अध्ययनले कोशी बेसिनका नदीलाई समेटेर जलाशय निर्माण गरी काभ्रेको दोलालघाटसम्म पानी जहाज ल्याउन सम्भव रहेको बताउनुभएको छ। उक्त जलाशयबाट २५ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने तथा कोलकत्ता बन्दरगाहबाट ११ सय २७ किलोमिटर दूरीमा दोलालघाटसम्म पानी जहाज आउनसक्ने घिसिङले बताउनुभयो।

'छिमेकी मुलुक चीनले यही प्रविधिमा अपनाएर नदीमा पानीजहाज सञ्चालन गरिरहेको छ। नेपालमा पनि सप्तकोसी र सुनकोसी नदीको विभिन्न क्षेत्रमा ४ वटा ठूला जलाशययुक्त आयोजना निर्माण गर्ने र पानी जहाजलाई एउटा जलाशयबाट अर्को जलाशयमा लैजान सबै बाँधहरूमा पानी वा बिजुलीकै माध्मबाट लिफ्ट गर्दै काभ्रेसम्म पानी जहाज ल्याउन सकिन्छ। यसका लागि भारतको गंगाको पानीलाई च्यानलाइज गर्नुपर्छ।' घिसिङले भन्नुभयो। यसरी हामीले नेपालमा जल यातायताको सम्भावनाको ढोका खुल्ने र सडक यातायातभन्दा छिटो र सुरक्षित रूपमा जलयात्रा गर्न सकिन्छ। ठूला जलाशययुक्त विद्युत् आयोजनाको निर्माणले ऊर्जा क्षेत्रमा मात्र नभई पर्यटन, यातायात र भारतसागको द्विपक्षीय व्यापारमा पनि सहजता आउने बताउनुभयो। 'फिसिङ टुरिजममार्फत् मात्रै पनि हामीले वार्षिक ६२ अर्ब रुपियाँ बराबरको माछा निर्यात गर्न सक्छौं।'

अहिले साना-साना विद्युत् आयोजनालाई निर्माण अनुमति दिँदा पछि यसले ठूला जलाशययुक्त आयोजना असर गर्नसक्ने यसरी नदीको बेसिनमा आधारित भएर आयोजना निर्माण गर्न सके नेपालले मात्र नभई सबै दक्षिण एसियाली मुलुकले यसबाट लाभ लिनसक्नेछन्। ९ सय मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त आयोजना बनाउँदा उक्त आयोजनाको जलाशय निर्माण गर्नुपर्ने क्षेत्रमा भारतीय कम्पनीलाई ४० मेगावाट क्षमताको लाइसेन्स दिइसकेको उदाहरण दिनु हुँदै घिसिङले अहिले जलाशययुक्त आयोजनालाई छाडेर नदीमा साना आयोजना बनाउने अनुमति दिँदा भोलि ठूला आयोजना बनाउन समस्या हुने तर्क गर्नुभयो।

### सिँचाइ र बाढी नियन्त्रणका लागि जलाशय निर्माण

घिसिङले कर्णाली, गण्डकी र कोशी क्षेत्रका विभिन्न स्थानमा ३० वटा ड्याम निर्माण गर्दा नेपालको १७ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने र वर्षेनी कर्णाली र कोशीमा आाउने बाढी नियन्त्रण गर्न सकिने बताउनुभयो। पहाडी भेगमा जलाशय निर्माण गर्दा सिँचाइका लागि सुरुङमार्फत् तराई क्षेत्रमा पानी लैजान सकिनेछ। त्यसका लागि सुनकोशीबाट १५ किलोमिटरको सुरुङमार्ग बनाएर तराईमा पानी पुऱ्याउन सकिन्छ। 'यसबाट ऊर्जा क्षेत्रमा पनि करिब ३६ हजार मेगावाट विद्युत् थप्न सकिन्छ र हरेक वर्ष आउने बाढीले नेपाल र भारतको बिहार राज्यको हजारौं बिगाह जमिन मरुभूमि हुनबाट जोगिन्छ।' घिसिङको धारणा छ।

### विद्युत्को खपतमा पनि जोड

केही वर्षभित्रै विद्युत् उत्पादनसमेत बढ्ने र खपतको मात्रा पनि बढाउनुपर्ने देखिन्छ। हामीले एक जनाबराबर वार्षिक १ सय ५० युनिट विद्युत् खपत गरिरहेका छौं जबकि हाम्रा छिमेकी मुलुक चीनमा एक व्यक्तिले वार्षिक रूपमा ४ हजार युनिटभन्दा बढी र भारतमा १ हजार युनिटभन्दा बढी विद्युत् खपत गरिरहेका छन्। भारतको जतिमात्र प्रतिव्यक्ति विद्युत् खपत पुऱ्याउन नेपालमा १२ हजार मेगावाट विद्युत् आवश्यक पर्दछ। यस अर्थमा पनि नेपालमा उत्पादित विद्युत् खपत नहुने भन्ने अवस्था नै नरहने उहाँले बताउनुभयो। हामीसँग पर्याप्त जलस्रोत छ र यसको अधिकतम प्रयोगबाट आर्थिक रूपमा पनि समृद्ध बन्न सकिन्छ। सम्भावना प्रशस्त भए पनि जलाशयुक्त आयोजना बनाउँदा केही जोखिम पनि रहेको उहाँले बताउनुभयो। वर्षातमा डुबान क्षेत्रको व्यवस्थापनसँगै बाँधहरूको सुरक्षाको विषय चुनौतिका रूपमा रहेको छ। ठूला जलाशयहरू आयोजना बनाउँदा बाँधमा भूकम्पले क्षति नपुऱ्याउने र बलियो संरचनामा निर्माण गर्नुपर्ने घिसिङको भनाइ छ।



| ज्योति हिमाल स्टील आजको भाउ | टोरस्टिल ८ मि.मि. | टोरस्टिल १०-२० मि.मि. | टोरस्टिल २५-३२ मि.मि. | टि. एम. टि. टेम्पकोर ८ मि.मि | टि. एम. टि. टेम्पकोर १०-२० मि.मि | टि. एम. टि. टेम्पकोर २५-३२ मि.मि. | टोरकारी ४.७५-७ मि.मि. | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E EARTHQUAKE RESISTANT REBAR Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ असार २५ जुलाई ९ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।३७ | १०३।९७ |
| युरो १ का रु. | ११७।१५ | ११७।८३ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३३।५४ | १३४।३२ |
| स्विस फ्रन्क १ का रु. | १०६।९१ | १०७।५३ |
| अस्ट्रेलियन डलर १ का रु. | ७८।६१ | ७९।०७ |
| क्यानाडियन डलर १ का रु. | ७९।८१ | ८०।२७ |
| सिङ्गापुर डलर १ का रु. | ७४।७४ | ७५।१८ |
| जापानी यन १० का रु. | ९।११ | ९।१६ |
| चिनियाँ युआन १ का रु. | १५।२० | १५।२९ |
| साउदी अरब रियाल १ का रु. | २७।५६ | २७।७२ |
| कतारी रियाल १ का रु. | २८।३९ | २८।५६ |
| थाई भाट १ का रु. | ३।०४ | ३।०६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१४ | २८।३१ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०६ | २४।२० |
| दक्षिण कारियन वन १०० का रु. | ८।९६ | ९।०१ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।१२ |
| डनिस क्रानर १ का रु. | १५।७५ |
| हङकङ डलर १ का रु. | १३।२४ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।






# महिला उद्यमीहरूद्वारा ३७ बुँदे प्रतिबद्धता

हेटौंडा, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघ, महिला उद्यमी विकास समिति र मकवानपुर उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा हेटौंडामा भएको महिला उद्यमीको राष्ट्रिय भेला ३७ बुँदे प्रतिबद्धतापत्र जारी गर्दै शनिबार सम्पन्न भएको छ।

३९ वटा उद्योग वाणिज्य संघमा आबद्ध करिब १ सय २० महिला उद्यमीको भेलाले छलफलबाट आएका निष्कर्षलाई उद्यमशीलता विकासका निम्ति प्रतिबद्धपत्रमार्फत् महासंघमा पठाइनेछ। महासंघले सरकारलाई बुझाएर कार्यान्वयनका लागि दबाब दिने महासंघ महिला समिति सभापति कमला श्रेष्ठले बताउनुभयो। महासंघले सरोकार संघसंस्था तथा उद्यमी व्यवसायीको प्रतिबद्धतासहित प्रस्तावित नेपालको अर्थतन्त्रमा महिला उद्यमीको भूमिका तथा नेपाली महिला उद्यमी विकास एवम् प्रवर्द्धन सम्बन्धमा 'हेटौंडा प्रतिबद्धतापत्र' जारी गरेको हो।

मुलुकको आर्थिक क्रान्तिमा महिलाको समान सहभागितालाई सुनिश्चित गर्दै आर्थिकरूपमा आत्मनिर्भर बनाउन महिला उद्यमशीलता विकास गर्न अनिवार्य भएको तथ्यप्रति विश्वास राख्दै यससम्बन्धी कार्यक्रम अगाडि बढाउने, समाजमा लामो समयदेखिको असमान व्यवहार एवम् कुरीतिको चपेटामा परेका र सशक्तिकरण कार्यक्रम, उपयुक्त शिक्षा र जागरण बञ्चित नेपाली महिलालाई आजको परिवर्तित समाजमा व्यवहारिक क्रियाकलापतर्फ उन्मुख गराएर सोतर्फ प्रोत्साहित गर्न/गराउन सरकार र समाजलाई सहजीकरण तथा समन्वयीकरण गर्न, लघु, घरेलु तथा साना उद्योग/व्यवसायमा महिला संलग्नता बढी हुने हुनाले यस क्षेत्रका उद्योग/व्यवसायमा विशेष सहजीकरण सेवासहित व्यावसायिक प्रशिक्षण, व्यवसाय स्थापना परामर्श, बजारीकरणमा सहजजस्ता कार्यक्रम व्यापकरूपमा सञ्चालन गर्ने कार्यमा संघीय, प्रादेशिक र स्थानीय सरकारसँग सहकार्य गर्ने तथा नेपाली हस्तकलाको अन्तर्राष्ट्रिय तहमा राम्रो माग हुने गरेकाले घरेलु तथा हस्तकला उद्योगमा महिला उद्यमी विकास गरी रोजगारीका अवसर वृद्धि गर्ने र अर्थतन्त्रलाई गतिशील बनाउने उद्घोष गरिएको छ।

स्वदेशी कच्चापदार्थमा आधारित तुलनात्मक लाभ भएका उद्योगलाई बढावा दिएर त्यस्ता उद्योगमा महिलालाई संलग्न गराउनेतर्फ निजी क्षेत्रका तर्फबाट पहल गर्ने, महिला उद्यमीले उत्पादन गरेका वस्तु र सेवा बजारीकरण र प्रवर्द्धनका लागि प्रत्येक प्रदेश र राष्ट्रियस्तरमा वर्षको २ पटक प्रदर्शनी गर्ने र उक्त कार्यमा महिला उद्यमीलाई प्रोत्साहन गर्नुपर्ने भएकाले महासंघमार्फत् संघ, प्रदेश र स्थानीय सरकारसँग कार्यान्वयनका लागि समन्वय गर्ने र महिला उद्यमीबाट उत्पादित वस्तुको ढुवानीमा सहजीकरण गर्ने विषय पनि प्रतिबद्धतापत्रमा उल्लेख छ।

महिला उद्यमीको प्रवर्द्धन र प्रोत्साहनका लागि परियोजना धितो राखी कर्जा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थासमक्ष अनुरोध गरिएको पत्रमा महिला उद्यमीले सञ्चालन गरेका उद्योगका लागि आवश्यक कच्चापदार्थमा भन्सार महशुल छुट हुनुपर्ने माग गरिएको छ।

महिलाका लागि विशेष कर सुविधासहित उद्योग स्थापनामा ५० प्रतिशतसम्मको कर छुट, व्यावसायिक तालिम, संविधानमा महिलाका लागि विशेष व्यवस्था रहेका प्रावधानको संवैधानिक व्यवस्थालाई व्यवहारिकरूपमा लागु गर्न सरकारको ध्यानाकर्षण गराइनेलगायत बुँदा उल्लेख छन्।

औद्योगिक नीति, २०६७ ले महिला उद्यमीका लागि विशेष सहुलियत व्यवस्था गरेको छ भने औद्योगिक व्यवसाय ऐन, २०७३ मा महिलाका लागि सुविधा उल्लेख छ।

अन्तर्क्रियामा उद्यमशीलतामा लागेपछि महिलाले अपनाउनुपर्ने होसियारी, बजारीकरण, जनसम्पर्क र कच्चापदार्थका विषयमा पनि जानकारी गराइएको थियो। कार्यक्रमले महिलालाई आत्मनिर्भर बनाउन प्रेरित गरी अर्थतन्त्रमा महिला सहभागिता बढाउन सहयोग गरेको आयोजकको दाबी छ।

महिला उद्यमीलाई नयाँ सोच र जाँगरसाथ काम गर्ने हौसला र नयाँ व्यवसायका लागि पूर्वाधार खोजिरहेका उद्यमीलाई भेला सहयोगी बनेको सहभागीले बताए। भेलामा कार्यजीवन सन्तुलन, सेवा, वित्तीय सुविधालगायत व्यापार कसरी सुरु गर्ने भन्ने विषयमा पनि छलफल भएको थियो। हाल नेपालका सानाठूला गरी करिब २ लाख उद्योग महिलाले सञ्चालन गरिरहेको आयोजक मकवानपुर उद्योग वाणिज्य संघ अध्यक्ष राजकुमार न्यौपानेले बताउनुभयो।

# 'सूचना प्रविधिको प्रयोगमा सुरक्षा आवश्यक'

काठमाडौं , (नेस)

सूचना प्रविधिको प्रयोग आमनागरिकको दैनिकी बनिसकेकाले यसको बढ्दो प्रयोगसँगै सुरक्षाका विषयमा जानकारी राख्नुपर्ने आवश्यकता रहेको जानकारहरूले बताएका छन्। राजधानीमा आयोजित एक अन्तर्क्रियामा बोल्दै सरोकारवालाहरूले दैनिक जीवनलाई सहज बनाउने प्रविधिको प्रयोगसँगै सुरक्षाप्रति पनि सचेतता अपनाउनुपर्ने बताएका हुन्। अन्तर्क्रियामा बोल्दै पूर्वमन्त्री गगन थापाले बढ्दो प्रयोगसँगै सूचना प्रविधि विषयमा जानकारी राख्न तथा सुरक्षा अपनाउन आज जरुरी भएसकेको बताउनुभयो। उहाँ भन्नुभयो-'प्रविधिका विषयमा म विज्ञ त हैन तर सूचना प्रविधिको प्रयोग आमनागरिकको दैनिकी बनिसकेको मलाई अनुभूत हुन्छ। अनलाइलन कारोबारदेखि जीवनका हरेक गतिविधिमा सूचना प्रविधिको प्रयोग बढ्दो छ।'

आफू स्वास्थ्यमन्त्री हुँदा सूचना प्रविधिको सहयोगबाट नै सेवाग्राहीलाई स्वास्थ्य उपचार सेवासम्बन्धी सूचना प्रदान गर्न अधिकतम् प्रयास गरिएको तर कर्मचारीबीचको आन्तरिक विवादका कारण सूचना प्रविधिको प्रयोगमा अपेक्षाकृत सफलता नमिलेको उहाँले जानकारी दिनुभयो। कार्यक्रममा सहभागी अन्य वक्ताले पछिल्ला दिनमा साइबर अपराधका घटना बढ्दो क्रममा रहेको बताए। सूचना प्रविधिमा विकसित पछिल्ला संस्करणको प्रयोगसँगै सुरक्षाप्रति पनि सचेतता अपनाउनुपर्ने उनीहरूको जोड थियो। राज्यको साइबर सुरक्षा नीति र व्यवस्थापन पक्ष नै फितलो भएकाले साइबर अपराधका घटना बढेको उनीहरूले बताए।

साइबर अपराधविरूद्धको अभियानमा राज्यको नीति र लगानीको खाँचोको आवश्यकता उनीहरूले औंल्याएका थिए। सूचना/प्रविधि प्रयोगको सबैभन्दा उत्तम प्रयोग र उपयोग गरेर मात्रै यसको जोखिम न्यूनीकरण गर्न सकिने भनाइ उनीहरूको थियो। साइबर सेक्युरिटीका विविध विषयमा काम गर्दै आएको अमेरिकन कम्पनी जेन ३७ र रोलिङ प्लानले संयुक्त रूपमा 'साइबर सेक्युरिटिज थ्रेट्स एन्ड काउन्टर मेजर्स' विषयमा अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरेको थियो।

कार्यक्रममा सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरूङले विद्युतीय कारोबार ऐन बनेपछि विद्युतीय कारोबारबाट हुने केही अपराधका घटनामा नियन्त्रण भन्दै साइबर सुरक्षासम्बन्धी ऐन बनेपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ह्याकरलाई कानुनको दायरामा ल्याउनका साथै स्वयम् प्रयोगकर्ताले सुरक्षात्मक उपाय अपनाउन सक्ने बताउनुभयो। सूचना प्रविधि प्रयोगमा अन्य मुलुकहरूको तुलनामा नेपाल अगाडि भए पनि सुरक्षाका दृष्टिकोणले कमजोर रहेको उहाँको भनाइ थियो। उहाँले साइबर सुरक्षामा नेपाल कमजोर रहेकोले साइबर सुरक्षा ऐनसम्बन्धी मस्यौदा निर्माणको तयारी भइरहेको जानकारी दिनुभयो। त्यस्तै नेपाल राष्ट्र बैंकका उपनिर्देशक प्रल्हाद गिरीले सूचना तथा प्रविधिको प्रयोगसँगै सुरक्षा चुनौति पनि थपिँदै गएकाले यसबाट बच्ने सुरक्षात्मक उपाय र अपराधीलाई कानुनी दायरामा ल्याउने विषयमा छलफल हुन जरूरी रहेको बताउनुभएको थियो। कार्यक्रममा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रहरी उपरीक्षक नवीन अर्यालगायतले आफ्नो धारणा राख्नुभएको थियो।




सन् २०२० सम्म २० लाख पर्यटक ल्याउने गरी सरकार र पर्यटन व्यवसायीले संयुक्त रूपमा भिजन २०२० को घोषण गरे पनि अब लक्ष्य हासिल हुन नसक्ने गरी पछि परेकाले सरकारले पर्यटन रणनीतिक योजना सन् २०१६-२०२५ को नयाँ कार्ययोजना अघि सारेकाले यसमा एक जुट भएर लाग्न अनुरोध गर्नुभयो।

# ल्यान्डलाइन फोन नयाँ प्रविधिमा रूपान्तरित

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल टेलिकमले हाल सञ्चालनमा रहेका पुराना प्रविधिका पीएसटीएन तथा ल्यान्डलाइन टेलिफोन सेवामा गुणस्तर अभिवृद्धि हुने गरी नयाँ प्रविधिमा रूपान्तरण गर्न थालेको छ।

ललितपुरको ग्वार्कोस्थित टेलिफोन एक्सचेन्जमा नयाँ प्रविधिको पीएसटीएन टेलिफोन लाइनबाट कुरा गरी नेपाल टेलिकमका सञ्चालक समितिका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले रूपान्तरणको कार्यको आरम्भ गर्नुभयो। उहाँले पुरानो टीडीएम प्रविधिको स्वीचिङ उपकरणलाई नयाँ प्रविधिको आईपीमा आधारित उपकरणबाट प्रतिस्थापन गर्दै स्तरोन्नति गर्ने कार्यको शुभारम्भ गर्नुभएको हो।



त्यसपछि ग्वार्को एक्सचेन्जका सम्पूर्ण ४ हजार २ सय ४६ लाइन टेलिफोन सफलतापूर्वक प्रतिस्थापन गर्ने कार्य सम्पन्न भएको टेलिकमले जनाएको छ। आगामी दुई महिनाभित्रमा मुलुकका १ लाख ३४ हजार पीएसटीएन टेलिफोन लाइनका उपकरणहरूलाई आईपीमा आधारित उपकरणले प्रतिस्थापन गर्ने योजना रहेको टेलिकमकले बताएको छ।

त्यस्तै आगामी आर्थिक वर्षभित्रमा कुल ४ लाख ल्यान्डलाइन सेवालाई यस प्रविधिले प्रतिस्थापन गरिसक्ने टेलिकमको योजना छ। त्यसपछि बाँकी ल्यान्डलाइन सेवालाई पनि क्रमशः आईपीमा आधारित प्रविधिमा रूपान्तरण गर्दै लगिने टेलिकमको विज्ञप्तिमा उल्लेख छ।

टेलिकमका अनुसार आईपीमा आधारित उपकरणबाट प्रतिस्थापन गरेपछि ल्यान्डलाइन प्रविधिको भ्वाइस तथा डाटा सेवाको गुणस्तरमा उल्लेखनीय सुधार हुनेछ। यस प्रविधिअन्तर्गतका एक्सचेन्जबाट ग्राहकको मागअनुरूप एडीएसएल लाइन उपलब्ध गराउनसमेत सम्भव हुने बताइएको छ।

यसबाट भविष्यमा ल्यान्डलाइन सेवामा आधारित आईपी टिभी, भिडियो अन डिमान्डजस्ता सेवा समेत प्रदान गर्न यसले मद्दत पुग्ने बताइएको छ।

ल्यान्ड लाइन सेवाको स्तरोन्नती कार्यको आरम्भ गर्दै कम्पनीका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङले प्रविधिमा भएको परिवर्तनलाई आत्मसाथ गर्दै गुणस्तरीय सेवा सुविधा दिएर आक्रामक बजार रणनीति बनाउन टेलिकमलाई निर्देशन दिनुभयो।

टेलिकमकी प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले २५ वर्षअघि स्थापित डिजिटल प्रविधिका उपकरणलाई विकासक्रम अनुरूप आधुनिक आईपीमा आधारित प्रविधिमा रूपान्तरण गरी माग अनुरूपको भ्यालु एडेड सेवासमेत वितरण गर्न सकिनेगरी स्तरोन्नति थालिएको बताउनुभयो।

# पर्यटन क्षेत्रमा २ सय ५० अर्ब लगानी

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले पर्यटनविना मुलुकमा आर्थिक विकासका योजना कल्पना गर्नै नसक्ने बताउँदै सरकारले पूर्वाधार विस्तारमा जोड दिएको बताउनुभयो। होटल संघ नेपाल (हान) को अर्धवार्षिक साधारणसभालाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो।


उहाँले पर्यटनको संख्यालाई बढाउन सरकारले पूर्ण रूपमा लागिपरेको बताउउनुभयो। नेपालको पर्यटन क्षेत्रमा हाल २ सय ५० अर्बको लगानी रहेको छ तथा ३३ अर्ब लगानी थपिने क्रममा रहेको त्यस क्रमा जानकारी दिइयो। सन् २०२० सम्म ४ हजार कोठा थपिँदै छन् जसमा २ हजार कोठा काठमाडौं थपिने तथा एक जना पर्यटक आउँदा प्रत्यक्ष रूपमा १२ जनालाई रोजगार प्राप्त हुने बताइएको छ। सरकारले आगामी ३ वर्षमा ८३ अर्ब रुपियाँ लागानी गर्न लक्ष्य राखेको छ भने ८ अर्ब सरकारले र बाँकी निजी क्षेत्रले लगानी गर्न अपेक्षा राखिएको उहाँको भनाइ थियो।

मुख्यसचिव डा. सोमलाल सुवेदीले स्थानीय सरकार अब उद्यमशील सरकार बन्ने भएकाले आर्थिक विकासमा लाग्न जरुरी रहेको बताउनुभएको छ। उहाँले विगतमा पनि सार्वजनिक-निजी साझेदारी अवधारणबाट धेरै कार्यक्रम सफल रहेको बताउँदै सोही मोडलको नीति संसद्मा छ त्यो नीति परिमार्जन गरेर नयाँ पर्यटकीय गन्तव्य पहिचान गरेर अगाडि बढ्न सके नेपालको पर्यटन क्षेत्रको भविश्य राम्रो रहेको बताउनुभयो।

उक्त अवसरमा काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले आफूहरू सफा र सुन्दर काठमाडौं निर्माणका लागि खटिरहेको र सबै सरोकारवालासँग सहकार्य गर्न तयार रहेको बताउनुभयो । 'हामीसँग काम गर्ने जोस र जाँगर भए पनि कानुनी तथा अन्य अड्चनले काम गर्न सकिएको छैन,' शाक्यको भनाइ थियो।

उहाँले भन्नुभयो-'निराश हुनुपर्ने स्थिति छैन, हामी काठमाडौंलाई विश्वकै आकर्षक पर्यटकीय शहर बनाउँछौं, काठमाडौंलाई नो-माक्स सिटी र बस्न लायक शहर बनाउने योजना छ।'

कार्यक्रममा संघका अध्यक्ष अमरमान शाक्यले प्रत्यक्षरूपमा होटल उद्योगले ५ लाखभन्दा बढीले रोजगारी पाएको बताउनुभयो। सरकारले सन् २०१८ लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउने घोषण गरेको भए पनि सरकार परिवर्तनपश्चात् योजना फाइलमा मात्र सीमित रहेको हुँदा यसतर्फ सरकारको ध्यानकार्षण गराउनुभयो।







## हकदावीको सूचना

सिन्धुली जिल्ला, झाँगाझोली रातमाता गा.वि.स., वडा नं. ६ मा बस्ने श्री गडुल ध्वज कोइरालाको नातिनी, श्री शंकर राज कोइरालाको छोरी श्रीमती पार्वति देवी कोइरालाको मिति २०६५/०६/०१ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ००१०५०६००१८३३५ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको पति श्री कमल बहादुर अधिकारीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)

प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौं
फोन न.: ४२४२५३०, ४२२८२२९
फ्याक्स:- ४२२६३४९, ४२२८९२७

# बजाजको दुई नयाँ शोरुम

**नेपाल समाचारपत्र**

काठमाडौं

बजाज, पल्सर मोटरसाइकलको नेपालका लागि अधिकृत बितरक हंशराज हुलासचन्द एन्ड कम्पनीले चितवनको टाँडी र बाराको निजगढमा पूर्ण सुविधासहितको बजाजको शोरुम सञ्चालनमा ल्याएको छ।

कम्पनीले सेवालाई विस्तार गर्दै निशास मोटर्सको नाममा बकुल्लर-८, टाँडीमा र नित्यम ट्रेडर्सको नामबाट निजगढमा शोरुम सञ्चालनमा ल्याएको जनाएको छ।

नयाँ शोरुमबाट ग्राहकलाई बाइकको स्पेयर पार्टस् तथा एसेसरिज खरिद गर्न सक्ने कम्पनीले जनाएको छ। यसले कम्पनीको बिक्रीलाई थप सशक्त बनाउन सहयोग पुग्ने कम्पनीका डेपुटी महाप्रबन्धक योगेन गुरुङले बताउनुभयो। गुरुङले बढ्दो मागका कारण टाँडी र निजगढमा नयाँ शोरुम स्थापना गर्न उत्साहित बनाएको दाबी गर्नुभयो।

देशभरी रहेका ग्राहकका लागि उच्च गुणस्तरको सेवा प्रदान गर्न आफूहरू प्रतिबद्ध रहेको उहाँको भनाइ थियो। नयाँ शोरुमको शुभारम्भसँगै, शोरुमले ग्राहकका लागि आकर्षक पुरस्कार पनि प्रदान गरेको छ।

Call 4-261179, (98511) 08620, (98510) 35406, (9841) 764976 to Advertise on the Collector's Issue of The Largest Selling Entertainment Magazine

LIMITED SPACE AVAILABLE




Ad Deadline: Shrawan 10, 2074
(July 25, Tuesday)

Entertaining Nepalese Since 1984




# मध्यमाञ्चललाई राष्ट्रपति रनिङ शिल्ड

**नेपाल समाचारपत्र**

काठमाडौं

डिफेन्डिङ च्याम्पियन मध्यमाञ्चलले ९औं राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय खेलकुदको उपाधि शनिबार जितेको छ।

मध्यमाञ्चलले समावेश ८ खेलमध्ये एथ्लेटिक्समा १ सय ६७, कबड्डीमा ५६ र भलिबलमा ७० गरी जम्मा २ सय ९३ अंक जोड्दै टिम च्याम्पियनको उपाधि रक्षा गरेको हो। कराते, उसु, तेक्वान्दो, क्रिकेट र फुटबलको अंक भने टिम च्याम्पियनमा गणना गरिँदैन।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) द्वारा आयोजित प्रतियोगितामा पश्चिमाञ्चल २ सय ६४ अंकसाथ दोस्रो भयो। पश्चिमाञ्चलले एथ्लेटिक्समा १ सय ३८, कबड्डीमा ५६ र भलिबलमा ७० अंक जोडेको थियो। तेस्रो स्थानमा रहेको मध्यपश्चिमाञ्चलले एथ्लेटिक्समा १ सय ७३, कबड्डीमा १४ र भलिबलमा २८ गरी कुल २ सय १५ अंक बटुल्यो। शीर्ष तीन स्थान हात पार्ने टिमले क्रमशः २५ हजार, २० हजार र १५ हजार नगद पुरस्कार प्राप्त गरे।

**प्रकाशको कीर्तिमान**

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको छात्र ४ सय मिटर दौडमा पूर्वाञ्चलका प्रकाश दनुवारले विद्यालयस्तरको नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन्। निर्धारित दूरी ५० दशमलव २० सेकेन्डमा पूरा गर्दै उनले २०५८ सालमा भएको वीरेन्द्र रनिङ शिल्डमा कृष्ण महतोले बनाएको ५२ दशमलव ०८ सेकेण्डको कीर्तिमान तोडेका हुन्। २०६५ सालअघि राष्ट्रपति रनिङ शिल्ड वीरेन्द्र रनिङ सिल्डको नाममा सञ्चालन हुँदै आएको थियो। मध्यमाञ्चलका भुवन महतो दोस्रो र पश्चिमाञ्चलका सन्दीप चौधरी तेस्रो भए।

सोही स्पर्धाको छात्रामा सुदूरपश्चिमाञ्चलकी अनीता भुल पहिलो भइन्। अनीताले १ मिनेट ०७ दशमलव २५ सेकेण्डमा दौड पूरा गरिन्। पश्चिमाञ्चलकी कल्पना श्रेष्ठ दोस्रो र मध्यमाञ्चलकी काजल विष्ट तेस्रो बने।

छात्रा त्रिपलतर्फ मध्यमाञ्चलका भुवन महतो १३ दशमलव २३ मिटर उफ्रँदै शीर्ष स्थानमा रहे। मध्यपश्चिमाञ्चलका सुशील केसी दोस्रो तथा सुदूरपश्चिमाञ्चलका नीरकुमार रानाले तस्रो स्थान हात पारे। त्यसै स्पर्धाको छात्रामा पश्चिमाञ्चलकी विपना परियारले स्वर्ण जितिन्। विपनाले १०.५६ मिटर जम्प गरिन्। सुदूरपश्चिमाञ्चलकी देविका पालले रजत तथा मध्यपश्चिमाञ्चलकी पूजा चौधरीले कांस्य जिते।

छात्रा २ सय मिटर दौडमा मध्यपश्चिमाञ्चलकी जयरानी थारू पहिलो भइन्। सबै प्रतिद्वन्द्वीलाई उछिन्ने क्रममा जयरानीले २७.४४ सेकेण्ड समय निलिन्। १ सय मिटर दौडमा पहिलो भएकी मध्यमाञ्चलकी लुज:ला अमात्यले दोस्रो स्थानमा चित्त बुझाइन् भने पूर्वाञ्चलकी नेहा चौधरी तेस्रोमा सीमित भइन्।

**भलिबल**

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा भएको भलिबलतर्फ छात्रमा पश्चिमाञ्चल र छात्रामा मध्यमाञ्चल च्याम्पियन बनेका छन्। राउन्ड रोविन लिगका आधारमा भएको प्रतिस्पर्धामा पश्चिमाञ्चलले अपराजित रहँदै १२ अंक जोड्यो। ८ अंकसाथ मध्यमाञ्चल दोस्रो तथा ५ अंकसाथ मध्यपश्चिमाञ्चल तेस्रो बने।

छात्रामा च्याम्पियन बनेको मध्यमाञ्चलले पनि १२ अंक बटुल्यो। मध्यमाञ्चलले पनि कुनै खेल गुमाएन। ९ अंक जोडेको पूर्वाञ्चल दोस्रो भयो। ५ अंकसाथ मध्यपश्चिमाञ्चलले तेस्रो स्थान चित्त बुझायो।

**फुटबल**

फुटबलको छात्रमा मध्यपश्चिमाञ्चल र छात्रामा मध्यमाञ्चलले उपाधि जिते। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको छात्र फाइनलमा मध्यपश्चिमाञ्चलले मध्यमाञ्चललाई २-० गोलअन्तरले पराजित गऱ्यो। छात्राको उपाधि भिडन्तमा मध्यमाञ्चलले पश्चिमाञ्चललाई ४-१ गोलअन्तरले हरायो।

**कबड्डी**

कीर्तिपुरमा भएको कबड्डीको राउन्ड रोविन लिगमा पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलले शतप्रतिशत जित निकालेर क्रमशः छात्र र छात्रामा च्याम्पियन बने। दुवैले समान १२-१२ अंक जोडे।

**क्रिकेट**


कीर्तिपुर क्रिकेट मैदानमा भएको छात्र क्रिकेटमा पश्चिमाञ्चलले पूर्वाञ्चललाई ८ विकेटले पराजित गरेर च्याम्पियन बन्यो। लिग कम नकआउट आधारमा भएको क्रिकेटमा छात्र टोलीले मात्र प्रतिस्पर्धा गरेको थियो।

**कीर्तिमानधारी पुरस्कृत**

समापनका अवसरमा गत ८औं संस्करणका कीर्तिमानधारीलाई नगदद्वारा पुरस्कृत गरियो। मध्यमाञ्चलका अजितकुमार यादवले छात्र १ हजार ५ सय र ३ हजार मिटर दौड, मध्यपश्चिमाञ्चलकी मन्जु रावतले छात्रा १ हजार ५ सय मिटर दौड, मध्यपश्चिमाञ्चलकै तिलक विकले छात्र सटपुट तथा पश्चिमाञ्चलकी विपना परियारले छात्र ट्रिपलजम्प र लङजम्पमा कीर्तिमान बनाएका थिए। दुई कीर्तिमानका लागि १० हजारका दरले अजित र विपनाले २० हजार रुपियाँ प्राप्त गर्दा बाँकीले जनही १० हजार नगद पाए।

# विमला र भीमलाई स्वर्ण

काठमाडौं, (नेस)। तेस्रो दोर्जे खत्री मेमोरियल बोल्डरिङ प्रतियोगिताको विमला सुनुवार र भीमबहादुर तामाङले शनिबार स्वर्ण जितेका छन्। विमला महिला र भीम पुरुषतर्फ च्याम्पियन बने। बालाजुस्थित दागम्बु क्लाइबिङ सेन्टरमा भएको प्रतियोगिताको महिलामा सुस्मिता बराल दोस्रो र पेम्बा कान्डी शेर्पा तेस्रो भए। पुरुषमा टिटिन वर्टिन राईले रजत तथा विजय सुनुवारले कांस्य जिते। दुवै स्पर्धामा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ६ हजार, ४ हजार र २ हजार नगद पुरस्कारसहित पदक र प्रमाण पत्र हात पारे।




## धरहरा

### हाउभाउ




प्रधानमन्त्री शेबदेलाई बाढीपीडित क्षेत्रमा जान कसले सुझाए राम्रै सुझाए। तर, उहाँको हाउभाउ कटाक्ष भने चार पटक प्रधानमन्त्री भएको मान्छेको हो भनेर कसैले पनि विश्वास गर्ने खालको देखिएन। उहाँले पनि अझै नजान्नु र प्रधानमन्त्रीका निकट हुँ भन्नेले पनि ख्याल नगर्नुले देउवालाई आफ्नैले



अप्ठेरो पार्ने भए भन्ने संकेत यो धरहराले पाएको छ।

पीडितहरुको दुःख, दर्द बुझ्न गएका प्रधानमन्त्री ठाँटका साथ माला लगाएर हिँड्ने कि नहिँड्ने ? उहाँ आफ्नै स्वागत कार्यक्रममा जानुभएको हो कि पीडितलाई सहयोग गर्न जानुभएको हो ? हैट, यति सम्म त ख्याल गर्नु नि होउ। कस्तो नजानेको होला ? हेर्नुस् त, पाठकवृन्द तस्वीरमा शुक्रबार सप्तरीमा देखिएको प्रमको हाउभाउ। हुन त कतिलाई चाकडी गर्न पाए धेरै काम पट्याउने थिएँ भन्ने लागेको पनि होला। तर, प्रधानमन्त्रीलाई चाहिँ यसरी डुबाउन नहुने। भीर खोज्ने गाईलाई रामरामबाहेक अरू भन्न नसकिने रहेछ। होइन त पाठकवृन्द ?




# डिगमसिंहलाई स्वर्ण

काठमाडौं, (नेस)

डिगमसिंह चेम्जोङले चौथो राष्ट्रिय पारा टेबलटेनिस प्रतियोगिताको पुरुष हवीलचेयरतर्फ शनिबार स्वर्ण जितेका छन्। जोरपाटीमा भएको फाइनलमा डिगमले लक्ष्मण राना मगरलाई ९-११, ११-१३, ११-७, ११-५ र ११-३ को सेटमा पराजित गरे। राष्ट्रिय खेलकुद परिषद् र नेपाल पारा ओलम्पिक कमिटीको सहयोगमा राष्ट्रिय शारीरिक अपांग टेबलटेनिस संघद्वारा आयोजित प्रतियोगिताको पुरुष खुला सिंगल्समा विवेक राई पहिलो भए। उनले मनोज थापालाई ११-६, ११-५ र ११-६ को सोझो सेटमा हराए। महिला खुला सिंगल्स फाइनलमा निरुता मगरले आशा हमाललाई ८-११, ११-५, ११-५, ९-११ र ११-७ को सेटमा पाखा लगाउँदै स्वर्ण हात पारिन्। तीनै स्पर्धाका विजेताले ३ हजार र उपविजेताले २ हजार नगद पुरस्कार हात पारे। एकदिने प्रतियोगितामा ६५ खेलाडी सहभागी थिए।

# पुष्पलाल स्मृति ब्याडमिन्टन शुरू

काठमाडौं, (नेस)

राष्ट्रिय खेलकुद महासंघ अन्तर्गतको राष्ट्रिय ब्याडमिन्टन संघ नेपालको आयोजनमा 'योनेक्स सनराइज छैटौं पुष्पलाल स्मृति राष्ट्रिय खुला ब्याडमिन्टन प्रतियोगिता २०१७' शनिबार ललितपुरमा शुरु भएको छ। प्रतियोगिताको पुरुष एकलमा साविक विजेता त्रिभुवन आर्मी क्लबका रत्नजित तामाङले पुरुष एकलतर्फ विजयी शुरुआत गरेका छन्। उनले पहिलो खेलमा सुर्खेतका निरज चौधरीलाई सोझो सेटमा हराएर अन्तिम १६ मा पुगे विजयी शुरुआत गर्ने क्रममा नेपाल प्रहरीका विष्णु कटुवालले जेष्ठ ब्याडमिन्टन एकेडेमीका अखिल श्रेष्ठलाई हराए। सोही स्पर्धामा नेपालगंजका सरोज अन्सारीले ललितपुरका दीपेश शाक्यलाई तीन सेटमा पराजित गरे। यस्तै नेपाली सेनाका जुनियर खेलाडी पविन लिन्थेपले छैटौं च्याक्रिका पुलिसका दीपक बोहरालाई पनि तीन सेटमा हराए। पविन इन्डोनेसियामा आयोजना हुने एसियन जुनियर च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न त्यसतर्फ जाने तरखरमा रहेका छन्। यो प्रतियोगिता उनका लागि परीक्षणको रूपमा समेत रहेको छ। एपीएफका इन्द्र महता पिस फिटनेस सेन्टरका जीवन आचार्यसँग पराजित भए।


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**आर्थिक वर्ष २०७३/०७४ को आयकरको तेश्रो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९५ को उपदफा ४ बमोजिम आर्थिक बर्ष २०७३/०७४ को कारोवारको संशोधित अनुमानित करको विवरण पेश गर्नुपर्ने भए सो विवरण र आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) बमोजिम दाखिला गर्नु पर्ने अनुमानित करको तेश्रो किस्ता वापतको शत प्रतिशत रकममध्ये तिर्न बांकी कर रकम यही २०७४ आषाढ मसान्तभित्रै ठूला करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं।

**गौंरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर।**

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

**आर्थिक वर्ष २०७३/०७४ को लागि कारोवारमा आधारित करको अनुमानित विवरण तथा सो मा लाग्ने आयकरको दोश्रो (अन्तिम) किस्ता रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

आर्थिक बर्ष २०७३/०७४ मा आयकर ऐन, २०५८ (सं.स.) को दफा ९४ को उपदफा (१क) बमोजिम कारोबारको आधारमा आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम आर्थिक बर्ष २०७३/०७४ को कारोवारको अनुमानित करको विवरण र आयकरको दोश्रो (अन्तिम) किस्ता वापतको २०७४ आषाढ २० गतेसम्म भएको कारोवारको आधारमा ऐनको अनुसूची १ को दफा १ को उपदफा (१७) बमोजिम तोकिएको दरले हुन आउने रकम यही २०७४ आषाढ मसान्त भित्रै सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा व्याजबाट बचौं।

**गौंरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर।**


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ